प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय स्तरको 'क' वर्गमा वर्गीकृत
Agnichakra National Monthly

# अग्निचक्र



www.agnichakranews.com राष्ट्रिय मासिक ISSN: 2362-1109



## नेपाल राष्ट्र बैंक लघुवित्त फ्रेन्ड्ली छ

– चिन्तामणि सिवाकोटी, डेपुटी गभर्नर



## हेपाटाइटिस सी र यसको उपचार

डा. सुधांशु के.सी.

## असल र सफल मान्छे बन्नका लागि जागृति नै पहिलो सर्त हो



डा. रामप्रसाद ज्ञवाली

७२ औं यात्रा

दुषित खाना र पानीले सर्ने रोग NCC बारे – प्रा.डा. रविन्द्रभक्त श्रेष्ठ

आर्थिक विकासका लागि कमरेडलाई अनुरोध : राजनीतिक स्थिरता र सुशासन

वर्ष ८, अङ्क २, पूर्णाङ्क ७२

By the Grace of God
Edited & Published by L.N. Bhattarai

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौं, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौं
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN: 2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
सोम धिताल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस,कामनपा-३१

# बाह्र वर्षमा खोलो फर्कन के बेर !!

*अग्निचक्रले केही महिनादेखि शिक्षित व्यक्तित्वहरूलाई एउटा जिज्ञासा राख्दै आएको छ : के तपाईलाई संघीयता-गणतन्त्र-धर्मनिरपेक्षता मन पर्छ ? सबैजसोको जवाफ एउटै आयो मन पर्दैन, मन परेको छैन र यो धेरैदिन टिक्दैन । किन ? भन्ने प्रश्नमा सबैको जवाफ उस्तै प्रकारको आयो : ०६२/०६३ को आन्दोलनले राजतन्त्र फ्याक्ने, गणतन्त्र ल्याउने माग गरेकै थिएन, मात्र निरंकुश राजतन्त्रको ठाउँमा संसद पावरफूल भएको संवैधानिक राज-संस्थाको परिकल्पना थियो तर नेपाली जनताको इच्छा विपरित बाह्यशक्तिको आड भरोसामा केही नेताको व्यक्तिगत स्वार्थ र राष्ट्रपति बन्न पाउँने लोभमा गणतन्त्र लादिएको हो ।*



*गणतन्त्र आएपछि मुलुकले के पायो त ? उत्तर भरपर्दो छैन । कृषिको व्यावसायीकरण हुन सकेन । भएका उद्योगधन्दाहरू एकपछि अर्को बन्द हुदै गए । समयानुकुल उद्योगधन्दाको प्रवद्धन हुनुको सट्टा खस्कदै जाने अवस्था भयो । लोडसेडिङ्ग दिनप्रतिदिन थपिदै गयो - उर्जा संकट झनै संकट भो । पर्यटन प्रबर्द्धन गर्नुको सट्टा बन्द, हडतालले प्रश्रय पायो । मुलुक झनै आयातमुखी भयो । युवा शक्ति विदेश पलायन हुन बाध्य हुदै गाउ घर नै युवा विहीन अवस्थामा पुग्यो । लास उठाउने, मलामी जाने युवा पाइन छाडे ।*

*आर्थिक रूपमा सच्चा देशभक्त नेतृत्वको अभावमा मुलुक पिल्सीएर बसिरह्यो । शक्तिशाली मुलुकका सामु सहयोग मागेर बस्नु पर्ने अवस्था नेपालले व्यहोर्नु पर्‍यो । निरिह बन्दै, हात फैलाउँदै, आफ्नो सोच-लक्ष गुमाउदै स्वाभिमान हराएको मुलुक यस्ता उपमा नेपालले पाउन थाल्यो । आफ्नो जनशक्ति, प्राकृतिक स्रोत र पर्यटन पूर्वाधारलाई चिन्न नसकेर पढेलेखेका युवा, डाक्टर, इन्जिनियर, प्राविधिकहरू उचित अवसर नपाएर निरास हुदै विदेशिन बाध्य भए र त्यहाँ १८ घण्टा सम्म काममा घोटिएका घोटिएकै छन्, यो दुर्दशा गणतन्त्रले गर्दा नै भएको हो ।*


*जनयुद्ध हाकेर आएका नेताहरू आफै अर्बपति बन्न पुगे, काठमाडौंमा आलिसान महल ठ्डयाए, जनता रोइरहेका छन्, भुकम्प र बाढीपिडितहरू झुटो आश्वासन सुनेर दिक्क भएका छन् । ०६२ मंसीरमा भारतको सहयोगमा बाह्रबुँदे सहमतिद्वारा नेपालमा आन्दोलन मच्चाई ०७२ असोजमा संविधान जारी गर्दै गर्दा देखि बिग्रिएको भारतसँगको सम्बन्धले नाकाबन्दीको सास्ती नराम्रोसँग खेप्यो । नरेन्द्र मोदी कट्टर हिन्दुवादी भएको र नेपालमा आफ्नो प्रभुत्व जमाउन नयाँ नयाँ चलखेल गर्न सिपालु भारतीय नेताहरूले ९० प्रतिशतको हाराहारीमा रहेका नेपाली हिन्दुहरूको मन जित्न हिन्दु राज्य सहितको राजसंस्था ब्युताई दिन मद्दत गर्न खोजिरहेका छन् र नेपालसँग बिग्रिएको सम्बन्ध सुधार पार्न खोज्दै छन् ।*

*नेपालमा चीनको बढ्दो गतिविधि देखेर त्रसित भएको भारतले नेपालमा गणतन्त्र, संघीयता र धर्म निरपेक्षता फाप्दैन भन्ने निर्णय गरेर ०७३ मंसीरमा १२ वर्ष पुग्ने बाह्रबुदेको आसपासमा नै राजसंस्थाको पुनः स्थापना (संसद पुनस्थापना जस्तै) गराउने माहोल सिर्जना गरिरहेको कुरा चलखेलबाट प्रस्ट हुदैछ । हेरौं, बाह्र वर्षमा खोलो फर्कन के बेर ! भारतको चाकडी गर्ने नेपाली नेताहरूको हालीमुहाली देख्दा यहाँ असम्भव के नै छ र ! जय गोरख !! ००*




# ॐ सत्‌गुरू वन्दना

**गोरक्ष् वालम्  गुरुशिष्य   पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जिताजन्म जालम् ।**
**वन्दे जटालम्  जगदाव   जालम् ॥**




## प्रेमसागर र कुटनीति

अग्निचक्र राष्ट्रिय मासिकले २०७३ साउन अंकमा नेपाल-चीन पारस्परिक सहयोग समाजका अध्यक्ष प्रेम सागर पौडेल ज्यूको अन्तर्वार्ता प्रकाशित गरेकोमा अग्निचक्रलाई धन्यवाद । नेपाल-चीन बीचको ऐतिहासिक मैत्री तथा दौत्य सम्बन्धलाई जनस्तरबाट अझ प्रगाढ, सुमधुर र प्रभावकारी बनाउँन सक्रिय भूमिका निर्वाह गर्दै आउनु भएका प्रेम सागर पौडेलले अन्तर्वार्तामार्फत बोल्नु भएका सबैजसो कुराहरू सत्य नै हुन् भन्ने लाग्यो । नेपालको प्राकृतिक स्रोत साधन, वनस्पति, खनिज र जडिबुटीमा नियन्त्रण जमाउँन भारतले दुष्प्रयास गरिरहेको कुरा प्रष्टिदै गइरहेको देखिएको छ । भारतको त्यस्तो प्रकारको नेपाल विरोधी कदमलाई सहयोग, समर्थन र पृष्ठपोषण गर्ने हाम्रा गद्दार नेताहरू नै प्रमुख दोषी भएको कुरा पौडेल ज्यूले निर्धक्क भन्नु भएको रहेछ । अर्को घतलाग्दो कुरा नेपाली जनताले राजा वा राजसंस्था चाहिन्छ भनेको समय चीनले समर्थन गर्नेछ किनकी चीनले जहिले पनि नेपाल र नेपाली जनताको निर्णयलाई स्वागत र समर्थन गर्दै आएको छ । यी लगायत थुप्रै कुराहरूको यथेष्ठ जानकारी प्रस्तुत गरेको हुनाले कुटनीति क्षेत्रमा प्रेमसागर पौडेल निकै माथिल्लो श्रेणीमा हुनुहुन्छ भन्ने कुरो बुझियो, पौडेलजी र अग्निचक्रलाई हार्दिक धन्यवाद ।

– **श्रीकृष्णमान महर्जन,** चाक्सीबारी, काठमाडौं

## ब्राजाकीको गजल र संवाद उत्कृष्ठ

पैसाले नै माथि घुम्टो हाली दिन्छ, पैसाले नै तल प्यान्टी फाली दिन्छ यी हरफबाट शुरु




भएको गजल पैसाले नै 'मनु' लाई गाली दिन्छ । यति राम्रो मनु ब्राजाकीज्यूको गजल 'अग्निचक्र' ०७३ साउन अंकमा पढ्ने मौका पाइयो । त्यस्तै ब्राजाकीले त्यसै अंकमा लालीको प्रचार हुन्छ भने कालीको पनि हुनुपर्‍यो । अन्धकार र अज्ञान नै काल्पनिक भगवान् हो, हल्लै हल्लाको देशमा मेरो बारे पनि हल्ला चलेछ लगायतका कुराहरू अग्निचक्रमा प्रकाशित मनु ब्राजाकी ज्यूको अन्तर्वार्तामा पढ्न पाइयो । वरिष्ठ साहित्यकार ब्राजाकीको जस्तै अन्तर्वार्ता अग्निचक्रले अन्य थुप्रै स्रस्टाहरूको पालै पालो प्रकाशित गरेदेखि नयाँ-नयाँ कुराहरूको जानकारी पाइन्थ्यो भन्ने लाग्छ । प्रचारमा आउन नचाहने साहित्यकारलाई अग्निचक्रले समेटोस् भन्न चाहन्छु र महिला स्रस्टालाई पनि स्थान दिइराखियोस् ।

– **कृति शर्मा,** भैसेपाटी

## भावार्थः



प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।

## बैकिङ्ग संवाद नछुटोस्

स्वास्थ्य लेख, साहित्यकार अन्तर्वार्ता, समाचार, सिर्जना, राजनीतिक स्तम्भ, विचार-विश्लेषण, कानुनी क्षेत्र, पूर्व प्रशासकसँगको संवाद, समसामायिक जानकारी, कृति समिक्षा, अध्यात्म, हिन्दी कहानी, फिलोसफी, उपनिषद्लगायत बैकिङ्ग-संवाद, लघुवित्त बैंकर संवाद पनि अग्निचक्रमा पढ्न पाइएको छ । कुनै कुनै अंकमा बैकिङ्ग संवाद प्रकाशित भएको पाइदैन, किन ? अर्थजगत क्षेत्रका चर्चीत हस्तीहरूको संवाद निरन्तर पढ्न पाए हुन्थ्यो साथै चलचित्र, मोडलिङ र मनोरञ्जन दुनियालाई पनि समेटेदेखि पत्रिका अझ रोचक र प्रीय बन्थ्यो, सम्पादक ज्यूले यी विषयलाई ख्याल गर्ने कि !

– **नारायणसिंह पुन,** जगाती, भक्तपुर

**८ वर्षे यात्रामा हिंड्दै गरेको प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय स्तरको "क" वर्गमा वर्गीकृत**

**अग्निचक्र राष्ट्रिय मासिक**

**www.agnichakranews.com मा पनि पढ्न/हेर्न सकिन्छ ।**

COST DEDUCTION, QUALITY EDUCATION : OUR DETERMINATION

## PROGRAMME (HSEB)

- MANAGEMENT Hotel Management, Computer Science, Business Studies
- HUMANITIES Mass Communication, Sociology
- EDUCATION Co-operative Management

## BACHELOR'S DEGREE

PROGRAMME (TU)

- BBS Bachelor of Business Studies
- BSW Bachelor of Arts in Social Work
- BA Bachelor of Arts

## MASTER'S DEGREE

PROGRAMME (TU)

- MBS Master of Business Studies

प्लस टु तहमा ८२% छात्रछात्रा उत्तीर्ण गराउन सफल Private College

न्यून शुल्कमा Computer Science, Hotel Management र Mass Communication को आधुनिक Lab मा प्रयोगात्मक विधिबाट गुणस्तरीय शिक्षा प्रदान

दिवा सत्रमा अतिरिक्त कक्षाका रूपमा अङ्ग्रेजी भाषाको निःशुल्क अध्यापन

भूकम्प प्रतिरोधात्मक भवनमा पठनपाठन




The institute possessing dignified history of 16 years, high public faith and renowned for its own educational system.

www.brilliant.edu.np

## BRILLIANT MULTIPLE CAMPUS

Siphal, Chabel, Kathmandu, Nepal
P.O. Box: 10371 TEL: 4478687, 4488714, 4495736
EMAIL: corporate@brilliant.edu.np
WEBSITE: www.brilliant.edu.np

BRILLIANT MULTIPLE CAMPUS

अहिलेको आधुनिक लोकतान्त्रिक युगमा विश्वभरका धेरै मुलुकको छेउछाउमा नेपाली आधुनिक समाज सामाजिक र राजनीतिक दृष्टीले लम्किरहेको आभाष भएतापनि सधै सरकार परिवर्तन भइरहने - राजनीतिक चलखेल भइरहने र दलहरूबीचको राजनीतिक अन्तरद्वन्द्वले गर्दा विकास र आर्थिक उन्नतिलाई असर नपार्ने स्थिर योजना नहुदा नेपाल अफ्ठ्यारो अवस्थामा पर्दै गएको हो । माओवादी जनयुद्धको समाप्ती पछि आर्थिक उन्नति र विकासले फड्को मार्नु पर्नेमा झनै मुलुक अस्थिर राजनीतिको भुमरीमा पऱ्यो, दलगत स्वार्थ र भागवण्डाको राजनीतिले हैरानै बनायो । स्थायी योजना र बलियो प्रचण्डहरूले युवा जमातको दुरूपयोग गरे र आज सत्तामा पुगे । अहिलेको केटाकेटी र युवावर्गमा छाडापन प्रसस्तै देखिन्छ । यसको कारण दादागिरी गर्ने, मान्छे मार्ने, नियम-कानुन तोड्ने, बैंक लुट्ने, गाई काट्ने, जातिय दंगा भड्काउने र आफ्नो धर्म संस्कृतिको बेइज्जत गर्नेहरू नै अहिले मुलुकको सर्वोच्च पदमा पुगेको देखेर नै अहिले युवा वर्गलाई छाडापन र बेइमान बन्न मलजल पुगेको हो भन्दा अन्य अर्थ नलागोस् । जुनसुकै राजनीतिक दलका युवा भएपनि कसैलाई काखापाखा नगरी बदलिदो समयानुसार सक्षम, क्षमतावान, शिक्षित युवाहरूको जमातद्वारा विकास र आर्थिक एजेण्डाहरूमा चीर्न सक्छ कि सक्दैन त्यो केही महिनामै थाहा होला । मित्रराष्ट्र चीन र भारतले आज विश्वबजारमा विकासको उच्चतम शिखर चुम्न लागि सकेको समयमा हाम्रो मुलुक चाहि अस्थिर राजनीतिका कारण आर्थिक अवस्थामा क्रमश गिरावट आउदै विकासको न्यून विन्दुमा झर्दै गइरहेको छ ।

नेपालका लागि कस्तो प्रकारको आर्थिक मोडल उपर्युक्त हुन्छ, यस कुरामा अपनाउनु पर्ने आर्थिक अनुशासन र क्रियाकलाप सही नहुँदा र एशियाली पूर्वाधार विकास बैंकको सहुलियतपूर्ण ऋण नेपालले पूर्वाधार विकासका लागि समयमा योजना प्रस्तुत गर्न नसक्दा त्यो



## आर्थिक विकासका लागि कमरेडलाई अनुरोध

# राजनीतिक स्थिरता र सुशासन

**दुर्गाप्रसाद आचार्य**

कर्मचारीतन्त्रको भरमा विकासलाई तिब्रता दिनु पर्नेमा राज्यका सबैजसो क्षेत्र राजनीतिबाट प्रभावित पार्ने काम नेताहरूले गरे । नेपाली जनताले पछिल्लो समयमा नेताका व्यवहार देखेर मूख्य केन्द्र राजनीति नै रहेछ भन्ने कुरो ओलीलाई हटाई प्रचण्ड प्रधानमन्त्री बनेपछि राम्ररी बुझ्ने मौका पाए ।

मित्रराष्ट्र देश भारत जस्तो पाएकाले र भारतकै हातमा नेपालको हरेकजसो निर्णयको चाबी रहनुले पनि नेपालले प्रगती गर्न नसकेको कुरा स्वयं नेताहरूले नै बताउँन थाल्नुले के प्रस्ट हुन्छ भने वर्तमान प्रचण्ड सरकारको भारतप्रतिको झुकाव प्रष्टिदै गइरहेको छ । जिम्मेवारी पाएका र राजनीतिक भागवण्डाले पदीय जिम्मेवारी सम्हालिरहेकी सभामुख ओनसरी घर्तीले आफ्नो पदीय दायित्व भन्दा पनि राजनीतिक दलको कार्यकर्ताको भूमिकामा आफुलाई उभ्याई रहेको देखिन्छ । प्रचण्डको निर्देशकीय कार्यशैली र भित्री दबाबका कारण यस्तो भइरहेको हुन सक्छ । दशौँहजार जनताको रगतको खोलो बगाएर जनयुद्ध मार्फत नेपाली जनताको मुक्ति दिलाउछु भन्ने प्रचण्ड अहिले भारतको इशारामा हिडेको आरोप सत्य सावित हुदै गइरहेको छ ।

गाउँघरका सोझा-सिधा युवा-युवतीहरूलाई गरिबी र बेरोजगारीको फाइदा उठाएर आम युवाहरूलाई एक ढिक्का पारी मुलुक विकासमा अग्रसर गराउने नयाँ कार्यक्रम सरकारले ल्याउनु पर्दछ ।

भुकम्पपछिको पुनर्निर्माण कार्यक्रममा प्राधिकरणले व्यापक रूपमा युवा परिचालन गर्नु पर्ने खाँचो देखिन्छ । नेपाली युवाजमातलाई राजनीतिक दलहरूले आ-आफ्ना दलको भातृसंगठनमा आवद्ध हुनै पर्ने बाध्यता सिर्जना गराइरहन्छन्, कुनै काम पऱ्यो भने कुनै दलको कार्यकर्ता छैन भने काम नै हुदैन । युवाहरूलाई पार्टी नेतृत्वसँग हात फैलाउन बाध्य पारिन्छ त्यसमा पनि आ-आफ्नो गुटमा आबद्ध गराउने राजनीतिको संस्कार बस्दै गएको छ । काठमाण्डौं-तराई फाष्ट ट्र्याक, अपर कर्णाली र राष्ट्रिय सुरक्षामा विदेशी स्वार्थमा प्रस्तावहरू आइरहनु र माओवादी केन्द्र राष्ट्रियता, जनअधिकार र जनजीविकाको मुद्दामा मनोगत र विचलित भएको कुरा प्रचण्डको कमजोरी भित्र पर्दछ ।

प्रचण्ड नेतृत्वको सरकार अहिले बाह्य हस्तक्षेपको दलदलमा फसेको विश्लेषण उनकै सहयात्री नेताहरूले गर्न थाल्नुले विदेशी दलालले देशभित्रैबाट दलाल खडा गरेर विकासोन्मुख मुलुकहरूमा शासन सत्ता चलाउँदै आइरहेको कुरा माओवादी केन्द्रका नेता 'बादल' ले बोल्नुका पछाडी सरकार राष्ट्रघाती र जनघाती परिस्थिति सहुलियतपूर्ण ऋण प्राप्त गर्नबाट वञ्चित भई हामी असफल बन्दै गइरहेको तथ्य लुकाएर लुक्दैन । वर्तमान विश्वव्यापीकरण-गतिशील संसारमा विचार, प्रविधि र साधन स्रोतहरूको आदान प्रदानबाट पनि देशले आर्थिक समृद्धिको फड्को मार्न सक्छ ।

मिश्रित मोडल अपनाएर नेपाली माटो-हावापानी, भौगोलिक अवस्था र अपार प्राकृतिक स्रोत साधनको ख्याल गर्दै जलस्रोत कृषि र पर्यटनका क्षेत्रमा लगानी गर्न अध्ययन-अनुसन्धान गर्न लगाई राजनीतिका स्थिरता र सुशासनका लागि संविधानको कार्यान्वयन गर्दै हिमाल-पहाड र तराई मधेशलाई मिलाएर सबैको अपनत्व हुने गरीको आर्थिक विकासका लागि नेपाल र नेपालीको साझा हितका लागि चीन र भारतलाई ब्यालेन्समा राखेर राष्ट्रहितमा फाइदा लिन जान्ने हो भने प्रचण्ड हिरो बन्ने कुरामा कुनै शंका छैन, नत्र उही हो ताल-जुन जोगी आए पनि कानै चिरेको ! ओलीले गरेका कार्यको थालनीलाई प्रचण्डले पुरा गरेनन् भने आउँदो चुनाव पछि प्रचण्डको दल सीपी मैनालीको माले बराबरको हैसियतमा पुग्ने कुरालाई राम राम मात्र भन सकिएला तर काध थाप्न कसैले सक्ने छैनन् । यी कुरामा राम्ररी ध्यान देऊ - कमरेड प्रचण्ड !! ००

# दुषित खाना र पानीले सर्ने रोग न्युरोसिस्टिसर्कोसिस(NCC)



- प्रा.डा. रविन्द्रभक्त श्रेष्ठ


२२ वर्षिय रीता कलेजको क्लासमा पढ्दा पढ्दै वेहोस भइन् । मुखबाट फिंज आयो, जीब्रो आफ्नै दाँतले टोकिन पुग्यो । २ - ३ मिनेट पछि होस आयो र तत्काल हस्पिटल लगियो । NCC भएको विरामीको लक्षण प्राय यस्तै हुन्छ । विरामी अचानक वेहोस भई ढल्ने हुनाले परिवार र स्वयम् विरामीलाई यो रोग ठूलो पिडादायक हुन जान्छ । यो NCC कसरी लाग्छ त ?

**न्यूरोसिस्टिसर्कोसिस (NCC)**

टेपवर्म (Tapeworm) को अण्डाबाट हुने छारे रोगलाई NCC भन्दछन् । विकासोन्मुख देशहरू(South America/ Asia) मा हुने सबभन्दा common nerves system को रोग हो र सो देशहरूमा छारे रोगको मुख्य कारण हो ।

**यो रोग कसरी लाग्छ ?**

पोर्क टेपवर्म (चेप्टो जुका) को अण्डा, दुषित खाना अथवा दुषित पानी खानाले यो रोग लाग्छ । सुँगुरको मासु खानाले यो रोग लाग्छ भन्ने भ्रम छ तर यो पूरा सत्य होईन । तर यो रोग लाग्नमा सुँगुरको ठूलो भुमिका छ । दिइएको चित्रले यो कुरा अझ स्पष्ट हुन्छ ।




सुँगुरको मासु खानाले मान्छेको आन्द्रामा Tape worm पलाउँछ । सो Tapeworm जुकाको अण्डा दिसा बाट बाहिर फालिन्छ र सो अण्डा भएको दिसाले खाने पदार्थ लाई दुषित गरे पछि त्यस्तो दुषित खाना खानाले जुगाको अण्डा मानिसको आन्द्रामा गई लार्भामा परिणत हुन्छ । सो लार्भा आन्द्रामा भएको रगतको नसा बाट दिमागमा गई न्युरोसिस्टिसर्कोसिस NCC हुन्छ । त्यसैले सुँगुरको मासु खानाले मान्छेको आन्द्रामा मात्र Tape worm पलाउँछ तर आन्द्राको Tape worm ले NCC गराउदैन ।

**लक्षण**

NCC को मुख्य लक्षण छारे रोग भै वेहोश हुने हो तर NCC ले गर्दा Focal Seizure को लक्षण पनि हुन सक्छ अथवा पूरा वेहोस नभइकन शरिरको कुनै भाग केहि समयलाई पटक पटक स्वतः चल्न जाने अवस्था हो ।

**उपचार**

उपचार दुई भागमा बाड्न सकिन्छ ।

१. पहिलो छारे रोग नियन्त्रण गर्न ANTI EPILEPSY DRUG दिने

२. NCC को किरा, किरा निर्मूल गर्न ANTI PARACIDAL DRUG

उपचारको लागि सम्बन्धित न्युरोलोजिस्टलाई सम्पर्क गर्नुपर्छ ।

**रोकथाम**

यो दूषित खाना र पानीले सर्ने रोग हो । तसर्थ, खाना बनाउने व्यक्तिले राम्ररी हात धुने, खाना खानु अघि हात साबुनपानीले धुने, दिसा गरेपछि राम्ररी साबुनपानीले हात धुने गर्नु पर्छ ।

- ♦ सलाद् तथा अन्य काँचो फलफुल खाँदा राम्ररी पखाली खाने ।
- ♦ सुँगुरको मासु खाने हो भने राम्ररी पकाइ सकेर मात्र खाने आदि ।
- ♦ यो सरल सफा बानी बसाल्यौं भने NCC हुन बाट सजिलै जोगिन सकिन्छ । ००

**सुँगुरको मासु खानाले यो रोग लाग्छ भन्ने भ्रम छ तर यो पूरा सत्य होईन । तर यो रोग लाग्नमा सुँगुरको ठूलो भूमिका छ ।**



स्वास्थ्य - **डा. सुधांशु के.सी.,** *कलेजो रोग विशेषज्ञ, सेन्टर फर लिभर डिजिज, बबरमहल*

# हिपाटाइटिस सि र यसको नयाँ उपचार

हिपाटाइटिस सि कलेजो खराब गर्ने तीन प्रमुख कारणमध्ये एक हो । यसको समस्या विश्वभर नै छ र नेपाल अछुतो रहन सक्दैन । पत्ता लागेको छोटो समयमै यो रोगको उपचार यती राम्रो विकास भएको छ कि अब यो रोग निर्मुल गर्न सकिन्छ भन्ने तर्फ धेरैको ध्यान आकर्षित भएको पाईन्छ । सन् १९६३ मा हेपाटाइटिस बि र सन् १९७३ मा हेपाटाइटिस ए पत्ता लागि सकेको अवस्था थियो । त्यस पछीका केही बिरामीहरूमा भाईरल हेपाटाइटिसको जस्तो लक्षण देखिए तापनि रगतको जाँच गर्दा हेपाटाइटिस ए र बि नदेखिएपछी यस्ता बिरामीहरूलाई नन ए-नन बि हेपाटाइटिस भन्न सुरू गरियो । सन् १९८९ मा रगतबाट सर्ने भाइरस पत्ता लाग्यो जसलाई सि भनेर नामाकरण गरियो । पुराना रगतको नमुना पारीक्षण गर्दा नन ए-नन बि हेपाटाइटिस भनिएका अधिकांश नमुनाहरूमा हेपाटाइटिस सि नै देखियो । सन् १९९० देखी ब्लड बैंकहरूमा हेपाटाइटिस सि को जाँच नियमित रूपमा हुन थाल्यो ।

हिपाटाइटिस सि ले मुख्यतया कलेजोलाई असर गर्दछ । यो जिवाणु शरीर भित्र पसे नपसेको धेरैलाई थाहा नहुन सक्दछ किनभने शरीरको प्रतिरोधात्मक क्षमता अनुसार र अरू रोग भए नभएका अनुसार शुरूको अवस्थामा अन्य हिपाटाइटिस संक्रमणमा देखिने जण्डिस, वाक्वाक् लाग्ने, वान्ता हुने, खान मन नलाग्ने, शरीर भारी हुने नहुने पनि हुन सक्दछ । केही प्रतिशतमा भने शरीरको रोगसँग लड्ने क्षमताको कारणले गर्दा यसलाई शरीरले नै निर्मूल पारिदिन सक्दछ । यस अवस्थामा अर्को पटक हिपाटाइटिस 'सि'को संक्रमण हुने संभावना न्यून रहन्छ । शरीरले जित्न नसकेको अवस्थामा यो जिवाणु रगत र कलेजोमा रहि रहने र कलेजोको संक्रमण भई क्रोनिक हिपाटाइटिस हुन्छ । यस अवस्थामा लक्षणहरू खासै देखिदैन । पेटको बायाँ माथिल्लो भागमा भारी हुने र चाँडो थकाई लाग्ने बाहेक अरू लक्षण नहुने कारणले गर्दा यो रोगको निदान समयमै गर्न गाह्रो हुने गर्दछ । क्रोनिक हिपाटाइटिस अवस्थाको उपचार नगरेमा कलेजो क्रमशः बिग्रदै गएर अन्त्यमा लिभर सिरोसिस हुन्छ । लिभर सिरोसिस भएपछि मात्र लक्षणहरू जस्तै जण्डिस हुने, खुट्टा र पेट सुन्निने, शरीरको मांसपेशीहरू घट्दै जाने, रगत बान्ता गर्ने, बेहोस हुने आदि देखिन सक्दछ ।

सामान्यतया, हिपाटाइटिस सि संक्रमण भएर क्रोनिक हिपाटाइटिस भईसकेपछि अवस्था हेरेर १०-१५ वर्षपछि लिभर सिरोसिस हुने गर्दछ । तर यदि हिपाटाइटिस सि को संक्रमण भएको व्यक्तिले रक्सी तथा रक्सीजन्य पदार्थको सेवन गर्ने गरेमा ५ वर्षभित्र पनि लिभर सिरोसिस हुन सक्दछ । उपचार खर्च महँगो भएको कारणले र साइड इफेक्ट हुँदैन भन्ने भ्रम भएर आयुर्वेदिक औषधि वा जडिबुटी खानाले रोग अझ बिग्रने गरेको पाइएको छ ।

सन् १९९० देखि नै यस रोगको उपचार शुरू हुन थाल्यो । इन्टरफेरोन नामको औषधीले यसको उपचार शुरू हुन गयो । रोग पत्ता लागेको छोटो समयमै यसको उपचार शुरू हुनु एउटा उपलब्धि नै थियो । तर उपचारले निको हुनु भन्दा बढी यसको साइड ईफेक्टको कारणले गर्दा धेरै जनाको उपचार गर्न सकिएन । सन् १९९८ मा राइबाभेरिन भन्ने औषधीको आविष्कारपछि यो रोगको उपचारमा नयाँ आयाम थपियो । धेरै बिरामीहरूको सफल उपचार हुन थाल्यो । इन्टरफेरोन र राइबाभेरिन एकचोटि प्रयोग गर्नाले पहिला उपचार हुन नसकेका बिरामीहरूको पनि उपचार हुन थाल्यो । सन् २००१ मा इन्टरफेरोन (जुन हप्ताको ३ पटक सुइ लगाउन पर्थ्यो) को अर्को मोलेक्युल पेगाइन्टरफेरोन पत्ता लाग्यो । यसको विशेषता हफ्तामा एक पटक मात्र लगाए पुग्ने भयो । यसको साथ साथै इन्टरफेरोनको साइड इफेक्टहरू पनि कम हुने भएकोले यो उपचार निकै सफल हुन थाल्यो ।

जेनोटाइप हेरेर २४ हप्ता र ४८ हप्ता उपचार गर्दा ४०-८०% सम्म सफल उपचार गर्न सकिने भयो । लेखकको नेपालमा उपचार अनुभव सन् २००४ बाट शुरू भयो । साइड इफेक्टको डरले धेरै जना उपचार गर्न सक्ने हुँदा हुँदै पनि उपचार नगरेको अवस्थामा प्रथम १० जनाको सफल उपचार पछी उपचार गराउनेको संख्या ह्वात्तै बढेर गयो । १३ वर्षको अवधिमा झन्डै एक हजार जनाको सफल उपचार गरेको लेखकसँग अनुभव छ । सटिक तथ्यांक नभए पनि यो संख्या उपचार गर्न पर्ने संख्याको करिब १% मात्र हो भन्ने अनुमान गरिन्छ । नेपालमा अहिले करिब १ लाख २० हजार हिपाटाइटिस सि संक्रमित व्यक्तिहरू छन् भन्ने अनुमान गरिएको छ । सन् २०११, अर्थात राम्रो औषधी पत्ता लागेको १० वर्षपछि अरू ३-४ थरिका प्रोटियज इन्हिबिटर भन्ने नयाँ औषधी पनि बजारमा देखिन थाले । पत्ता लागेको केही महिनामा यसको सफलता देखेर यस्तो लाग्न थालेको थियो कि अब हिपाटाइटिस सि निर्मुल नै हुने भयो । तर यसका साइड इफेक्टहरू धेरै हुनु र रेजिस्टेन्स (काम नगर्ने अवस्था) देखिनुले यि औषधी नेपालमा आउनु अघी नै विश्व बजारबाट हटाउन पुगे ।

पहिला औषधी गर्दा पनि निको नभएका, निको भएर पनि रोग फर्केका (रिल्याप्स) र लिभर सिरोसिस भएका बिरामीहरू अझै पनि नयाँ औषधीको पर्खाइमा थिए । उनीहरूको पर्खाइ २०१२ मा आएर सकियो जब सोफोसोबुभिर नामको औषधी पत्ता लाग्यो र बिरामीहरूमा प्रयोग हुन थाल्यो । यो औषधीको प्रयोग गर्नाले धेरै भन्दा धेरै बिरामीहरू उपचार गर्न सक्ने भए । यो औषधी प्रयोग गर्दा इन्टर्फेरोन प्रयोग नगरी पनि उपचार हुन सक्ने देखिन थालेकोले धेरै बिरामीहरू अब उपचारबाट वञ्चित हुन नपर्ने देखिन आएको छ । सन् २०१२ मा ट्राएलभै सन् २०१३ सालमा बजारमा आएको यो औषधी छोटो समयमै धेरै प्रख्यात हुन गयो । पहिला निको हुन नसकेको र लिभर सिरोसिस भएका बिरामीहरूको पनि यसबाट उपचार सम्भव हुन थाल्यो । विश्व बजारमा एक ट्याबलेटको मूल्य करिब एक हजार डलर पर्ने यो औषधी प्रचलित मूल्यको १० प्रतिसत भन्दा कममा हाम्रो देशमा पनि उपलब्ध गराउन सकिएको छ । सन् २०१५ हाम्रो देशका हिपाटाइटिस सि का बिरामीहरू र यसको उपचार गर्ने हामीहरूको लागि कोशेढुङ्गा साबित हुन गएको छ ।

हिपाटाइटिस सि को उपचारमा अर्को फड्को मारेको मिति हो सेप्टेम्बर २०१५ । यो महिना देखी नेपालमा सोफोस्बुभिर र डाक्लाटास्भिर एउटैमा भएको औषधी भित्रियो । यो औषधी आए सँगै नेपालमा इन्टर्फेरोन प्रयोग बन्द भयो र जेनोटाइप १ का बिरामीले १२ हप्ता मात्रै औषधी खाएर निको हुने अवस्था आयो । सन् २००४ सालमा २० लाख खर्च गरेर उपचार गर्न पर्ने रोग सन् २०१५ मा १ लाख १० हजारमा उपचार गर्न सकिने भयो । ९ महिनाको अन्तरालमा ४५ जनाको उपचार गर्दा ४३ जना निको भै सकेका छन् । विकसित मुलुकलाई पछ्याउँदै जनवरी २०१६ देखी नेपालमा अर्को औषधी डाक्लाटास्भिर भित्र्याउन सफल भइयो । यसको आगमनपछि ६ महिना उपचार गर्न पर्ने जेनोटाइप ३ लाई ३ महिना मै उपचार गर्न मिल्ने भयो । समयको साथ साथै पैसाको पनि बचत हुने भयो । यसको प्रयोगपछि उपचार गरेका बिरामीहरू सत्प्रतिशत निको भएका छन् । बिरामीको संख्या बढ्दै गएपछि अरू निर्क्योल निकाल्न सकिन्छ ।

यही गतिमा उपचार गर्न सकिने हो भने निकट भविष्य मै नेपालबाट हिपाटाइटिस सि निर्मुल हुन सक्दछ । यसमा नेपाल सरकारले ध्यान पुऱ्याउने हो भने सन् २०३० भित्र नेपालबाट यो रोग निर्मुल गरेर विश्व मै एउटा उदाहरण पेस गर्न सकिन्छ । तर महँगो उपचारमा ध्यान दिनुभन्दा पनि यो रोग सर्न नदिने उपाय गर्दा यो सस्तो र भरपर्दो हुन्छ । लागु पदार्थ दुर्व्यसन प्रमुख कारण भएकोले यता तिर सरकारको ध्यान जान पर्ने देखिन्छ । ००

तृप्त / अतृप्त – राजु पौडेल



# स्रोत र साधन उपयोगको प्रश्न

> नेपालको खास विकास गर्ने हो भने आयआर्जनका केन्द्र, जल, जंगल र जमिनमै खोजिनु पर्छ ।
>
> सदुपयोग, प्रयोग, दुरूपयोग र 'दुर्व्यसन' मान्छेको नियन्त्रणमा छ ।

अंग्रेजीमा तीन वटा शब्द छन्, 'युज, मिसयुज र अब्युज' । जसको नेपाली अनुवाद क्रमशः ' प्रयोग, दुरूपयोग र दुव्यर्सन' हुन्छ । अल्कोहल, विष वा आगुऔषध जीवनदान औषधीमा मिसाईने कुरा सम्बन्धित औषधी कम्पनीले औषधीको बाहिरपट्टि टाँसेको लेबलबाट नै प्रष्ट हुन्छ । विष मिश्रण गर्नाले मात्र औषधी जीवनदान औषधी भयो । यो प्रयोग हो । जीवनदान औषधीमा प्रयोग हुने विष सेवन हामीले सामान्य अवस्थामा गर्न किन नहुने भन्दै कसैले विष मात्र सेवन गर्छ भने त्यो जीवनदान बन्न सक्दैन । कसैले क्षणिक आनन्दका लागि लागुऔषध सेवन गर्छ भने त्यो प्रयोग होइन दुरूपयोग हो । तनावको व्यवस्थापन गर्ने उद्देश्यले कसैले लागूऔषधजन्य कुनै पदार्थको सेवनमा आफुलाई निरन्तर होमेको छ भने त्यो 'दुर्व्यसन' हो । यसको अर्थ जीवन चुड्ने वस्तु पनि जीवनदान बुटी बन्न सक्ने रहेछन् भने त्यहि वस्तुको गलत प्रयोगले दुर्व्यसनी पनि निम्त्याउने रहेछ । कुनै वस्तु वा श्रोत र साधनलाई कसरी उपयोग गरिन्छ ? त्यो उपयोगिताको प्रसंग बढो मार्मिक र रोचक छ ।

आजको मध्यपूर्वमा नेपालका लाखौँ युवा श्रमका लागि प्रवासिएका छन् । आजभन्दा झन्डै एक सय वर्ष अघि त्यहि मध्यपूर्वमा मानवीय सभ्यताको शुरूवात नै भएको थिएन । मध्यपूर्वको जमिनमुनी भएको तेल वा तेलमा आधारित कच्चापदार्थको उपयोग गर्ने सीप अमेरिकाले खास आफ्नो आवश्यकताले गरेको हो तर, त्यसपछि मध्यपूर्वका एकाध बाहेक अन्य देशको आर्थिक विकास अभुतपूर्व रूपले अघि बढी रहेको छ । त्यो सुख्खा मरूभूमिमा नेपाल जस्तो हरियालीमा जन्मी हुर्केका लाखौँ युवाले श्रमसँग पैसा साटेका छन् । प्रकृतिले मध्यपूर्वलाई खनिज पदार्थ तेल दियो त्यसको सदुपयोग गर्ने प्रविधि र सीप अमेरिकाले सिकाइदियो । अहिलेको अब्बल मध्यपूर्व पहिलेजस्तो मानवीय सभ्यताको इतिहास खोज्नुपर्ने कमजोर अवस्थाबाट माथि उठेको छ । यो श्रोत र साधन प्रयोगको एक अनुपम नमुना हो । हाम्रो जमिनमुनी तेलको भण्डार छ कसैलाई छुन दिँदैनौं भन्न मध्यपूर्वका मान्छेले पाउथे । छ मात्र भनेर खोकिलामा हात राखेर बस्दैमा बैभव प्राप्त हुँदैन्थ्यो । छ त उपयोग गर्नुपर्छ, त्यहि उपयोगितालाई जीवनसँग जोड्नुपर्छ । मध्यपूर्वका लाखौँ रैथाने नागरिक मात्र होइन लाखौँ आप्रवासी नागरिक समेत अहिले जमीनमुनी भएको तेलको विश्वव्यापी निर्यातलाई आफ्नो आयआर्जनको माध्यम बनाइरहेका छन् । सम्पन्न जीवनको सुखानुभुति गरिरहेका छन् ।

नेपालको मानवीय सभ्यता मध्यपूर्वको मानवीय सभ्यताभन्दा कैयन गुणा जेठो छ । हामीसँग मानवीय सभ्यताको झन्डै तीन सय वर्ष पुरानो इतिहास छ । त्यो इतिहासलाई बचाउने एकमात्र श्रोत वा साधन भनेको हाम्रो जमिन हो । अहिले विश्व निर्वाध उपभोगवादी युगमा प्रवेश गरिसकेको छ । अब जमिनमात्रको आयश्रोतले निर्वाध उपभोगवादी युगको आवश्यकतालाई थेग्न कठिन छ । जल, जंगल र जमिनको समुचित सदुपयोगले मात्र झन्डै तीन करोड नेपाली नागरिकको निर्वाध उपभोगवादी आवश्यकतालाई पूर्ति गर्ने क्षमता राख्दछ । नेपालको खास विकास गर्ने हो भने आयआर्जनका केन्द्र, जल, जंगल र जमिनमै खोजिनु पर्छ । मध्यपूर्वका नागरिकले जमिनमुनीको तेल निकाल्ने सीप अमेरिकीबाट सिके, हामी-हामीलाई हाम्रो प्रकृतिले दिएको जल, जंगल र जमिनलाई उपयोग गर्ने सीप आफैं सिक्दै छौं । यहि प्रयासले नेपालको अर्थतन्त्रलाई चलायमान गराउछ, परआश्रित आर्थिक गतिविधिलाई घटाउछ भने त्यो जसले गरेको होस् एउटा नमुनायोग्य सत् कार्य हो । त्यसमा सबैको रचनात्मक सहयोग हुनुपर्छ ।

तयारी उत्पादन, वस्तु वा सेवा बेच्न नसक्नु नेपालको अर्को कमजोरी हो । बगेर खेर गइरहेको पानीबाट बिजुली निकालेर बेच्न सकेका छैनौँ । जंगलमा स्वतस्फूर्त उत्पादन हुने जडिबुटी कच्चापदार्थको रूपमा आधिकारीक वा अनधिकृत ढंगले सस्तो मूल्यमा निर्यात भइरहेको छ । उन्नत बिउबिजन, मल र सिँचाईको अभावले जमिनको खास क्षमताभन्दा निक्कै कम उत्पादन प्राप्त गरिरहेका छौं । त्यहि उत्पादन पनि कच्चापदार्थ कै रूपमा निर्यात हुन्छ । नेपाल बाक्लो हरियाली जंगलले ढाकिएको यथार्थ हामीसँग छदै छ । ती जंगललाई प्रर्याप्त मात्रमा आन्तरिक र बाह्य पर्यटकको आकर्षणको केन्द्र बनाउन सकिरहेको अवस्था छैन । नेपाललाई प्रकृतिले दिएको श्रोत र साधनको समुचित प्रयोग गर्ने हो भने जल, जंगल र जमिनको उत्पादनलाई कच्चापदार्थको रूपमा होइन कि तयारी उत्पादनको रूपमा बेच्नु पर्दछ । जसले गर्दा तयारी उत्पादनमा लाग्ने श्रम नेपालकै प्रयोग हुन्छ र वस्तु तथा सेवाको मूल्य पनि उचित पाइन्छ ।

नेपालको आर्थिक रूपान्तरण पर्यटन उद्योगको अभूतपूर्व विकास विना सम्भव छैन । यसका लागि घना जंगलले ढाकिएका डाँडाकाँडालाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिन्छ । नेपालको नीजि क्षेत्रले त्यस्तो प्रयासको थालनी समेत शुरू गरेको छ । विषलाई मिसाएर प्रयोग गर्दा जीवनदान औषधी बन्छ । विषलाई मात्र सेवन गर्दा त्यहि विषले मान्छेको ज्यान लिन्छ । कुनै बहानाबाजीमा लागूऔषधजन्य पदार्थ प्रयोग गर्ने लतले मान्छेलाई 'दुर्व्यसन' मा तान्छ । सदुपयोग, प्रयोग, दुरूपयोग र 'दुर्व्यसन' मान्छेको नियन्त्रणमा छ । त्यसलाई कसरी उपयोग गर्ने भन्ने अहम् प्रश्न हामीलाई आर्थिक रूपमा सम्पन्न बनाउने जल, जंगल र जमिनमा पनि छ । प्राकृतिक सन्तुलन कायम हुनेगरी यी सबै श्रोत र साधनको उपयोग गरेर आयआर्जनका केन्द्र निर्माण गर्दै राष्ट्रको आर्थिक बिकास गर्नु अहिले नेपाल र नेपालीको आवश्यकता हो । ००

**ज्ञानका कुरा**

भाग्यमा नभै चरित्रमा निर्भर रहौं ।

सत्कर्म नै ईश्वरको सबैभन्दा उच्च पूजा हो ।

सानो सानो भुललाई ध्यान दिनु आफ्नो सुधार गर्दै जानु ।

आजको काम भोलिको लागि नसाँचौं ।

हाम्रो देश विचित्रसँग चलेको छ । राम्रो काम गर्न राज्यकोषमा पैसा छ कसैले भन्दैन । शक्तिमा बसेका र हटेकाहरूको उपचार र सुविधामा जति खर्च गरे पनि हुन्छ । भूतपूर्व हुँदाको मजा नै अर्कै छ मान्छेमा । आस्थाका मान्छेलाई आर्थिक सहायता चन्दा पुरष्कार वितरणमा कुनै कमी हुनेगर्दैन । कतिजना दालभातको लागि हण्डिको निवेदन हालेर बसेका छन् कहिल्यै सुनुवाई हुँदैन । कसैले भविष्यवाणी गरिदिएकैभरमा करोडौ पाउँछन् । कसैलाई मालामाल छ, कसैलाई कालैकाल छ । यो हाम्रो मुलुकको नियती हो । हामी सर्वसाधारणको भाग्य हो । असाधारणहरूलाई जतातत्तै सुनैसुनको थाल छ ।



# धरहरा र अविष्कार केन्द्र त्यसरी होइन यसरी बनाऔँ

डा. विश्वदीप अधिकारी

आफ्ना दुवै कान र दुवै आँखा बन्धक राखेर अर्काको आँखाले हेर्ने र अर्केको कानले सुन्ने पद्धतिमा सत्ता चलाउने खुल्ला सत्य हाम्रो सामू घामजत्तिकै छर्लङ्ग छ । देशको नाउँ गरेर देशलाई नै कङ्गाल बनाउने दूषित चरित्र एउटा दीर्घरोग भएर बसेको छ शक्ति र सत्ताको वरिपरी । दलिय आस्थाको पूर्ण दुरूपयोग गरी लुटेर हुन्छ कि कुटेर हुन्छ पूर्णत मात्तिई धुस्नो बनाउने प्रवृत्ति असाध्य नै सक्रिय छ ।

वास्तवमा भन्ने हो भने कानूनको शासन नभएको प्रजातन्त्र, लोकतन्त्र एवं गणतन्त्रको माला पहिरिएको पद्धति क्रियाशील हुनाले राजनीतिक, प्रशासनिक एवं न्यायिक लठैततन्त्रको सक्रिय बोलवाला छ । यस्तो परिवेशमा नीति र पद्धतिको कुरा गर्ने पेशाकर्मी, विद्यार्थी वा सर्वसाधारण जो कोही अनसन बसे पनि त्यो प्रवृत्तिलाई निर्मूल गर्न सकिने अवस्था छैन । किनकि चोरहरूकै ठूलो आवाजले निरन्तर विजय प्राप्त गरिरहेको छ ।

एउटा दौडबाट सत्तामा पुगेका राजनीतिकर्मी हुन् वा अर्को दौडबाट सत्तामा पुगेका प्रशासक हुन् सबैमा संवेदना शून्य छ । कराउनेले कति दुखेर कराएको छ उनीहरूलाई मतलव नै छैन किनकि उनीहरूमा चेतनातत्वको पूर्णत अभाव छ । यसैले अर्कालाई दुख्दा उनीहरूलाई दुख्दैन । तिनीहरू मन्त्री बनून् वा न्यायाधीश बनून् वा सांसद बनून् वा प्रशासक बनून् तिनको सोच कसरी देशलाई समृद्ध पार्ने भन्ने कहिल्यै पनि भएन । फगत कसरी आफू समृद्ध हुन सकिन्छ भन्ने मात्र उनको सोच रहिरह्यो जसले अद्यापि अक्कड किला गाडेर बसेको छ । अर्काको पीडा महसुस गर्न नसक्नेले पीडितलाई न्याय दिने भन्दा पनि अन्यायरूपी पीडा नै थपिदिने पक्का छ ।

चेतना नभएको हूलले सत्ता हुँडिल्याउने ठाउँमा कोही राष्ट्रप्रेमीले आविष्कार केन्द्र स्थापना गर्ने कुरा गर्दा त्यो विषय उनीहरूको लागि सिङ् न पुच्छरको पुङ्माङे कुरा भइदिनुमा हामीले आश्चर्य मान्नु नै पर्दैन । लाज नै नभएको ठाउँमा लाजको कुरा गरेर के गर्नु ? इमान नभएका ठाउँमा इमानको कुरा गरेर के गर्नु ? हैसियतविहिनहरूसँग हैसियतको कुरा गरेर के गर्नु ? इज्जत नै नभएको ठाउँमा इज्जतको कुरा गरेर के गर्नु ? सत्तामा पुगेकाहरूको दैनिकी नै जनतालाई चुसेर राष्ट्रिय फलोपभोग गर्नु रहेको छ । देश बनाउन होइन कि आफै बन्न अनेक हरकत गरी भरेङ्को टुप्पोमा पुगेकाहरूसँग हात फैलाउनु वास्तवमा हाम्रै कमजोरी हो । नक्कलीहरूसँग सक्कली कुरा गर्नु हाम्रै कमजोरी हो । माग्नेहरूसँग माग्नु हाम्रै नालायकी हो । यसैले पनि यहाँ जे गर्नुछ हामी जनता आफैले गर्नुपर्छ ।

चाहेको खण्डमा देश बनाउन त्यति गाह्रो छैन । हामी जनताहरू आपसमा मिलेर धेरै राम्रो काम गर्न सक्छौं । तर हामीलाई मिल्न नदिने तत्त्वहरू निकै सक्रिय छन् । हामीले चाहेको खण्डमा पानी बत्ति टेलिफोन महसुल जस्ता अनेकथरी राजश्व भुक्तानी गर्दा माया मार्न बाध्य पारिने खुद्रा पैसा फिर्ता लिन नसकिने होइन । हामीले हरेक महिना त्यस्ता रकम भुक्तानी गर्दा करोडौं रकम गुमिरहेको छ । यसरी खुद्रा पैसा फिर्ता नगरी डकैत गर्ने प्रवृत्तिलाई हामीले अब पाता कस्नै पर्छ । किनकि त्यो रकम मात्र जनकोषमा जम्मा गरेमा देश विकासको लागि धेरै ठूलो पूर्वाधार खडा गर्न सकिन्छ । अब जनकोषमा त्यस्ता खुद्रा पैसा जम्मा गर्ने सुकर्म हामी जनताले प्रारम्भ गर्नैपर्छ । यसो भएमा जनताले आफ्नो कमाइ कर्मचारीले लुटेको अनुभूति गर्नु पर्दैन । मुलुकको विकासमा योगदान गर्न पाउँदा सबै नेपाली खुशी हुने नै अवस्था आउँछ ।

वास्तवमा कुनै तन्त्रले पनि सुधार्न नसकेको राजनीति गर्नेहरूको प्रवृत्तिबाट हामी सबै दिक्क छौं । हामी के मा पनि ढुक्क छौं भने राज्यस्तरबाट नेपाल देशको विकास कहिल्यै हुनेछैन । आजसम्म भएका विकास जनताले नूनतेलकै लागि चालेको कदमको एउटा अव्यवस्थित अग्ररूपसम्म मात्र हो । सत्तारूपी पोखरीमा राजनीति गर्नेहरूले बल्छी र जाल हालेर माछा मार्ने प्रतियोगिता चलेसम्म राज्य सञ्चालकहरूलाई हामीले हाम्रो खास प्रतिनिधि मान्न सकिने अवस्था रहन्न । किनकि हामीलाई के विश्वास छ भने हाम्रो प्रतिनिधिले हामीलाई नै अहित हुने दुःख हैरानी दिने काम गर्दैन । देश बनाउन पट्टि नलागि विगार्न पट्टि लाग्दैन । सानो प्वाल टाल्न पट्टि नलागी भ्वाङ प्वाल हुन दिंदैन । यहिनेरबाट राज्य के हो र जनप्रतिनिधि को हो भन्ने छर्लङ्ग हुन जान्छ । त्यस्ता प्रतिनिधि हामीले अझै भेट्न सकेका छेनौं।

आजका दिनहरूमा भुकम्प पीडित धरहरा र सरकार पीडित आविष्कार केन्द्रको चर्चा अलि बाक्लै गरी चुलिएको छ । यी दुईको लागत खर्च क्रमशः तीन र डेढ अरब रूपैयाँ भन्ने कुरा पनि आएको छ । एक जना सांसदलाई दशौं करोड बाँडेर रामरमिता गर्न सक्ने सरकारले राजनीति गर्नकै लागि यति रकम चाहिएको भए तत्कालै विभिन्न बहानामा भुक्तान गर्ने थियो । तर देश विकासको लागि चाहिएको भएर यति रकम सरकारी स्तरबाट जुट्न सकेन । सरकारी

यो प्रवृत्ति वास्तवमा हामी आम नेपालीको लागि एउटा अवसर पनि हो । त्यसैले अब आफ्नै आँखा र कान नभएको सरकारी संयन्त्रको पछि लाग्नुभन्दा हामी जनताले आफ्नै बुताले ती दुई कुरा बनाइ छाड्नु जरूरी छ । हामी प्रत्येक नेपालीले गर्ने ज्यादै सानो योगदानले पाँच अरव रूपैया दुई वर्षमा सहजै जम्मा हुने देखिन्छ । हुन त यसमा पनि सरकारी संयन्त्रले भाँजोहाल्न त सक्छ तर पनि त्यति निकृष्ट हुने छैन भन्ने अपेक्षा गरौं ।

अहिले हामी हरेक नेपालीको हात-हातमा मोवाइल फोन छ । लाखौंको संख्यामा तारवाला फोन पनि छ । केही समय अघिको तथ्याङ्क हेर्ने हो भने दुई करोडको हाराहारीमा मोबाइल फोन वितरण भएको बुझिन्छ । मुलुकभर वितरण भएका सबै प्रकारका फोनका उपभोक्ताले महिनाको दश रूपैयाको दरले २ वर्ष लगाएर जम्मा दुई सय ४० रूपैयाँ सहयोग गरेमा पाँच अरब रूपैया सहजै जम्मा हुन्छ । यसरी उठाइने रकम खर्च गरेमा हरेक नेपालीको धरहरा र आविष्कार केन्द्रमा अपनत्व कायम हुन पाउँछ । व्यक्तिको सानो लगानीमा राज्यको ठूलो काम हुनसक्ने भएको हुनाले यसको लागि फोन प्रयोगकर्ता हरेक नेपालीले हुन्छ भने मात्र पुग्छ । त्यो रकम जम्मा गरेर जनकोषमा जम्मा गरिदिन दुरसञ्चार सेवा प्रदायकलाई कुनै समस्या हुने छैन । यद्यपि यसको लागि सरकारले उनीहरूलाई एउटा निर्देशन दिनु आवश्यक हुन्छ । टेलिफोन प्रयोगकर्ता र सरकारले यस पुण्य कुरालाई इन्कार गर्लान जस्तो मलाई लाग्दैन । यद्यपि त्यो पाँच अरवको निर्माणमा राजनीतिकर्मी र कर्मचारीतन्त्रले कमिशनको न्याल भने पक्कै चुहाउने छन् । कमिशन नआउने विकास बन्द गर्ने यो देशमा त्यो दुर्दशा टाल्न त हामी जनताले के सकौला र ?

जनताको इच्छा शक्ति भएमा सानो योगदानले ठूलो काम गर्न सकिन्छ भन्ने यो एउटा सशक्त दृष्टान्त हो । अरूलाई अरू दृष्टान्त फुर्न पनि सक्छ । अन्य तरिकाबाट त्यो पाँच अरब पुऱ्याउने भनेको सधैं समाचारमा मगन्ते भएर छाइरहनु मात्र हो । मगन्ते हुँदा एकातिर स्वाभिमानमा ठेस पुग्न जान्छ भने अर्कोतर्फ जाँगर पनि मरेर जान्छ र बन्ने भन्ने कुरा छेपाराको उखान मात्र भइरहन्छ । भ्यागुताको धार्नी कहिल्यै पुग्न पाउँदैन ।

खाने लाउने, ओढ्ने ओछ्याउने, सुन्ने बोल्ने, पढने पढाउने लगायतका यावत कुरा नक्कली चलेको बेलामा धरहरा र आविष्कार केन्द्र सक्कली बन्नुपर्ने ठूलो चुनौति छ सर्वसाधारणको लागि । चाहे भीमसेन थापाको धरहरा होस् वा महावीर पुनको आविष्कार केन्द्र होस् त्यो उनीहरूको एकलौटी नभई सारा नेपालीको साझा सम्पत्ति हो । यसर्थ पनि यी दुवै चीज नक्कली प्रभावबाट मुक्त हुनुपर्छ । यिनलाई पूर्णत सक्कली रूप दिनका लागि पनि सकभर हरेक नेपालीको थोरै तर निष्ठाको लगानी एकदमै जरूरी हुन्छ ।

अरूको मुख ताक्न पनि नपर्ने र अपनत्व पनि हुने यो प्रविधिलाई अवलम्वन गरेर एक पटक हेरौं । सफल भएमा यसपछिका अरू महत्वपूर्ण कुरामा पनि यसलाई अवलम्न गर्न सकिन्छ । अब यो कुरा हामी सबै जनताले हुन्छ भनिदिऊँ र सरकारले तत्कालै स्वीकृत गरोस् । यसैले युगयुग जीवन्त रहने हाम्रो धरहरा र आविष्कार केन्द्र त्यसरी होइन यसरी बनाऊँ ।

# सगरमाथा इन्स्योरेन्सको नयाँ बीमा सेवा

सगरमाथा इन्स्योरेन्सले नेपालको बढ्दो बीमा बजारमा आफ्नो प्रभूत्व कायम राखि राख्न नयाँ बीमा सेवा सुरू गरेको छ । सो कार्यक्रम बीमा समितिका अध्यक्ष प्रा. डा. फत्त बहादुर के.सी. र सगरमाथा इन्स्योरेन्सका अध्यक्ष रामकृष्ण मानन्धरले संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो । उक्त कार्यक्रममा सगरमाथा इन्स्योरेन्सका **प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्री**ले ***"सगरमाथा भि.आई.पि अन द स्पट"*** को विशेषताको बारेमा प्रकाश पार्नु भएको थियो ।




क्षतिको समयमा नोक्सानीको मागदाबी र भुक्तानी प्रक्रियालाई सरलकृत बनाउने यो नयाँ सेवाले दुर्घटना भएको स्थलबाट ग्राहकले खबर गर्ने बित्तिकै स्थलगत रूपमा नै सेवा प्रदान गर्नेछ । यो सेवा लामो कागजी प्रक्रिया र झन्झटबाट दिक्क भएका ग्राहक हरूलाई वरदान सावित हुने छ । यो सेवालाई चुस्त र छरितो बनाउन एउटा छुट्टै विभाग खडा गरी सेवा प्रदान गरिने छ ।

सगरमाथा इन्स्योरेन्सले विगत २० वर्षको आफ्नो कार्यकालमा कार्य कुशलता र दक्ष जनशक्तिको बलमा आफूलाई नेपालको एक सफल इन्स्योरेन्स कम्पनीको रूपमा प्रस्तुत गर्न सफल भएको छ । ००



कृति समीक्षा – डा. रामप्रसाद ज्ञवाली

## मान्छे के हो ? ऊ सफल र असल कसरी बन्न सक्छ ?

# विकुशने र मृत्युबोध




**१. विकुशने**

विनयकुमार शर्मा नेपाललाई म करिब पन्ध्र वर्षदेखि चिन्छु– लेखकका रूपमा, प्रकाशकका रूपमा र सम्पादकका रूपमा । यी पन्ध्र वर्षहरूमा मैले उहाँलाई सधैँजसो शिरदेखि पाउसम्म कालो रङको पोसाकमा भेटेको छु– कालै टोपी, कालै सर्ट, कालै पाइन्ट र कालै जुत्तामा; गन्जी चाहिँ कालो छ कि छैन, थाहा छैन । उहाँलाई कालै पोसाक मन पर्नुको कारण मलाई थाहा छैन तर के थाहा छ भने सधैँको यस्तो पोसाकले उहाँलाई अरु व्यक्तिभन्दा भिन्नै देखाउँछ । यसले गर्दा उहाँको स्मरण गर्नासाथ वा उहाँको नाम लिनासाथ उहाँलाई चिन्ने व्यक्तिहरूको मनमा कालो लुगामा सजिएको त्यही व्यक्तिविम्ब प्रतिविम्बित हुन्छ । पोसाकमा उहाँ कालो लत्ताकपडामा देखिए पनि उहाँको मन भने सेतो नै पाएको छु– स्वच्छ, सफा, कपटबाट मुक्त तथा सकारात्मक । सौन्दर्य भन्ने कुरा रङ वा वस्तुमा नभई व्यक्तिको रूचि र मन पराइ-नपराइमा निर्भर हुन्छ भन्ने कुरा उहाँको यस्तो पोसाक मन-पराइले स्पष्ट हुन्छ ।

शरीरले सधैँ नै दुब्लो र पातलो तथा भावनाले सधैँ नै जोसिलो र उत्साहित देखिने विनयकुमार शर्मा नेपाल मलाई भावनामा प्रगतिशील, व्यवहारमा मिलनसार र प्रतिक्रियामा खरो व्यक्ति लाग्नुहुन्छ । आफूलाई लागेको कुरा जोसुकैका सामु कुनै धक नमानी प्रस्ट रूपमा व्यक्त गर्नु, कुरामा भन्दा काममा बढी जोतिइरहन मन पराउनु, आफूले जिम्मा लिएको काम इमानदारीका साथ पुरा गर्नु, मन नपरेका कुराहरू भए कसैको मोलाहिजा नगरी प्वाक्क भनिहाल्नु, कसैलाई प्रसन्न पार्न लोलोपोतो घस्ने र कसैलाई दुखी बनाउन जथाभावी आलोचना गर्ने प्रवृत्तिको विरोध गर्नु र कोही रिसाउला वा खुसाउला कि भन्ने कुराको पर्वाह नगरी आफूलाई ठिक लागेको कामकुरा गरिहाल्नु उहाँका केही उल्लेखनीय विशेषता हुन् ।

विनयकुमार शर्माका व्यक्तित्व अनेक छन्– साहित्य सेवी, समाज सेवी, भाषासेवी, शिक्षा सेवी आदि आदि । यी व्यक्तित्वमध्ये भाषा-साहित्य सेवी व्यक्तित्व उहाँको प्रमुख व्यक्तित्व हो । भाषा-साहित्यका क्षेत्रमा उहाँका तिनोटा व्यक्तित्व विशेष रूपमा उल्लेखनीय देखिन्छन्– प्रकाशक व्यक्तित्व, सम्पादक व्यक्तित्व र स्रष्टाद्रष्टा व्यक्तित्व । अनेक साहित्यकारका विभिन्न विधाका दर्जनौँ साहित्यिक कृतिहरूको प्रकाशन गरिदिएर, नेपाली तथा अङ्ग्रेजी भाषामा क्षेत्र विशेषका अनेक शब्दकोशहरूको प्रकाशन गरेर, विभिन्न कक्षाका उद्देश्यमूलक प्रकृतिका दर्जनौँ पाठ्य तथा सन्दर्भ पुस्तकहरूको प्रकाशन गरेर तथा विधा केन्द्रित साहित्यिक पत्रिका 'वैजयन्ती'को नियमित प्रकाशन गरेर उहाँले प्रकाशकको व्यक्तित्व प्रस्तुत गर्दै आउनुभएको छ । नेपाली साहित्यिक पत्रकारिताको परम्परामा 'वैजयन्ती'को विशेष महत्त्व छ किनभने यो विधा केन्द्रित साहित्यिक पत्रिका हो । यस पत्रिकामा उहाँले कहिले छन्द कविता मात्र, कहिले गद्य कविता मात्र, कहिले, कथा मात्र, कहिले निबन्ध मात्र, कहिले समालोचना मात्र र कहिले अन्य गरी विधा केन्द्रित साहित्यिक सामग्रीको सम्पादन विगत नौ वर्षदेखि नियमित रूपमा गर्दै आउनुभएको छ । सम्पादनका कुरा गर्दा उहाँले ठुला ठुला शब्दकोशहरूको सम्पादन गर्नमा पनि उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको छ भने अनेक सिकारू तथा स्थापित स्रष्टाद्रष्टाहरूका कृति प्रकाशन गर्ने सन्दर्भमा तिनमा रहेका भाषिक अशुद्धिको सम्पादन गर्ने कार्यमा समेत उहाँको सम्पादक व्यक्तित्व मुखरित हुँदै आएको देखिन्छ ।

स्रष्टाद्रष्टा-व्यक्तित्वका कुरा गर्दा विनयकुमार शर्माका उपन्यास, कविता, कथा, निबन्ध जस्ता विधागत सिर्जनाहरू र केही समालोचनाहरू प्रकाशित छन् । कथा सङ्ग्रहतर्फ उहाँका 'किसान र भगवान्' (बालकथा) र 'घर' (नीतिकथा) प्रकाशित छन् भने निबन्ध सङ्ग्रहतर्फ 'माथापच्ची' र 'पुनरावृत्ति' प्रकाशित छन् । कविता सङ्ग्रहतर्फ 'लोकिकदेखि पारलौकिकसम्म' प्रकाशित छ र यो पुस्तक (मृत्युबोध) पनि प्रकाशित हुँदै छ भने उपन्यासतर्फ 'परिकल्पना' र अनुवादतर्फ भगवतीचरण वर्माको 'चित्रलेखा' प्रकाशित छ । यसै गरी समालोचनातर्फ उहाँको 'नेपाली महाकवि र महाकाव्य' नामक बृहत् आकारको ग्रन्थ प्रकाशित छ जसमा ५२ महाकाव्यकारका ८५ नेपाली महाकाव्यको समीक्षा गरिएको छ भने फुटकर रूपमा अनेक समालोचनाहरू प्रकाशित छन् । उहाँका सिर्जनाहरूमा दार्शनिकता र तार्किकता बढी पाइन्छ भने उहाँका समालोचनामा शास्त्रीय मानकहरूको आधारमा भन्दा स्वतन्त्र शैलीमा निर्भीक र खरो टिप्पणी गर्ने किसिमको प्रवृत्ति पाइन्छ । भाषासेवीका रूपमा हेर्दा उहाँले उद्देश्यमूलक रूपमा दुई दर्जनभन्दा बढी शब्दकोशहरूको लेखन तथा प्रकाशन गर्नु भएको पाइन्छ ।

**२. मृत्युबोध : शीर्षक विधान**

'मृत्युबोध' मुक्त लयमा लेखिएका ४१ वटा गद्य कविताहरूको सङ्ग्रह हो । ४० औँ कविता 'मृत्युबोध' शीर्षकमा छ र यसै कविताको शीर्षकबाट यस कविता सङ्ग्रहको नामकरण गरिएको देखिन्छ । अन्य केही कविताहरूमा पनि मृत्युका सम्बन्धमा विमर्श गरिएको छ । मान्छेको जीवन र मृत्यु अनि यी दुवैको बिचमा मान्छेले गर्ने विभिन्न प्रकारका अनुभूतिलाई विषयका रूपमा ग्रहण गरेर यी कविताहरू तयार पारिएकाले कविता सङ्ग्रहको नाम 'मृत्युबोध' राख्नु उचित नै लाग्छ ।

**३. मृत्युबोध : विषय चयन र तार्किकता**

विनयकुमार शर्मा तार्किक स्वभावको व्यक्ति हुनुहुन्छ । उहाँले भेटघाटमा गर्ने कुराकानीमा पनि उहाँको यो स्वभाव मुखरित भइरहेको पाइन्छ भने उहाँका निबन्धहरूमा पनि उहाँ तर्कशील देखिनुहुन्छ । प्रत्येक कुरामा तर्क बढी गर्ने उहाँको प्रवृत्ति यस सङ्ग्रहका कविताहरूमा पनि देखा पर्छ । यी कविताहरूमा उहाँ मान्छे, समाज, जीवन र मृत्यु विषयका कविताहरू छन् र यी विषयका सन्दर्भमा तर्कहरू प्रस्तुत गरिएका छन् । यस क्रममा उहाँ प्रेम, धोका र मान्छेका आदर्शका बारेमा तर्क गर्नुहुन्छ । नेपाली राजनीति र नेपाली समाजका बिडम्बनाहरूका बारेमा तर्क गर्नुहुन्छ । यस्ता तर्क प्रस्तुत गर्ने सन्दर्भमा उहाँ दार्शनिक विमर्शको मार्ग अँगाल्नुहुन्छ ।

मान्छे के हो ? मान्छेको जीवन के हो ? प्रेम के हो ? के मान्छेले कुनै पनि काम निःस्वार्थ रूपमा गर्छ ? मान्छेले सफल र असल बन्ने तरिका के हो ? तिनका आधार के हुन् ? यी कुराहरू विमर्श योग्य विषय र प्रश्न हुन् । यस्तै विषय र प्रश्नमाथि तार्किक विमर्श गरेर नै मान्छेले आ ्नो गन्तव्य पहिल्याउन सक्छ । यी बौद्धिक विषय पनि हुन् र जीवनलाई सही मार्गमा हिँडाउने आधार पनि हुन् । कवि विनयकुमार शर्मा यस्ता प्रश्नमाथि घोत्लिरहने स्वभावको व्यक्ति भएकाले

हुनुपर्छ, यस सङ्ग्रहका कवितामा यी विषय र प्रश्नले महत्त्व पाएका छन् ।

**४. मृत्युबोध : मान्छे र मानव जीवनमाथिको विमर्श**

मान्छे के हो ? ऊ सफल र असल कसरी बन्न सक्छ ? 'मृत्युबोध'भित्रका कविताहरूमा यी प्रश्नमाथि विमर्श गरिएको छ । यी प्रश्नको उत्तरका रूपमा 'जागरण वा जागृति'लाई प्रस्तुत गरिएको छ । असल र सफल मान्छे बन्नका लागि जागृति नै पहिलो सर्त हो भन्ने भाव कविताहरूमा व्यक्त गरिएको छ । यो क्रम पहिलो कवितादेखि नै सुरु भएको छ । 'नयाँ वर्षको बिहानी' शीर्षकको पहिलो कवितामा मान्छेले आफूलाई हर क्षण नयाँ बनाउने प्रयत्न गर्नुपर्छ र त्यसको आधार जागृति हो भनिएको छ भने 'अब जाग्ने हो कि ?' शीर्षकको कवितामा पनि यसै स्वरलाई वाणी प्रदान गरिएको छ । जागृतिले नै मान्छेलाई अग्रगमनको आधार प्रदान गर्छ भन्ने भाव 'बिर्स जीवनका कथाहरू' मा पनि व्यक्त गरिएको छ जसमा मूलतः पुरानो सोच, थोत्रो जीवन पद्धति र थोत्रा आडम्बरहरूबाट मुक्त हुन मानिसलाई जागृति अत्यावश्यक भएको बुझाइ प्रस्तुत गरिएको छ ।

वस्तुतः जीवन के हो ? सायद गतिशीलता; किनभने जबसम्म मान्छेमा गति र सक्रियता छ तबसम्म ऊ जीवित छ । गति र सक्रियता समाप्त हुनासाथ बाँचेर पनि ऊ मरे सरह नै बन्छ । यस कुरामा कवि विनयकुमार शर्मा स्पष्ट देखिनुहुन्छ । त्यसैले उहाँका अनेक कविता जीवनलाई बुझ्न, बुझाउन र जीवनको महत्त्व स्पष्ट पार्न प्रयत्नशील छन् । 'जीवन', 'नयाँ वर्षको बिहानी', 'बिर्स जीवनका कथाहरू', 'गुरु', 'जीवनको आफ्नै गति हुन्छ' लगायतका अनेक कविताहरूमा यही भाव केन्द्रीय अभिव्यक्ति बनेर प्रकट भएको छ । यी कवितामा मान्छेलाई प्रतिपल नवीनताको अनुभूतिले गतिशील, क्रियाशील र ताजा बनाउँछ भन्ने सोच व्यक्त गर्दै नित्य नवीनता नै सार्थक जीवनको आधार हो भन्ने मान्यता प्रस्तुत गरिएको छ ।

'खेला' शीर्षकको कवितामा मान्छेको जीवन आरोह र अवरोहको खेल हो भन्ने भाव व्यक्त गरिएको छ भने 'अब मलाई युग जित्नु छैन' शीर्षकको कवितामा मान्छेको जीवनले पूर्णता तब मात्र पाउँछ जब उसले आफूलाई चिन्छ, आफ्नो अस्तित्वबोधका साथमा कर्तव्यबोध पनि गर्छ भन्ने मान्यता अगि सारिएको छ । 'जीवनको आफ्नै गति हुन्छ' शीर्षकको कविताका माध्यमबाट मान्छेले योजना बनाएको भरमा जीवन योजनाअनुकूल चल्न सक्दैन वा त्यसरी जीवनलाई चलाउन सकिन्न भन्ने कुरा बुझाउने प्रयत्न गर्नुभएको छ । हुन पनि जीवनको गति बुझिएन भने असफलता नै हात लाग्छ । मान्छेले भोग्ने असफलताको कारण पनि यही हो । यस यथार्थसँग उहाँ परिचित देखिनुहुन्छ ।

जीवनको सार्थकता र निरर्थकता के कुरामा निर्भर हुन्छ ?– सायद बाँच्ने तरिकामा र कर्ममा । सजिलो मात्र खोजेर बाँच्ने कि केही नयाँ गर्न असजिलोलाई पनि स्वीकार गर्ने ? किनभने सजिलो मात्र खोजेर बाँचिने जीवन र सकारात्मक परिवर्तन ल्याउनका लागि बाँचिने जीवनका बिचमा भिन्नता अवश्य हुन्छ । जीवनलाई केवल बाँच्नका लागि सोच्नेहरूको जीवन समाजका निम्ति हुनु र नहुनु एउटै हो । निश्चय नै आफूलाई मात्र सोचेर तथा खान, लाउन र निजी स्वार्थ पुरा गर्न मात्र सोचेर बाँचिने जीवन तुलनात्मक रूपमा सरल हुन सक्छ तर त्यस्तो जीवन त पशुपन्छी पनि बाँच्छन् । समाज र मानव सभ्यताका निम्ति केही विशेष गर्ने चाहनाका साथ बाँचिने जीवन निश्चय नै चुनौतीपूर्ण हुन्छ । यस्तो जीवनमा केही नयाँ गर्ने हुटहुटीले काम गरेको हुन्छ । यस्तो जीवनलाई आदर्श चिन्तन र सङ्घर्षपूर्ण कर्मको आवश्यकता हुन्छ । यस्तो जीवन व्यक्तिका रहर, इच्छाशक्ति, सङ्कल्प, जागृति र परिश्रमले निरन्तर सुन्दर बन्दै जान्छ र अन्य जीवन र समाजलाई पनि सुन्दर बनाउँदै जान्छ । यस कुरासँग यी कविताका लेखक सहमत हुनुहुन्छ । 'बिर्स जीवनका कथाहरू' लगायतका केही कविताहरूमा उहाँ जीवनलाई सही बाटोमा उचित गति दिने यस्तै विचार व्यक्त गर्नुहुन्छ ।

'मृत्युबोध'का केही कवितामा सुख र दुःखमाथि पनि विमर्श गरिएको छ । सुखदुःख भनेका के हुन् ? सुख कहाँ पाइन्छ ? आनन्द कहाँ छ ?– अतीतको स्मरणमा ? भविष्यको कल्पनामा ? खानपानमा ? पैसामा ? भोग विलासमा ? अरूबाट लिनमा ? वा अरूलाई दिनमा ? 'अब मलाई युग जित्नु छैन', 'निर्व्योल', 'अहा...!', 'कर्तव्यबोध' लगायतका केही कवितामा यी कुरामाथि विमर्श गरिएको छ । यस क्रममा कविले सुखदुख मूलतः सोच र कर्ममा आधारित पक्ष हुन् भन्ने कुरा स्पष्ट पार्ने प्रयत्न गर्नुभएको छ । मान्छे सुखको खोजीमा छ तर ऊ तुलनात्मक रूपमा बारम्बार दुखको अनुभूति गरिरहेको छ । ऊ सुख के हो र केमा पाइन्छ भन्ने कुरा थाहा नपाएर अलमलमा परेको छ । हुन पनि जबसम्म मान्छे सुखको कामना गरेर वा खुसी पाउनका लागि भनेर काम गर्छ तबसम्म ऊ दुखी मात्र हुन्छ किनभने त्यस्तो सोचाइमा उदात्तता हुन्न; असन्तुष्टि नै बढी हुन्छ । जब ऊ खुसी भएर काम गर्छ तब उसले खुसी पनि पाउँछ, आनन्द पनि पाउँछ र उसको जीवन सहज पनि बन्छ । सामान्य मान्छेलाई अरूबाट केही कुरा लिन पाउँदा खुसी मिल्छ तर विशेष महत्त्वको कुरा के हो भने अरूलाई दिँदा मिल्ने आनन्द अरूबाट लिँदा मिल्दैन किनभने दिनुको मज्जा नै बेग्लै हुन्छ भन्ने धारणा कविको छ । यस धारणामा परोपकारको महिमाको दर्शन अन्तर्निहित देखिन्छ । पूर्वीय मानवतावादी दर्शनको प्रभावका कारण पनि यस्तो विचार आएको हुनुपर्छ किनभने कवि नेपाल पूर्वीय दर्शनसँग नजिक हुनुहुन्छ ।

सुख बढी कहाँ पाइन्छ ? इतिहास, वर्तमान र भविष्यमध्ये कहाँ बढी छ सुख ? यस विषयमा उहाँ स्पष्ट पनि देखिनुहुन्छ । उहाँका विचारमा अतीत र भविष्यभन्दा बढी महत्त्वपूर्ण समय वर्तमान हो किनभने इतिहास बदल्न सकिन्न– इतिहासबाट सिक्ने हो, शिक्षा लिने हो । भविष्य भोग्न सकिन्न– भविष्यको अनुमान गर्ने हो, शुभ कामना गर्ने हो । भोग्ने, बन्ने, बदल्ने र बनाउने समय वर्तमान नै हो । वर्तमानबाट भागेर अतीत र भविष्यमा सुखदुख खोज्नु गलत हो । वर्तमानको सही उपयोगबाट नै सच्चा सुख प्राप्त हुन सक्छ । त्यसैले मान्छेले सबैभन्दा बढी महत्त्व वर्तमानलाई दिएर आफूलाई सत्कर्ममा समर्पित गर्नुपर्छ । मान्छेको आयु बाँच्दाको भन्दा बढी लामो त मरेपछि हुन्छ यदि उसले राम्रा काम र गतिला सिर्जना गरेको छ भने । सिर्जना र निर्माण नै सार्थक जीवनका मूल आधार हुन् । मान्छे मर्छ तर उसको उच्च विचार र असल कर्म अमर रहन्छ । यस बुझाइलाई यहाँका केही कविताले वाणी दिएका छन् ।

**५. मृत्युबोध : प्रेम र निःस्वार्थता सम्बन्धी विमर्श**

प्रेम के हो ?– निःस्वार्थ भाव ? सेवाभाव ? रूपाकर्षण ? यौनाकर्षण ? कामुकता ? किन हुन्छ प्रेम ?– रूपको आकर्षणले ? कामुकताको चापले ? उमेरको समानताले ? विपरीत लिङ्गप्रतिको यौनिकताले ? आन्तरिक प्रभावले ? व्यवहारले ? जीवन साथीको कामनाले ? अथवा निःस्वार्थ भावनाले ?

कस्तो हुन्छ प्रेमको स्वरूप ?– आदर्शमय ? भावनामय ? तिर्सनामय ? स्वार्थी ?

यस सङ्ग्रहका अनेक कविताहरूमा यस्ता प्रश्नमाथि र तिनका सम्भावनाहरूमाथि पनि विचार गर्ने जमर्को गरिएको छ । '*किन हुन्छ प्रेम ?, के हो प्रेम ?, प्रेम, घृणा र भक्ति, तिम्रो नजरमा, जन्जाल, के तिमीसँग छ ? सपनाको पनि अर्थ हुन्छ*' लगायतका अनेक कवितामा प्रेमका नाममा हुने रूपाकर्षणदेखि शारीरिक

घर्षण (भोग)को अभिलाषासम्मले हुने प्रेमका विषयमा विचार गरिएको छ र प्रेम हुनुका पछाडिका सम्भावित कारण पहिल्याउने प्रयत्न पनि गरिएको छ । यस क्रममा प्रेमलाई विषय बनाएर यसको पवित्रता, निःस्वार्थता र स्वार्थतामाथि गम्भीर विमर्श गरिएको छ । प्रेमको नाममा देखिने र हुने मानवीय दुर्बलताप्रति व्यङ्ग्य पनि गरिएको छ । कुनै अभिव्यक्तिमा प्रेमलाई सन्तान-सृष्टिसँग जोडेर हेरिएको पाइन्छ भने कुनैमा प्रेम र वासनाको सम्बन्ध देखाउने काम भएको छ । प्रेम र भक्तिका बिचको फरक बताउँदै प्रेमलाई स्पष्ट पार्ने क्रममा कविले प्रेममा वासनापूर्तिको आकर्षण बढी हुन्छ भने भक्तिमा सेवाभाव र मोक्ष कामना बढी हुन्छ भन्ने निष्कर्ष निकालेको पाइन्छ ।

समाजमा मानिसहरू निःस्वार्थ प्रेमका कुरा गर्छन् । निःस्वार्थ सम्बन्धका कुरा गर्छन् । निःस्वार्थ भक्तिका कुरा गर्छन् । निःस्वार्थ सेवाका कुरा गर्छन् तर यथार्थ त्यस्तो देखिन्न । प्रेममा फसेको मान्छे प्रायः आवेगको दास भएको देखिन्छ । प्रेम निःस्वार्थ हुँदो हो त प्रेमी प्रेमिकाले प्रेमको नाममा समाजसँग विद्रोह गर्ने थिएनन् । प्रेमको नाममा घरबार छाडेर भाग्ने थिएनन् । प्रेमी वा प्रेमिका नपाउने भएपछि आत्महत्या वा हत्या गर्ने थिएनन् । प्रेम निःस्वार्थ हुन्थ्यो भने प्रेमी वा प्रेमिकाले एकअर्कालाई नदेख्दा वा समीपमा एकअर्कालाई नपाउँदा उनीहरूमा छटपटी हुने थिएन । अरूसँगै बिहे भए पनि चित्त बुझ्ने थियो । निःस्वार्थता त्यहाँ हुन्छ जहाँ प्राप्तिको कामना हुँदैन, जहाँ भेटघाटको लालसा हुँदैन, जहाँ बिछोडको पीडा हुँदैन तथा जहाँ मिलनको आकाङ्क्षा र प्राप्तिको मोह हुँदैन । प्रेमी वा प्रेमिका मिले पनि नमिले पनि, पाए पनि नपाए पनि, देखे पनि नदेखे पनि, अरूसँग गए पनि सँगै बसे पनि प्रेम निःस्वार्थ छ भने उनीहरूलाई केही फरक पर्दैन, बस– प्रेम नै प्रेम हुन्छ किनभने निःस्वार्थतामा आवेग हुँदैन, उद्वेग हुँदैन, असन्तुष्टि हुँदैन, आर्तनाद हुँदैन; मात्र निःस्वार्थता हुन्छ ।

तर समाजमा, सामाजिक सम्बन्धहरूमा होस् वा युवा युवतीहरूमा देखिएको प्रेममा होस्; स्वार्थबाहेक केही हुँदैन– पाउनुको स्वार्थ, भोग्नुको स्वार्थ, सँगै हुनुको स्वार्थ, मिलनको स्वार्थ आदि आदि । निष्कर्ष के हो भने प्रेममा मात्रै होइन; प्रत्येक कुरामा स्वार्थ हुन्छ– चाहे त्यो प्रेम होस् वा घृणा होस् वा उपेक्षा होस् । सन्तानप्रतिको आमाबाको मायामा पनि स्वार्थ नै हुन्छ, आमाबाप्रतिको सन्तानको श्रद्धामा पनि स्वार्थ नै हुन्छ, राजनीति, समाज सेवा वा अन्य सबै कुरामा स्वार्थ लुकेको हुन्छ र भक्तले गर्ने ईश्वरको पुजामा समेत स्वार्थ लुकेकै हुन्छ । अर्थात् जहाँ पनि जेमा पनि स्वार्थ हुन्छ भन्ने बुझाइ यहाँका कवितामार्फत प्रस्तुत गरिएको छ । सापेक्षतामा यो सही दृष्टिकोण हो भन्ने मलाई लाग्छ ।

### ६. मृत्युबोध : मृत्युबोधका माध्यमबाट जीवनबोध

प्रस्तुत कविता सङ्ग्रहको नाम नै 'मृत्युबोध' राखिएको छ र माथि उल्लेख भएकै छ– यस सङ्ग्रहमा 'मृत्युबोध' शीर्षकको एउटा कविता पनि छ । कविलाई आफ्ना सबै कवितामध्ये यही कविता बढी मन परेर पनि होला, यसै शीर्षकमा कृतिकै नामकरण गर्नुभएको छ । यस सङ्ग्रहका केही कविता छन् जसमा मृत्युलाई विषय बनाइएको छ र मृत्युबोधको अनुभूतिलाई अभिव्यक्त गरिएको छ । 'तिमी मेरो प्रिय बनिरहनु', 'म अब आउने छैन', 'मृत्युबोध', 'मृत्युको प्रश्न' लगायतका कविताहरू यसअन्तर्गत पर्छन् । यी कवितामा मृत्युको बोध गरिएको छ तर महत्त्व भने जीवनलाई नै दिइएको छ र मृत्युलाई भन्दा जीवनलाई नै बढी महत्त्व दिइनुपर्छ भन्ने सन्देश पनि दिन खोजिएको छ ।

'मान्छेको जीवन भन्नु सुखद र दुखद दुवै अनुभूतिको यात्रा हो । जीवनको यात्रा परिवर्तनशील छ । परिवर्तन जीवनको गति हो र गति नै परिवर्तनको आधार हो' भन्ने मूल आशय व्यक्त गर्दै 'मृत्युबोध'भित्रका केही कावितामा जीवनको अल्पता वा क्षण भङ्गुरताको बोध गरेको पाइन्छ । मान्छेको जीवन क्षणिक छ । जतिसुकै प्रयत्न गरे पनि मान्छे यस क्षणिकताबाट उन्मुक्त हुन सक्दैन । उसले एक दिन नमरी सुखै छैन । जब मान्छेलाई यस सत्यको बोध गम्भीर रूपमा हुन थाल्छ तब उसको जीवनले सार्थकताको बाटो अँगाल्ने दिशा लिन्छ । उसको मृत्यु नै भए पनि ऊ तिनै सत्कर्महरूमा लामो अवधिसम्म जीवित रहन सक्छ । यहाँका केही कवितामा यस्तै भावनाको अभिव्यक्ति पाइन्छ । यसरी गरिएको सार्थक जीवनबोध पनि प्रकारान्तरले मृत्युबोध नै हो । केही कविता छन् जसमा मान्छेको जीवनको अस्तित्वबोध पनि गरिएको छ । यस्तो अस्तित्वको बोध पनि प्रकारान्तरले 'मृत्युबोध' नै हो ।

'मृत्युबोध'का कुरा गरिरहँदा मृत्युलाई कसरी हेर्ने भन्ने प्रश्न अहं बनेर आउँछ । मृत्युलाई कति मानिसले अन्तिम सत्य भन्ने गरेको पाइन्छ । यो बुझाइ त्रुटिपूर्ण बुझाइ हो भन्ने मेरो बुझाइ छ । मान्छेको मृत्यु अन्तिम सत्य हुँदो हो त बुद्ध, मार्क्स, गान्धीहरूको नामोनिसान मेटिनुपर्ने । उनीहरूलाई कसैले नसम्झनुपर्ने । महापुरुषहरू, जो बितेर गए– मृत्यु अन्तिम सत्य भएको भए तिनको चर्चा नहुनुपर्ने । तिनलाई आदर्श मानेर वर्तमानका मान्छेहरू अभिप्रेरित नहुनुपर्ने तर उनीहरू हाम्रो स्मृतिमा छन्; इतिहासमा जीवित छन् र हामीलाई उत्प्रेरित गरिरहेका छन् । आफ्ना जीवन सङ्घर्ष, आफ्ना सत्कर्म र आफ्ना सिर्जनाहरूका माध्यमबाट उनीहरू आज पनि जीवितै छन् । सत्य के हो भने जीवन सुरु भएपछि त्यसको अन्त्य हुन्छ नै । यो प्रकृतिको नियम हो । यसै नियमको एक सानो सत्य जीवनको अन्त्य हुनु हो । जन्मने सबै मर्छन्; यस अर्थमा मृत्यु सबैको हुन्छ । त्यसैले जीवनका, समाजका र सृष्टिका अनेक सत्यमध्ये एक सत्य मृत्यु अवश्य हो तर मृत्यु अन्तिम र सबैभन्दा बढी महत्त्वपूर्ण सत्य भने होइन । अझ मृत्युलाई जीवनको क्षय गर्ने कुरूप सत्यका रूपमा मात्र लिनुपर्छ र खासै महत्त्व दिनु हुँदैन भन्ने मेरो धारणा छ । मेरो विचारमा मृत्युलाई अन्तिम सत्य नभनी एक क्षणमा आउने क्षणिक सत्य मानेर हेर्न सकियो र त्यो जुनसुकै वेला आउन सक्छ त्यसैले प्रत्येक क्षणको सदुपयोग गर्नुपर्छ भन्ने मान्यता बनाउन सकियो भने जीवनका प्रत्येक क्षणलाई महत्त्व प्रदान गरी जीवन सार्थक बनाउन सकिन्छ ।

सही कुरा के हो भने मृत्युको बोध भयो भने व्यक्तिको मनमा मृत्युको डर समाप्त हुन्छ । मृत्युको भय नहुनासाथ जीवनका लागि काम लाग्दा कर्म गर्न र लोभ र पाप जस्ता नकारात्मक भावबाट क्रमशः मुक्त हुँदै जान सकिन्छ । मृत्यु अनिवार्य छ भन्ने बुझेपछि आफू पनि एक दिन मर्ने नै हो भन्ने कुरा सहजै पच्छ । यो कुरा पच्नासाथ व्यक्तिले मृत्युलाई सहज रूपमा स्वीकार गर्ने प्रेरणा पाउँछ । यस्तो प्रेरणाले मान्छेको जीवनलाई बाँचुन्जेल सहज बनाइदिन्छ । सायद कविले 'मृत्युबोध' का कवितामार्फत यही बोध सम्प्रेषण गर्न खोज्नुभएको छ । यस बोधलाई अझ स्पष्ट पार्न केही कवितामा बुद्ध र शान्ति जस्ता कुरा गरिएका छन् जसअनुसार आजको मान्छेलाई बुद्धत्वको आवश्यकता छ । बुद्धत्व भन्नु मूलतः त्याग, समर्पण, अहिंसा, करुणा र सच्चरित्रता आदि हुन् । मृत्युबोधबाट यी कुरा प्राप्त गर्न सहज हुन्छ ।

यद्यपि 'मृत्युबोध'भित्रका कविताहरू वर्गीय चेतनाले अथवा वर्गीयतालाई केन्द्रमा राख्दै महत्व दिएर लेखिएका देखिन्नन् तथापि समाजबोध गर्ने क्रममा केही कवितामा वर्गीय पक्षधरता समेत देखा परेको छ । मान्छेलाई बुझ्ने क्रममा मान्छेको वर्गीय जीवन स्थिति पनि बुझ्ने प्रयत्न भएको छ । 'बाटो' शीर्षकको कविता यस प्रकृतिको प्रतिनिधि कविता हो । यस कवितामा उत्पीडित वर्गका जीवनानुभूतिलाई

स्थानदिइएको छ । उत्पीडित वर्ग नै यस्तो मानव वर्ग हो जसमाथि शासक, सत्ताधारी र धनी वर्गले शासन गर्छन् । मान्छे तथा गाईभैँसीहरूले बाटोलाई निर्ममतापूर्वक कुल्चँदै हिँडे जस्तै माथिल्लो वर्ग वा माथिल्लो तहका भनिएका नेताहरूले उत्पीडित जनतालाई बाटो कुल्चे जस्तै कुल्चिरहेका छन् भन्ने बुझाइ यस प्रकृतिका कवितामा प्रस्तुत गरिएको देखिन्छ । यहाँ 'बाटो' प्रतीकात्मक शब्द बनेको छ । बाटोमाथि सबैको रजाइँ हुन्छ । मान्छे र अन्य प्राणीले टेक्ने, घस्रने, हिँड्ने, दौडने सबै बाटोमाथि नै गर्छन् । कविको बुझाइमा नेतृत्व वर्गका लागि जनता पनि बाटो जस्तै बनेका छन् । उनीहरूकै छातीमा र उनीहरूकै मुटुमा टेकेर नेताहरू सत्तामा पुग्छन् तर आफूलाई अड्याउने, उभ्याउने, यात्रा गर्न आधार दिने नेपाल र बाटोरूपी जनतालाई कुल्चँदै हिँड्छन् । के 'बाटो' जस्तै बनेका नेपाल आमा र नेपाली जनतालाई तिनीहरूले हेर्नु पर्दैन ? तिनको रक्षा गर्नु पर्दैन ? तिनीहरूको जिम्मेवारी लिनु पर्दैन ? यस किसिमको आन्तरिक द्वन्द्व पनि यस कवितामा पाइन्छ । सबैले कुल्चिने गरेको बाटोमध्ये एक कवि आफै पनि देखिन्छन् र अझ बढी कुल्चाइ सहनुपरेको छ नेपाली नारीहरूले भन्दै नारीहरूका पीडाहरूको बोध गर्ने प्रयत्न समेत केही कवितामा गरिएको छ । साथमा भविष्यमा पुनः क्रान्ति हुने छ र यस्ता समस्याका समाधान मिल्ने छन् भन्ने आशावाद पनि केही कवितामा व्यक्त गरिएको छ ।

यसरी उत्पीडित वर्गका पीडाहरूको बोध गर्ने क्रममा कविले मान्छेका तुच्छ प्रवृत्तिहरूको उद्घाटन गर्ने प्रयत्न समेत गरेको पाइन्छ । यस देशमा स्वाभिमानीको केही चल्दैन; दुष्टहरूकै बढी चल्छ । स्वाभिमानी, सक्षम र योग्य व्यक्ति झुक्न जान्दैन र झुक्न नजान्ने व्यक्तिलाई दुष्ट व्यक्ति र पछौटे समाजले रूचाउँदैनन् भन्दै 'झुक्न नसकेको मान्छे हुँ म' शीर्षकको कविता लेखिएको छ । यसले स्वाभिमानको पक्षमा अभिव्यक्ति दिएको छ जसमा मान्छेका तुच्छ प्रवृत्तिमाथि आलोचनात्मक र व्यङ्ग्यात्मक अभिव्यक्ति पनि छ । लिन पाउँदा खुसी भई लिइरहने मान्छे एक दिन मात्रै लिन नपाउँदा सधैँ दिइरहने व्यक्तिप्रति नै बेखुसी बन्छ । मान्छेको यस्तै कृतघ्न प्रवृत्तिमाथि व्यङ्ग्य गर्ने कविता 'खुल्ला आकाश'मा कृतघ्नताले व्यथित बनेको कविमनको अभिव्यक्ति रहेको छ । जसलाई राम्रो गर्‍यो उसैले पिठ्युँमा छुरा घोप्छ । यस्ता बैगुनीबाट प्रताडित हुनुपर्ने नियतिप्रति कविमा असन्तुष्टि देखिन्छ । 'मुक्तिको दिन', 'समय र मान्छे', 'विद्रोह' शीर्षकको कविताले पनि यसै कृतघ्नताको प्रवृत्तिमाथि व्यङ्ग्य गरेको छ ।

'मृत्युबोध'भित्रका केही कवितामा नारी पक्षधरता पाइन्छ । 'हो फत्रनु त पर्थ्यो उसले' लगायतका केही कवितामा नारीले आफ्ना हक अधिकारका लागि अरूको मुख ताक्न नहुने भन्दै उनीहरूलाई आफ्ना लागि आफैं लड्न सन्देश दिइएको छ । कविका विचारमा नारीका हक अधिकार उनीहरूलाई अरूले दिएर दिइने कुरा होइनन् । नारीलाई अगाडि बढ्न नदिने अनेक बन्धन छन् । यस्ता पुराना र नयाँ बन्धनहरूप्रति सङ्केत गर्दै नारीहरूले स्वयंका सोच, संस्कार र विचार बदल्नुपर्छ भन्ने सन्देश दिइएको छ । निश्चय नै मान्छेका पुराना संस्कारहरू बदल्न कठिन छ र त्यस्ता रूढ र अन्ध विश्वासले भरिएका संस्कारले संस्कारित मान्छेलाई बदल्न झन् कठिन छ तथापि समाजलाई सकारात्मक गति दिने हो भने त्यस्ता संस्कार र मान्छे बदल्नु जरूरी छ । त्यसका लागि सङ्कल्प आवश्यक पर्छ । यस्ता कवितामा यिनै भावको अभिव्यक्ति पाइन्छ ।

कविता सङ्ग्रहको सुरूमा 'नयाँ वर्षको बिहानी' शीर्षकको कविता छ जसले सुन्दर जीवनप्रतिको मोह व्यक्त गर्दै सुन्दरलाई अझ सुन्दर पार्न सकिन्छ; सुन्दर पारौं; हाम्रो जीवन सुन्दर छ, यसलाई अझ सुन्दर बनाउने काम हाम्रै हो भन्ने आदर्श भावना प्रस्तुत गर्छ । कविता सङ्ग्रहको अन्त्यमा पनि त्यस्तै सकारात्मक भाव भएको कविता छ– 'भोलिको बिहानी' । यसले आउँदो समय आजभन्दा पनि सुन्दर हुने छ भन्ने आशावादी सकारात्मक विचार प्रस्तुत गरेको छ । यसरी 'नयाँ वर्षको बिहानी'देखि सुरु भएर 'भोलिको बिहानी'मा पुगी यस सङ्ग्रहको विस्तार पुरा भएको छ ।

यी कवितामा मौलिक शैली-निर्माणको प्रयत्न छ । यसका लागि कविताका केही अंशहरूलाई गीतमा झैँ पुनरावृत्त गराइएको छ । गीतको स्थायी भाग अन्तरा भागपछि दोहोरिएर आए झैँ यहाँका केही कविताका केही पङ्क्ति पनि दोहोरिँदै आउँछन् । 'म' ले 'तिमी'लाई सम्बोधन गरेको सम्बोधनात्मक शैली छ भने आफैले आफैसँग संवाद गर्ने स्वगत कथन, एकालाप र आत्मालापको शैली पनि छ । जताततै 'म' पात्रले बोलेको छ । यहाँको 'म' र 'तिमी' धेरै व्यक्ति र तिनका प्रवत्तिका प्रतिनिधिका रूपमा प्रारूपीकृत छन् । म र तिमी प्रेमी-प्रेमिका पनि हुन्, समाजका विभिन्न क्षेत्रका मानिस पनि हुन्, हामी पाठक पनि हौं र अधिकतम ती मानिस हुन् जो यहाँको विषयसँग सरोकार र सम्बन्ध राख्छन् ।

### ७. समापन

'मृत्युबोधा कवितामा प्रयोगधर्मिता पाइन्छ । यिनमा भावको बेग्लै धारा छ, अनुभूतिको बेग्लै आयाम छ र अभिव्यक्तिको आ ँनै पन छ । कुराहरू दार्शनिक प्रकृतिका छन् र बौद्धिक विमर्श गर्न योग्य लाग्छन् । प्रश्नहरू दार्शनिक तरिकाका छन् र उत्तर पनि दार्शनिक तरिकाले नै दिने प्रयत्न गरिएको छ । संसारमा करोडौं अर्बौं मान्छेहरू छन् तर कसैको अनुहार मिल्दैन, कसैको स्वर मिल्दैन, प्रत्येकका स्वभाव पनि भिन्न भिन्न छन् ! प्रकृतिमा-सृष्टिमा देखिने यस्तो चमत्कारबाट कवि चमत्कृत हुनुभएको छ ।

प्रस्तुत सङ्ग्रहका अनेक कविताले बाहिरी रूपमा 'मृत्युबोधका कुरा गरेका छन् तर अन्तर्यमा 'मृत्युबोधका माध्यमबाट जीवनबोध प्रस्तुत गरिएको छ अर्थात् बोध मृत्युको गरिए पनि महत्व चाहिँ जीवनलाई दिइएको छ र जीवनलाई नै महत्व दिइनुपर्छ भनिएको छ भने जीवनलाई गम्भीरतापूर्वक बुझ्ने र विषयलाई गहिरिएर हेर्ने प्रयत्न गरिएको छ । यिनमा ज्ञान र उपदेशका कुरा बढी छन् । 'मान्छेले के गर्नुपर्छ ?' र 'किन गर्नुपर्छ ?' का साथै 'यसो गर, यसो नगर' भन्ने कुरा बारम्बार व्यक्त गरिएका छन् । यस्ता उपदेश र सन्देशमार्फत पाठकहरूलाई सार्थक जीवन र सकारात्मक परिवर्तनका पक्षमा घच्घच्याउन खोजिएको छ; मान्छेको स्वतन्त्रता र उसको स्वतन्त्र अस्तित्वका पक्षमा आवाज पनि उठाउन खोजिएको छ ।

पाठकीय सम्प्रेषण वा पाठकीय प्रभावका दृष्टिले हेर्दा यी कविता केही जटिल र दुर्बोध्य छन् किनभने कविताको सार कुरा बुझ्न सामान्य पाठकलाई कठिन हुन्छ तर कुरा राम्ररी नबुझिए पनि 'हो कि हो कि झैँ' लाग्नु यी कविताको अनुभूतिगत सम्प्रेषणीय विशेषता हो । यी अभिव्यक्तिहरूमा एक प्रकारको रणन पाइन्छ जसले पाठकलाई तान्छ र यस्तो भन्न खोजेको होला भन्ने अनुमान गर्न सघाउँछ । यस्तो जटिलता र दुर्बोध्यता अभिव्यक्ति शैलीका कारण आएको देखिन्छ ।

मूलतः यी कविता वैचारिक छन्, दर्शनानुप्राणित छन् र प्रश्नमूलक पनि छन् । यिनले पाठकको जिज्ञासु मस्तिष्कलाई बारम्बार झक्झक्याउँछन् । रागात्मक हार्दिकता र वैचारिक बौद्धिकताको रस्साकस्सी भएकाले यी कविताले पाठकसँग बौद्धिक विमर्श र गम्भीर अध्ययनशीलताको माग गर्छन् ।

अन्त्यमा, बौद्धिक तथा दर्शनोन्मुख कविता सङ्ग्रह 'मृत्युबोध' को प्रकाशनका लागि म कवि विनयकुमार शर्मा नेपाललाई हार्दिक बधाई दिन्छु र आगामी दिनमा यस्ता र योभन्दा पनि प्रभावकारी कृतिहरूको लेखन तथा प्रकाशनमा सफलता मिलोस्; हार्दिक शुभ कामना व्यक्त गर्दछु । ००

उपन्यास / साहित्य – विनोदकुमार श्रेष्ठ



# यसरी जन्म्यो 'द स्प्रिङ लभ'

**यो त्रिवेणीमा अपाङ्ग वेदना प्रस्तुत छ।**




एकतर्फी प्रेम कुनै नौलो कुरो होइन। जसमा एउटाले माया गर्छ अर्कोले त्यो प्रेम अस्वीकार गर्छ। माया गर्नेले गरिरहन्छ, अर्कोले वास्ता गर्दैन। उसले मायाको गहिराइ के हो ? बुझ्दैन। प्रेम गर्नेले बुझाउन नसकेको भनौं या प्रेम नगर्नेले बुझ्न नसकेको कुरो एकै हुन्। यही कारणले उनीहरूको प्रेम एकाधबाहेक सफल बन्दैन।

यसका पात्रलाई के भन्ने ? जुन लेखमा एक पात्रसँग राय लिन सकिएको छैन तिनै यो ग्रन्थको मुख्य पात्र हुन्। लेखकले एउटा पात्र भेट्न सकेन। जसको प्रेमले यो उपन्यास जन्म्यो। उनको रायविन नै किताब निस्क्यो। आफैलाई अचम्म लाग्छ।

यो अभिमत मैले सानो कथाबाट बुझाउने प्रयास गरें। जुन कथा 'साप्ताहिक' मा छापिएको हो। अश्विनी कोइराला त्यस कथाका लेखक हुन्। त्यसको शीर्षक थियो **एकतर्फी प्रेमकथा।**

प्रसङ्ग राधा-कृष्णको हो।

जब कृष्ण गाई चराउन जङ्गलमा जान्थे, उनी एक सुरमा बाँसुरी बजाउँथे। बाँसुरीको प्रगाढ धून जङ्गलको घनत्व चिर्दै राधाको घरसम्म पुग्थ्यो। जब उक्त धून राधाको कानमा पुग्थ्यो, उनी अचेत झैं बाँसुरीको धूनमा लठ्ठिंदै जङ्गलमा पुग्थिन्। कृष्णको नजिकै पुगेर आँखा चिम्म गरेर धून सुन्न बस्थिन्। धूनसँगै राधाको आँखाबाट आँसु पनि बग्थ्यो। यो क्रम कहिलेकाहीं घन्टौसम्म चलिरहन्थ्यो।

एकदिन कृष्णले राधासँग सोधे –"राधे, तिमी किन यसरी बेला-कुबेला यहाँ आउँछौ ? तिम्रो घरमा कति काम हुन्छ, सँधै यसरी आउनु राम्रो पनि होइन।"

"तिम्रो धून सुनेपछि म अरू केही गर्नै सक्दिनँ। तानिंदै तिमी नजिक आइपुग्छु।" राधाले भनिन्, म तिम्रो धूनमा कसरी बाँधिन्छु, मलाई नै थाहा हुँदैन।"

"त्यस्तो के छ र मेरो बाँसुरीको धूनमा ?"

"काले ! तिमी यो प्रेम र यसको विरह कहिल्यै बुझ्न सक्दैनौ।" राधाले भनिन्, "त्यसका लागि तिमी नै राधा हुनुपर्छ।"

"अन्यथा नलेऊ राधे.....!" कृष्णले हाँस्दै भने, "तिम्रो यो अवस्था देखेर मलाई रमाइलो पो लाग्छ। म तिम्रो यो भाषा बुझ्न असमर्थ छु।"

"हाँस र रमाइलो पनि मान।" राधाले रुँदै भनिन्, "कुनै दिन तिमीले पनि मैलेजस्तै कसैलाई प्रेम गर्नेछौ अनि मात्र मेरो पीडा महसुस गर्नेछौ।"

त्यसपछिको कथा त धेरैलाई थाहा छ। यो संवादको केही समयपछि कृष्णले वृन्दावन छाडे, यसरी छाडे कि फेरि कहिल्यै आएनन्। राधाले जीवनभर कृष्णलाई प्रेम गरिन्। कतिसम्म प्रेम गरिन् भने उनी जुन बाटोबाट गोकुल (राजधानी) गएका थिए त्यो बाटोमा उनले टेकेको एउटा पाइलामा उनले सधैं पूजा गरिरहिन्।

एकदिन जब कृष्णले रूक्मिणीलाई भेटे। एक नजरमा कृष्णलाई प्रेम भयो तर राधाले जुन प्रेम-प्यास उत्पन्न गराइदिएकी थिइन्। त्यो मेटिएन। जति-जति समय बित्दै गयो, कृष्णले विवाह गर्दै गए। जाम्बवती, सत्यभामा, कालिन्दी, मित्रवृन्दा, नाग्नजीति, सत्या, भद्राजस्ता अनेक नारी उनको जीवनमा आए तर उनको प्रेमप्यास तृप्त भएन। कतिसम्म भने उनले सोह्रहजार एकसय रूपसीसँग प्रेम गरेको प्रसङ्ग कृष्ण कथाहरूमा पाइन्छ। यति गर्दा पनि कृष्णले राधाको जस्तो भावपूर्ण प्रेम कहिल्यै महसुस गर्न पाएनन्। जीवनको अन्तिम क्षणमा

धेरै पटरानीमध्ये कसैले कृष्णसँग सोधेकी थिइन्, "तपाईं आफ्ना रानीमध्ये कसलाई बढी माया गर्नुहुन्छ ?" कृष्णले एकक्षण पनि नसोची उत्तर दिए -"राधा।" जबकी राधाले कहिल्यै कृष्णकी रानी हुने सौभाग्य पाइनन्।

पाठकवृन्द, म आज यो धुम्मिएको मौसममा रोजनाको प्रेमतृष्णा कस्तो थियो होला भनेर कल्पना गरिरहेको छु। उनको प्रेमतृष्णा महसुस गरिरहेको छु। कृष्ण र राधा त सकुसल थिए तर यस कथामा रोजना सकुशल र विनयको शरीर विचलित भएको छ। सकुशल हुँदाहुँदै पनि एक शरीर विचलित भएका नेपाली भाषामा ठेटभन्दा अपाङ्ग भएकोप्रतिको यो प्रेमतृष्णा कति गहिरो छ।

सकुशल र विचलित शरीर भएका व्यक्तिको प्रेम कथामा आधारित यो उपन्यास पढ्दै गर्दा कसैको त मन रसाउला नि !

हुन त म सामान्य मान्छे, सामान्य पढेको। यति हुँदाहुँदै पनि मलाई लेख्न मन लाग्यो। म आफू जस्तो भए पनि मनमा लागेको कुरा लेखें। यो आँटमा साहित्यकार माधव सयपत्रीले सदैव ऊर्जा दिइरहनुभयो र पछि म लेखक पेशल आचार्यसँग जोडिएँ। उहाँले यस कृतिका लागि सहयोग गर्नुभएको छ।

केही साहित्यकार तथा प्रकाशकसँग सहयोग मागेको थिएँ यो किताब निकाल्न तर उनीहरूले सल्लाह दिए। भन्न त मन थियो मलाई मैले सल्लाह मात्र खोजेको हैन सम्पादन पनि खोजेको हो। किताब निकाल्न सहयोग मागेको पनि हो। सक्नुहुन्छ भने सहयोग गर्नुस्, हैन भने सल्लाहको जरुरी छैन। फेरि म अरूको सल्लाह त्यति नमान्ने मान्छे तर मैले त्यसो भनिनँ।

मैले पढेथें कतै, कमर्स पढ्ने सबै व्यापारी बन्दैनन्। राजनीतिशास्त्रमा स्नातक गर्ने सबै राजनीति गर्दैनन्। विज्ञानमा स्नातक गर्ने सबै वैज्ञानिक बन्दैनन् र सबै पढेकाहरू मात्र साहित्यकार बन्छन् भन्ने पनि छैन। एक अनपढ पनि व्यापारी, राजनेता, वैज्ञानिक र साहित्यकार बन्न सक्छ। आफ्नो साहित्य लेख्न सक्छ। आफ्नो रचना पोख्न सक्छ। मैले त्यसैलाई पछ्याएँ।

शरीर बेकम्मा भएपछि दिन कटाउन

## हिन्दू परम्परा अन्तर्गत चार रहष्य धर्म, अर्थ, काम, मोक्ष र पुरूषार्थमध्ये कुनै पनि प्राप्त गर्न पाइनँ सायद त्यतिकै खेर गयो मेरो जीवन ।

पुस्तकहरू अध्ययन गरें र लेखें तर किनेर पढ्ने आर्थिक हैसियत थिएन । धेरै जस्तो किताब नविन मगर 'गाउँले' दाइसँग मागेर पढें उहाँलाई म विशेष धन्यवाद दिन्छु ।

किताब पढेको देख्दा केही साथीहरू जिस्काउँथे 'यो पढन्ते भएछ ?' साहित्यकार नै बन्लाजस्तो छ ? खिस्याउँथे । आज सम्झँदा मन खिन्न हुन्छ ।

किताब पढ्नु चुरोट, खैनी र रक्सी खाने लतजस्तै रहेछ । अरू केही काम नभएपछि पढ्ने जाँगर त चलाउनै पऱ्यो । यो सिवाय अरू विकल्प पनि थिएन मेरो । मैले त्यही विकल्प उपयोग गर्न पढें अनि लेखें ।

किताब बजारमा निकाल्नको लागि सङ्घर्षमै बित्यो केही महिना । जीवन सङ्घर्ष पनि हो । सङ्घर्ष हरेकले गर्छन् तर हार खाँदैनन् । धैर्यसाथ प्रतीक्षा गर्छन् । मेरो किताब निक्लने सङ्घर्षको घडी पनि अत्यन्त पीडादायी बन्यो तर प्रतीक्षामा बस्नुबाहेक अर्को विकल्प थिएन ।

व्यवहारतः म पूर्णतः प्राकृतिक जङ्गली गुलाब भएकाले होला । एकदम क्रोधी र मुडी भएर पनि होला । डाँडाकाँडा चिर्दै बगेको नदी जो छु । दुष्ट जमात काममा अयोग्य र व्यवहारमा हुल्याहा देख्छन् । त्यहीबीच किताब निकाल्न समस्या त नपर्ने कुरै भएन ।

यो किताबमा प्रेम छ, अपाङ्गता भएका व्यक्तिको प्रेम । यो प्रेम लेखक स्वयम् आफैंको कारुणिक व्यथा पनि हुनसक्छ । लेखक स्वयम् यसको पात्र पनि हुन सक्छ तर साँचो प्रेममा "कोरा आई लभ यु" ले मात्र नपुग्ने रहेछ । मेरो जीवनमा पनि यस्तै अवस्था आयो भन्ने मूर्खतापूर्ण दावी म गर्दिनँ । यति मात्र स्वीकार्छु कि सम्भावना थियो, त्यो मेरै कारण वञ्चित भयो र त्यो सिर्जनामा परिणत भएन ।

कति लेखकले आफ्नै वास्तविकता ओकल्छन् । त्यहाँ सबै साँचो अथवा झुट्टा हुँदैन । एउटा बारीका फलेको मुलाको साइज त कुनै ठूला कुनै साना हुन्छन्, कुनै सिधा र कुनै बाङ्गा हुन्छन् । एउटै बोटमा फलेको टमाटार कुनै लाम्चो, कुनै गोलो, कुनै सानो त कुनै ठूलो हुन्छन् । लेखकको भावना पनि यस्तै हो । कहीं उत्कृष्ठ हुन्छ, कतैका शब्द झुर खालका हुन्छन् । यो किताबबाट सद्व्यवहारको मात्र अपेक्षा नगरौं ।

यस किताबमा थोरै जङ्गलीपन छ, थोरै शहरीपन पनि छ । थोरै यौनिक छ र थोरै शून्यता पनि छ अनि अलिकति प्रणाली पनि छ । यही मिश्रित किसिमको युद्धक्षेत्रको अनेकताको फ्युजन गरी किताब निकाल्नको लागि सहयोग गर्नुहुने सबैप्रति म ऋणी छु ।

यो किताब मेरो गुरुहरूको आशीर्वाद, मेरा साथीहरूको सप्रेम र उदारताबाट उत्पन्न भएको त्रिवेणी हो ।

यो त्रिवेणीमा अपाङ्गवेदना प्रस्तुत छ । त्यसमा पनि ढाड भाँच्चिएर बनेका अपाङ्गको । यो त उदाहरण मात्र हुन् । यो उदारणले समाजको एउटा ठूलो अपाङ्ग जमातलाई समेट्छ र त्यसमा कतै न कतै आफ्नै छायाँ देख्नेछ । यहाँ भएका पात्रहरूले अपाङ्ग भएको पुस्तालाई यो कृतिमा कतै न कतै पात्रको रूपमा पाउनुहुनेछ ।

किताब लेख्न मुस्किल भएन खरर टाइपिङ्ग गरें सक्किहाल्यो तर मैले लेख्न खोजेको कुरा ल्याउन निकै मुस्किल भयो । भन्न खोजेको कुरा धेरै छुटे । पाठकहरुले पनि मूल्याङ्कन गर्नुहोला ।

यो कृति मन छुने छ या छैन ? तर आशा छ, पाठकलाई छुन नसक्नु कठिन होइन, चाहेजस्तो तरिकाले उसलाई स्पर्श गर्न मात्र अप्ठ्यारो हो ।

म कृतज्ञ छु शब्दार्य प्रकाशनप्रति । साहित्यकार विनयकुमार शर्मा नेपाल जसले मलाई मौका दिनुभयो, किताब पढ्न र लेख्न हौस्याउनुभयो ।

किताबमा जे लेखें पनि संसारदेखि मुक्त हुन मैले विधिवत् ईश्वरको ध्यान कहिले गरिनँ । जो मेरा साथीहरू धर्म परिवर्तन गर्दै लागिरहेका छन् । न मैले उनीहरूले जस्तै स्वर्गको ढोका खोल्ने धर्म नै गरें ।

न त युवतीको कठोर स्तन र जाँघको आलिङ्गन नै गरें । त्यो सपनामा पनि गरिन होला सायद । म त केवल आमाको यौवनरूपी वृक्षलाई काट्ने बन्चरो मात्र भएँ । आमाको चढ्दो उमेरलाई बिगार्न मात्र जन्मिएँ ।

हिन्दू परम्परा अन्तर्गत चार रहष्य धर्म, अर्थ, काम, मोक्ष र पुरुषार्थमध्ये कुनै पनि प्राप्त गर्न पाइनँ सायद त्यतिकै खेर गयो मेरो जीवन ।

जुनसुकै घटना हुन् वा जजसले मलाई बग्न मद्दत गरे, ती सबैलाई नमन । जसले मलाई गिज्याए, रोक्न कोसिस गरे तिनीहरूलाई पनि नमन । मेरो शरीर विचलित नभएको भए मैले लेख्ने थिइनँ र सायद साहित्यमा पनि लाग्ने थिइनँ । पाठकहरूका सही मार्गदर्शन र सल्लाहको सदैव स्वागत गर्दछु । ००

शुद्ध शाकाहारी लोकप्रिय
लुम्बिनी तन्दुरी भोजनालय

घण्टाघर, काठमाडौं, फोन : ०१-४२३२०७९ ९८५१११७७६४ (जीवन पोखरेल), ९८४९७७५८४२ (लेखनाथ पोखरेल)

यहाँ नेपाली तथा इन्डियन खाना, नान, रोटी, परौठा, दाल फ्राइ, राजमा, पनिरका परिकारहरुका साथै मसरुमका परिकार अर्डर अनुसार तयार गरिन्छ । साथै यहाँ होम डेलिभरिको व्यवस्था पनि छ ।






# नाडा अटो सो

## महिन्द्रा - अग्निग्रुपका केही झलक

**महिन्द्रा एण्ड महिन्द्राका केयुभी - १००, टियुभी-३०० र एक्सयुभीका तीन क्याटेगुरीका गाडीहरुका साथै महिन्द्रा मोजो बाइक कम्पनीले प्रस्तुत गरेपछि अग्नि ईन्कर्पोरेटेडमा ग्राहकहरु क्याम्पियनमा बढेसँगै मौलिक छवि महिन्द्राको झनै बलियो भएको देखिन्छ ।**







बराह ज्वेलरी इण्डष्ट्रिज प्रा. लि.
BARAHA JEWELLERY INDUSTRIES PVT. LTD.
www.barahajewellery.com
New Road Gate, Kathmandu, Tel: 01-2296915, 4232965, Fax: 01-4233511, Email: info@barahajewellery.com
Contact Offices:
Pipal Bot: New Road, Kathmandu, Tel: 01-2190004, 4266799 Dharan: Bhanuchowk, Mahendrapath, Tel: 025-526777, 520056, Fax: 025-522412 Pokhara: Sabha Griha Chowk, Pokhara, Tel: 061-206570 U.K.: Aldershot, London, Tel: 0044-7824332127 1252409272
Hong Kong: 12/F Gofuku Tower 62-64, Woosung Street, Jordan KLN, HONG KONG, Tel: 00852-27838955, Fax: 00852-25538966




मानसिक स्फुर्ति
शारीरिक शक्ति
आयो नून खाऔं स्वस्थ रहौं
आयोडिनको कमीबाट हुने विकृतिहरु:
१. गर्भ तुहिने, मृत शिशु जन्मिने, अङ्ग भङ्ग भएको शिशु जन्मिने, जन्मेको शिशु चाँडै मर्न सक्ने ।
२. बच्चाहरु बहिरा, लाटा, लठ्उरा, बामपुड्के, डेडो आदि हुन सक्ने ।
३. पढाईमा कमजोर भई पटक पटक फेल हुनुको साथै खेलकुदमा समेत पछाडि पर्नसक्ने ।
४. गलगाँड आउने, सुस्तमनस्थिति हुने ।
५. आयोडिनको कमीले I.Q. Level कम हुने ।
६. आयोडिनको कमी भएमा मानिसहरुमा आलस्यपन आउने, काम गर्ने क्षमतामा कमी आउने ।
७. आयोडिनको कमीबाट गाईवस्तुले दुध कम दिने ।
आयोडिनको कमीबाट हुने विकृतिहरु उपचार गरेर हटाउन सकिदैन । त्यस्ता विकृति आउन नदिन एकमात्र उपाय आजै देखि आयोडिनयुक्त दुई बालबालिकाको चिन्ह अंकित पाकेटको नून मात्र प्रयोग गरौं ।
दुई बालबालिका चिन्ह अंकित आयोडिनयुक्त पाकेटका नून सधैं प्रयोग गर्नुहोस् ।
TRIKON/12
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
केन्द्रीय कार्यालय: पो.ब.नं.: ४८३, कालिमाटी, काठमाडौं, नेपाल
फोन नं.: ४२७०३१५, ४२७१०१४, ४२७१२०८
फ्याक्स नं.: ९७७-१-४२७१७०४, ४२७१३९५

# लघुवित्त फ्रेन्ड्ली छ नेपाल राष्ट्र बैंक



चिन्तामणि सिवाकोटी *डेपुटी गभर्नर*

जतिबेला मुलुकमा वित्तीय पहुचको अवस्था अत्यन्त न्यून थियो, गाउघरमा वित्तीय संस्थाहरू नपुगेको (पुग्न नसकेको) अवस्था थियो त्यतिबेला हामीले उदार नीति, खुला बजार अर्थनीति अपनाएकै हौं र हामीले सारा वित्तीय संस्थाहरूलाई स्थापनाको लागि बाटो खोलेकै हौं तर कालान्तरमा गएर के भयो भने बैंक-वित्तीय संस्थाहरू धेरै नै भए र तिनीहरू हाम्रो मुलुकको क्यापासिटी, हाम्रो अर्थतन्त्रको क्षमता भन्दा बढी संख्यामा भएको महसुस गरेपछि, अस्वस्थ प्रतिस्पर्धा हुन थालेपछि, यसले नेपालको वित्तीय क्षेत्रलाई विसंगती पूर्ण बनाउने सम्भावना देखेपछि हामीले क, ख, ग हरूलाई लाइसेन्स दिन अंकुश लगायौं । वित्तीय पहुच विस्तारलाई रोक्न नभई भइरहेका बैंक तथा वित्तीय संस्थाहरू मर्जर, एक्युजिशन मार्फत बढी सशक्त बनाउने र उनीहरू मार्फत ग्रामीण क्षेत्रमा शाखा विस्तार गर्दै जाने नीति अनुसार नै हामीले कन्ट्रोल गरेका थियौं ।

***तपाई डेपुटी गभर्नर जस्तो गरिमामय पदमा आइपुग्नुका पछाडी त्यसको श्रेय कसलाई दिनुहुन्छ ?***

- तत्कालीन सरकार जसले मलाई नियुक्ति गऱ्यो, नियुक्तिको लागि सिफारिस गरिदिने गभर्नर सा'ब, मेरा शुभेच्छुक साथीभाइ, कर्मचारी मित्रहरू र सिंगो बैकिङ्ग जगत लगायत म जन्मि हुर्कि, शिक्षा हासिल गर्दै आजसम्म आईपुग्न योगदान दिनुहुने, सद्भाव- माया गरिदिनु हुने सबैजना एवं आन्तरिक प्रतियोगितामा निष्पक्ष र पारदर्शी ढंगबाट शुरूकै दिन देखि साथ दिने नेपाल राष्ट्र बैंक व्यवस्थापनलाई र प्रत्यक्ष-अप्रत्यक्ष साथ सहयोग गर्न हुने मेरा शुभचिन्तक मित्रहरूलाई नै यसको श्रेय दिन चाहन्छु । गाउँ-ठाउँबाट आएको मान्छे आफ्नो क्षमताद्वारा यो पदमा आइपुगें - सबैप्रति हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु ।

***तपाई राष्ट्र बैंकमा रहेर लघुवित्त सम्बन्धि लामो अनुभव हासिल गरेको विज्ञ हुनुहुन्छ, नेपालमा झण्डै ६०% जनता वित्तीय पहुचभन्दा बाहिर छन्, मुख्यतः पछिल्लो समयमा ग्रामीण भेगमा वित्तीय बहुच पुऱ्याउन लघुवित्त बैंकहरूको भूमिका गणनीय मानिन्छ, हालै राष्ट्र बैंकले मौद्रिक नीति मार्फत लघुवित्त संस्थाहरूलाई लगाएको अंकुशका कारण लघुवित्त संस्था नै बन्द हुने अवस्था हुन सक्छ भन्ने सुनिन्छ, यसमा नेपाल राष्ट्र बैंकको धारणा के छ ?***

- हामी के कुरामा स्पष्ट हुनुपर्छ भने हिजो

लघुवित्त बाहेक अरूहरूलाई त्यसरी लाइसेन्समा अंकुश लगाउदा लघुवित्त संस्थाहरूलाई चाहि हामीले एउटा पहुच विस्तारको दृष्टीकोणले उनीहरू ग्रामीण क्षेत्रमा पुगुन् सबै जिल्लामा लघुवित्तको सेवा पुगोस् भन्ने हिसाबले नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थाहरूलाई उदार राखिदिएको हो । अहिले हेर्ने हो भने ७५ वटै जिल्लामा लघुवित्त संस्थाहरूको उपस्थिती भइसकेको छ, त्यस्तै ७५ वटै जिल्लामा सहकारी संस्थाको स्थापना पनि भइसकेको छ । अहिले ४३ वटा लघुवित्त संस्था कार्यरत भएको अवस्था छ भने आठ-दशवटालाई हामीले सैद्धान्तिक सहमति दिइसकेका छौ र वहाँहरू स्थापनाको नजिक पुगिसक्नु भएको छ । लघुवित्त खोल्नेहरूको प्रतिस्पर्धा यसबिचमा भइरहेको हो कि ! धेरै मान्छेहरू लघुवित्त प्रति आकर्षित भइरहेको देखिन्छ किनभने अहिले राष्ट्र बैंकसँग एकसय पन्ध्रवटा लघुवित संस्थाहरू स्थापनाको पाइप लाइनमा छन् ।

७५ जिल्ला भएको हाम्रो मुलुकमा ४३ वटा संचालनमा छन् र ११५ वटा संस्था थप आउनको लागि खोजिरहेका छन् भने हाम्रो इकोनोमिको आयतन भन्दा यो ठूलो हो, यहाँभन्दा बढी लघुवित्त संस्थाहरू हामीले जन्मायौं भने तिनीहरू भोलि सस्टेन गर्न सक्दैनन्, जन्मायौं तर हुर्किन नपाउदै मरे भने अवस्था के होला ? यदि सही ढंगले व्यवस्थापन गर्न सकेनौं भने हाम्रो इकोनोमीलाई झन् घाटा पुऱ्याउछ त्यसो भएको हुँदा हामीले लघुवित्तको स्थापनालाई कडाइ गर्नुपर्ने बाध्यता सिर्जना भएको हो । अब आउने निवेदनलाई चाहि रोक्ने भनेका हौं; पाइपलाइनमा भएका ११५ वटालाई चाहि प्रक्रिया पुरा गरेको अवस्थामा लाइसेन्स दिने भनेका हौं ।

अर्को कुरा विकट ग्रामीण भेगमा विशेष गरेर उपल्लो हिमाली भेगका दुर्गम तोकिएका ९ वटा जिल्लाहरूमा चाहिँ त्यहीँ नै हेड अफिस खोलेर त्यहीँ भित्रै कारोबार विस्तार हुने अवस्थामा चाहि लघुवित्त खोल्न चाहनेलाई हामी साथ दिन्छौं भनिरहेका छौं । बुझ्नु पर्ने कुरा के हो भने लक्ष्मी नारायण जी, संस्था धेरै खोलेर मात्रै पहुँच विस्तार हुने हैन, ति संस्थाहरूलाई धेरै शाखा खोल्न दिएर ग्रामीण क्षेत्रमा जहाँ जहाँ जनताहरूको बैकिङ्ग पहुच पुगेको छैन, त्यहाँ बैंकका शाखाहरू खोल्नु पऱ्यो । २८ वटा 'क' वर्गका बैक छन्, झण्डै ७० वटा 'ख' वर्गका बैक छन् त्यस्तै फाइनान्स कम्पनी दर्जनौं छन् कति छन् कति, हो तिनीहरूका शाखा गाउँ-गाउँमा खोल्नु पऱ्यो ।

त्यस्तै हामीसँग संचालनमा भइरहेका लघुवित्तका शाखाहरू गाउँ-गाउँ, वस्ती-वस्तीमा दुर्गम भेगमा खोल्नु पऱ्यो साथै सहकारीहरूले पनि गाउ गाउँमा विस्तारित हुनु पऱ्यो । यसो गरेपछि मात्रै ग्रामीण जनताहरूलाई वित्तीय पहुचको दायरामा, बैकिङ सेवाको दायरामा ल्याउन सकिन्छ । नेपाल राष्ट्र बैंक जहिले पनि लघुवित्त फ्रेन्ड्ली छ र जहिले पनि जनताहरूलाई कसरी वित्तीय सेवा पुऱ्याउने भन्ने चिन्तामा छ ।

***खुल्ला अर्थतन्त्रको नीति अवलम्बन गरिसकेपछि केन्द्रीय बैंकले ब्याजदर लगायतका विषयमा हस्तक्षेप गर्नु नीति विपरित भएन र ?***

- साधारणतया ब्याजदर लगायतका कुराहरूमा चाहि त्यो नीति विपरित हो, खुल्ला बजारको मर्म भनेको ब्याजदरलाई ओपन छाडिदिने अवस्था चाहि हो तर हाम्रो जस्तो देशको स्पेसिफिक अवस्थामा चाहि सबै खुल्ला अर्थतन्त्रले जे जे भनेको हो, सम्पूर्ण कुराहरूलाई हुबहु लागु गर्ने कुरा हुदैन, त्यसमा केही केही कुराहरू हाम्रो विशेष वस्तुगत परिस्थिति र अर्थतन्त्रको आवश्यकता अनुसार त्यसमा केहीहदसम्म असर गरिरहेको हुन्छ । यद्यपि, खुला अर्थतन्त्रको खिलाफमा हामी

- **वित्तीय स्थायित्व कायम गर्ने राष्ट्र बैंकको कर्तव्य हो ।**
- **बढी रकम असुल्न थाले भने राष्ट्र बैंकले नजर राखेको हुन्छ ।**
- **त्यसैले मर्जर उपयुक्त देखियो र संख्या पनि कम हुने भयो ।**
- **पार्लियामेन्टले वित्तीय मध्यस्थता ऐन बनाएर काम गर्न दिएको हो ।**
- **यो सिमित बैकिङ्ग कार्यक्रम हो ।**
- **संघर्षको आयाम हो साथै गतिशील बग्ने नदी र समय हो जीवन ।**
- **नेपाली भएर सनातन हिन्दु समाजमा जन्मेपछि भगवान्मा विश्वास गर्नुपर्छ ।**
- **लघुवित्त संस्था ४३ वटा संचालनमा र ११५ वटा संस्था थप आउनको लागि खोजिरहेका छन् ।**
- **यसो गरेपछि मात्रै ग्रामीण जनताहरुलाई बैकिङ सेवाको दायरामा ल्याउन सकिन्छ ।**



कहिल्यै छैनौ । खुला अर्थतन्त्रको पक्ष मै छौ । बैंक तथा वित्तीय संस्थाको ब्याजदरलाई ओपन नै छोडेका छौं, तोकेर हिडेका छैनौं, कमसेकम ५ प्रतिशतको स्प्रेडमा काम गर्नोस् है भन्नेसम्म मोरल सर्वेक्षण गरेका छौ तरपनि वहाँहरूले ५ को ठाउँमा ६ गरेपनि कारवाही गरेका छैनौं ।

तर कुरा के हो भने यदि बैंक तथा वित्तीय संस्थाहरूले ब्याजदर खुला पार्ने भनेर अस्वस्थ प्रतिस्पर्धा गर्न थाले भने अथवा जनताहरूको डिपोजिटमा कम ब्याजदर दिने अनि कर्जामा धेरै ब्याज लिने र बढि से बढी नाफामूखी हुन थाले भने चाहि राष्ट्र बैंक घण्टी बजाएर बसि राख्दैन । किनभने राष्ट्र बैंक भनेको (सर्वसाधारण जनताको बचत लिएर बैंक तथा वित्तीय संस्थाहरू संचालित भइरहेका हुन्छन्) सर्वसाधारण जनता जसले बैंकसँग कारोबार गरिरहेका हुन्छन्, उनीहरूको हित रक्षाको लागि, कर्मचारीहरूको हित, यावत बैंकका ग्राहकहरूको हित संरक्षणमा लागेको हुन्छ, सेवा शुल्कहरूको नाममा बढी रकम असुल्न थाले भने राष्ट्र बैंकले नजर राखेको हुन्छ ।

भट्टराईजी, तपाईको प्रश्न लघुवित्त तर्फ मुखरित हो भने, लघुवित्त संस्थाहरूले नेपालमा २४% सम्मको ब्याजदर लिइरहेका छन्, त्यो कुरा अहिलेको मार्केटको इकोनोमी अनुसार ठूला बैंकहरूले होमलोन लगायत अन्य कर्जामा ८ देखि १०% सम्म मात्र ब्याज लिइरहदा लघुवित्तले चाहि ग्रामीण भेगका गाउका गरीब-निमुखा वर्ग सँग २४% लिनु, त्यो न्यायसंगत होइन, पक्षपाति देखियो । हामीले के भनेका हौं भने लघुवित्तहरूले ब्याज घटाएर जनतालाई अलिकति भए पनि राहत दिनुस्, १८% सम्म मात्र लिनुस् भन्न खोजेका हौं (अध्ययन रिपोर्ट अनुसार) । तर लघुवित्त बैंकहरूले चाहि हाम्रो कष्टिङ लागत धेरै लागेको हुन्छ, गाऊ गाऊ पुग्नु पर्छ, गाह्रो छ भनिरहनु भएको छ । लघुवित्त बैंक, लगानी कर्ताहरूले ग्रामीण भेगका जनतालाई राहत दिनुपर्छ, आफूले मात्र धेरै कमाउने होइन, अलि कम नाफा लिनुस्, यस अर्थमा १८% सम्म ठीक्क हुन्छ अरू बैंकको भन्दा सात प्रतिशतको स्प्रेडमा काम गर्नुपर्छ लघुवित्तले, हामीले प्रतिशत तोकेकै चाहि छैन । राम्रो गर्नुस्- व्यवस्थित गर्नुस्- जनतालाई पनि केही राहत पुगोस् भन्ने बाटो मात्र लघुवित्तलाई देखाउन खोजेका हौं; नीति विपरित राष्ट्र बैंक गएको छैन ।

***गैर नाफामुखी संस्थाले नाफामुखी संस्थामा लगानी गर्ने वातावरण नेपाल राष्ट्र बैंकले सिर्जना गरायो भन्ने बजारमा चर्चा छ, वास्तवमा यसलाई नेपाल राष्ट्र बैंकले कसरी लिएको छ ?***

– एनजिओ, आइएनजिओहरू संस्था दर्ता ऐन अन्तर्गत दर्ता भएर काम गरिरहेका छन्, संस्था दर्ता ऐन २०३४ ले दिएको व्यवस्था छदै थियो, पछि त्यस्ता संस्थाहरूले पनि ग्रामीण क्षेत्रहरुमा जहाँ बैंक तथा वित्तीय संस्थाहरू पुगेका छैनन्, त्यहाँ धेरै ग्राहकहरूलाई अर्गनाइज गरेर, समूहमा आबद्ध गराएर चेतनामूलक कार्यक्रमहरू गरेर, तालिम गराएर, साक्षर बनाउने, स्वरोजगार मुखी बनाई दिने, कर्जा उपलब्ध गराइदिने र आफै काम गर्न सक्ने-आफ्नै खुट्टामा उभ्याईदिने कन्सेप्टले वि.सं. २०५५ सालमा पार्लियामेन्टले वित्तीय मध्यस्थता ऐन बनाएर काम गर्न दिएको हो । हामीले चाहि आइएनजीओहरूलाई फुल-इजाजत नदिएर त्यो एक किसिमको काम गर्न पाउने पत्र मात्रै दिएका हौं । वहाँहरूले आफ्ना सदस्यहरूलाई मात्रै कर्जा दिन पाउनु हुन्छ र डिपोजिट लिन पाउनु हुन्छ, यो भन्नुको मतलव वहाँहरूले सिमित बैकिङ्ग कारोबार गर्न पाउनुहुन्छ, यो सिमित बैकिङ्ग कार्यक्रम हो ।

सर्वसाधारण जो सुकै जनताको खाता खोलेर पैसा कलेक्सन गर्ने लाइसेन्स होइन । अन्य बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण लिएर गाउँमा कर्जामा प्रयोग गर्न पाउने भनेर दिएको व्यवस्था हो । यो व्यवस्था अन्तर्गत वहाँहरूले सामाजिक जागरण ल्याउनुहुन्छ, महिला सशक्तीकरणका काम, गाउघरमा बाटो, कुलो, पुल, नहर, धारा बनाउँने लगायतका सामाजिक काम र आर्यआर्जन, रोजगारी वृद्धिका सिपमूलक कामहरू सिकाउने र कर्जा दिने कामका लागि हामीले स्वीकृति दिएको हो । तर अब अहिले आएर नेपाल सरकार कै विभिन्न निकायहरूबाट यसरी दर्ता भएका गैर नाफामुखी संस्थाले लगानी गरेका संस्थामा टेवा नदिने भनेपछि त्यस्ता काम गर्ने संस्थाहरूलाई थप माइक्रो फाइनान्सको लाइसेन्स दिने काम हाल रोकिइरहेको अवस्था छ, कि वहाँहरूले फुकुवा गरेर आउनु पऱ्यो र हामीले स्वीकृति दिन सक्छौं भनेका हौं । ०५५ सालमा त्यो बेलाको मुलुकको अवस्था र बैकिङ्ग पहुँच गाउँघरमा नपुगेका बेला आएको त्यो ऐन अनुसार संचालन भएर राम्रै गरेका हुन् भन्नु पर्दछ । अब अहिले यिनीहरूलाई व्यवस्थित गर्ने बारे वा विकल्पको रूपमा कसरी काम गर्न दिने बारे हामी छलफल गर्ने पक्षमा छौं ।

***राज्यमा आर्थिक शुसासन र स्थिर आर्थिक अवस्था कायम राख्न नेपाल राष्ट्र बैंकले कस्तो नीति अवलम्बन गरेको छ त ?***

– बैक तथा वित्तीय संस्थाहरूलाई स्वस्थ बनाउनका लागि हाम्रो नीति नै त्यही हो- सामञ्जस्यता कायम राख्ने, वित्तीय स्थायित्व कायम गर्ने राष्ट्र बैंकको कर्तव्य पनि हो । मूल्यमा आउने व्यापक उतार चढावलाई कसरी कन्ट्रोल गर्ने भन्ने सन्दर्भमा पनि काम गर्नु पर्ने हुन्छ । यद्यपी सरकारले आर्थिक वृद्धिको महत्वाकांक्षी लक्ष्य राखेको हुन्छ, सरकारले राखेका आर्थिक वृद्धिको लक्ष्यहरूलाई परिलक्षित गर्ने वातावरण बनाइदिनु र त्यसमा सहयोगी सिद्ध हुनु नेपाल राष्ट्र बैंकको कर्तव्य



- **नेपाली अर्थतन्त्र सामु थुप्रै चुनौतीहरू छन् ।**
- **अपराधी मनस्थिति भएका बैंकरहरु पनि मैले देखें ।**
- **नेपालको भविष्य उज्वल छ ।**

हो । सरकारले राखेको आर्थिक वृद्धिको कार्यक्रमलाई पूरा गर्ने क्रममा हामी अलिक उदार भएर गैदियौं भने मूल्यवृद्धिले नेटो काट्ने हुन्छ । त्यो भएको हुनाले हामीले तोकिएको आर्थिक वृद्धिलाई प्राप्त गर्ने बाटोमा जाँदा केही हदको मूल्य वृद्धिलाई सहँदै पनि (पूरै मूल्यवृद्धि हुन नदिइकन) आर्थिक वृद्धिलाई पछ्याउदै हामीले अगाडी बढ्ने ढंगले नीति बनाउछौं । हाम्रो मूल फोकस भनेको वित्तीय स्थायित्व कायम गर्ने हो ।

यसका लागि वित्तीय क्षेत्रमा भएका तमाम विसंगति र विकृतिहरूलाई निमिट्यान्न पार्नको लागि हाम्रो सुपरिवेक्षणको दायरालाई दिन-प्रतिदिन अत्यन्त चुस्त र दुरूस्त बनाउदै गइरहेका छौं । अन्तर्राष्ट्रिय पाराले तालिम दिएर, निरिक्षण गराएर (क्यापिटल रेकर्ड थ्रीमा प्रवेश गरेर) सुपर भिजन गराई काम गरिरहेका छौं । बैंक तथा वित्तीय संस्थाहरूले पालना गर्नुपर्ने विभिन्न ऐन बनाउने, परिमार्जन गर्ने काममा निरन्तरता छ । राष्ट्र बैंक ऐनमा हामी समय सापेक्ष सुधार गर्दै गइरहेका छौं । वाफिया ऐन, बैकिङ्ग कसुरको ऐन, कर्जा सुरक्षणको ऐन, सम्पत्ति शुद्धिकरण सम्बन्धिका ऐन, आदि इत्यादि सबै ऐनहरूलाई बनाउने - परिमार्जन गर्ने, समय सापेक्ष यी ऐन अन्तर्गत रहेर काम गर्ने वातावरण सहज बनाउदै, निर्देशिकाहरू, विनियमावलीहरू बनाइ रहेका छौं, कतिपयलाई सुधार गर्दै गईरहेका छौं र फाइनान्सियल सेक्टरमा देखिएका विकृतिहरूलाई निमिट्यान्न गर्नको लागि र वित्तीय माफियाहरूलाई कानुनको कठघरामा ल्याएर उनीहरूलाई दण्डीत गर्ने काममा हामी अर्थात नेपाल राष्ट्र बैंक अगाडी बढिरहेका छौं । हामी आफ्नो वचन बद्धता र कर्तव्य परायणतामा अडिग रहेर, कसैका कुरा नसुनीकन, कानुनको पालना गरेर अघि बढिरहेका छौं अर्थात् बैकिङ क्षेत्रमा स्थायित्व कायम गर्ने र वित्तीय शुसासन कायम गर्ने दिशामा अगाडी लागिराखेका छौं ।

***एकातर्फ बैंक तथा वित्तीय संस्था नेपालको बजार अनुसार संख्यात्मक हिसाबले बढी भयो भनी मर्जर र एक्युजिसनको नीति नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको देखिन्छ अर्कोतर्फ बैंक तथा वित्तीय संस्था मुख्यतः लघुवित्त बैंक ४३ वटा हाल रहेकोमा यसको संख्या दोब्बर हुने वा पार्ने किसिमले तपाईहरूले नयाँ लाइसेन्स दिई रहनु भएको छ, यो नीति विपरित भएन र ?***

- भट्टराई जी, मैले अघि पनि प्रष्ट पारिसकेको छु कि, हामीले इकोनोमीको साइज भन्दा धेरै बढी संस्थाहरू भइसकेपछि त्यहाँ अस्वस्थ प्रतिस्पर्धा बढी हुने हुन्छ, सबैले मार्केट नपाउने सम्भावनाहरू रहने भए । अनि त्यो भन्दा पनि हामीले मर्जर र एक्युजिशन गर्नु परेको कारण के हो भने हाम्रो देशको मूल मुद्दा भनेको हाइड्रोपावर प्रोजेक्ट जस्ता कुराहरू हुन् । यहाँ चाहि २।२ अरबका बैंकहरू छन्, एउटा हाइड्रोपावर प्रोजेक्ट खोल्नु पर्‍यो भने ५० अरब चाहिएला, कसैले लगानी गर्ने कुरा आउदैन, जम्मै बैकहरू मिलेर गर्दा पनि समस्याको समस्या होला, समाधान हुने नदेखेर नै हामीले २ अरबका बैंकहरू चल्दैनन्, मुलुकको कायापलट फेर्ने हो भने बैंकहरूलाई सक्षम बनाउनुथ्यो ताकि पूजीगत रूपमा बलिया भएपछि ठूला प्रोजेक्टहरू पनि गर्न सकुन् । बैंकका प्रोमोटरहरूले पैसा थप्न नसक्ने अवस्थामा मर्जर गराऔं भनेर त्यसो गरेका हौं । ठूलठूला हाइड्रो प्रोजेक्टहरू बनुन् र त्यसमा २।४ वटा बैंक मिलेर गर्न सकुन् भन्ने चाहना हो ।

अर्को कुरा सार्क मुलुकहरूमा भुटान भन्दा पनि हामी कमजोर अवस्थामा रहेछौं, त्यसले गर्दा पनि पुँजी वृद्धि गर्नु पर्छ भन्ने कुरा आएको हो । त्यस्तै, थोरै पुँजी हुँदा बैंकहरू पनि खुद्रै किसिमका भए, उनीहरूले सटीक ढंगले राम्रा र ठुला काम गर्न सकेनन् र बैंकहरू धेरै भइदिदा तिनीहरूको खर्च धेरै हुदो रहेछ, हरेक बैंकको हेड अफिस, बोर्ड मिटिङ, साइनबोर्ड आदि हुनुभन्दा ५ वटा बैंकको एउटै हेड अफिस, एउटै खर्च भएपछि कति राम्रो भो, त्यसैले मर्जर उपयुक्त देखियो र संख्या पनि कम हुने भयो ।

फेरि, अर्को कुरा २ करोड ८० लाख जनसंख्या भएको हाम्रो मुलुकमा निक्षेपको खाता खोल्नेहरू एक करोड ६६ लाख जनता छन् तर कर्जा हेर्नु भो भने १० देखि ११ लाख मात्रै छन् अर्थात् अहिले पनि ठूलो संख्याले बैकिङ् सेवा लिएका छैनन् । यिनै कारणले गर्दा हामीले बैंक तथा वित्तीय संख्याको केही वर्ष अघि लाइसेन्सको ढोका बन्द गर्दा लघुवित्तको चाहि खुल्लै राखेका थियौं । तर अहिले चाहि ४३ वटा हाल कायम रहेकोमा लघुवित्त संस्थाहरूलाई ज-जसले निवेदन दिइसकेका छन् तिनीहरूलाई र ९ वटा जिल्ला (जुन तोकिएका छन्) मा गर्न चाहनेहरूलाई मात्र स्वीकृत दिन्छौं । साथै अहिलेका बैंक तथा वित्तीय संस्थाहरूलाई पनि विपन्न वर्गमा लगानी गर्नुस् पहाडी जिल्ला जानुस् भनेका छौं । ०७३ जेठमा १८२ वटा (क, ख, ग, घ वर्गका वित्तीय संस्थाहरू) भए तापनि तिनका शाखाहरू चार हजार २ सय १९ वटा छन् । र, यीनीहरू ७५ वटै जिल्लामा छरिएका छन् । प्रतिशाखा ६ हजार ६ सय ४७ जनाले सेवा पाएका छन् र यो संख्या दिनप्रतिदिन (बैकिङ् सेवा लिनेको संख्या) बढ्दै गइरहेको छ अर्थात ६०% बाट जनता घटेका छन् (वित्तीय पहुच नलिनेहरू) ।

जे होस् अब प्रक्रिया पुर्‍याएर आउने लघुवित्त संस्थाहरूबाट देशैभरका जनताले सेवा पाउन सक्छन् जस्तो मलाई लाग्दछ । कारोबारमा सहजता हुदै गयो भने क, ख, ग र घ का सबैले गाउगाउमा सेवा पुर्‍याएपछि सहजता भइसकेपछि लघुवित बैंक तथा वित्तीय संस्थाका शाखा धेरै भएर कस्ट्ली हुन गयो भने हामीले फेरि ती लघुवित्तहरूलाई मर्जर र एक्युजिशनको नीति पनि ल्याउँन सक्नेछौं - भविष्यमा ।

***जीवन के हो जस्तो लाग्छ ? भगवानमा विश्वास गर्नुहुन्छ ? नेपालमा बैंकर कस्ता कस्ता देख्नु भो ? र, यो मुलुकको भविष्य कस्तो देख्नुहुन्छ ?***

- मान्छेको जीवन संघर्षको आयाम हो साथै गतिशील बग्ने नदी र समय हो जीवन । समाजसेवी, मानवसेवी र राष्ट्रसेवी भएर इमान्दारीताका साथ कर्तव्य पुरा गर्न पाइयो भने जीवन सफल भयो भन्ठान्नु पर्छ । नेपाली भएर सनातन हिन्दु समाजमा जन्मेपछि भगवान्मा विश्वास गर्नुपर्छ अर्थात् सुपरनेचुरल पावर वा प्रकृतिमा म विश्वास गर्छु । इमान्दार बैंकर जसले बैंकको हित गर्छ त्यस्ता धेरै छन् र देखासिकी गरेर हिड्ने स्वार्थी मानसिकता भएका, रातारात आफ्नो व्यक्तिगत स्वार्थ पूरा गरेर अपराधी मनस्थिति भएका बैंकरहरू पनि मैले देखें । विश्वको ध्यान अहिले नेपाल तर्फ छ, विदेशी लगानी भित्र्याउन सक्नु पर्छ । नेपाली अर्थतन्त्र सामु थुप्रै चुनौति पनि छन् । हाम्रो मुलुकमा विकास र निर्माण-पुनर्निमाणले गति ( तीव्र गति) पाउने हो भने र सबैले (नेता, जनता, राष्ट्रसेवकहरू) इमान्दार भएर संविधान कार्यान्वयनमा लाग्ने हो भने र चीन तथा भारतको प्रगती देखेर आम नेपाली जाग्ने हो भने नेपाल वास्तवमा नै प्राकृतिक सुन्दरता, सगरमाथा र बुद्धको देशको रुपमा संसारमै चिनिन्छ र विश्व भरका पर्यटक नेपाल आउन आतुर हुन्छन् भन्ने मलाई विश्वास छ अर्थात नेपालको भविष्य उज्वल छ । धन्यवाद अग्निचक्र मासिक । जय होस् - नेपाल र नेपालीको ॥ ००

## नेपाल सरकार
## कृषि विकास मन्त्रालय
## व्यवसायिक कृषि तथा व्यापार आयोजना, सल्लाघारी काठमाडौं

व्यवसायिक कृषि तथा व्यापार आयोजना विश्व बैंकको आर्थिक सहयोगमा नेपाल सरकार कृषि विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको आयोजना हो । यो आयोजना सन् २००९ देखि ६ वर्षका लागि पूर्वाञ्चल बाहेक चार विकास क्षेत्रका तराईका १५ र पहाडका १० जिल्लाहरू गरी जम्मा २५ वटा जिल्लाहरूमा कार्यान्वयनमा रहेकोमा दातृ संस्था विश्व बैंकले सन् २०१२ मा मध्यावधी मुल्यांकन गरी आयोजनाले हासिल गरेको प्रगतीको मुल्यांकन गर्दै आयोजनाका लागि थप सहयोग प्रदान गरेको छ । यसपछि आयोजनाको अवधी सन् २०१८ को जुनसम्म थप गरिएको छ । त्यसैगरी आ.व. २०७०।०७१ बाट आयोजनाको कार्य क्षेत्रसमेत देशभर विस्तार गरिएको छ । यस आयोजनाको मुख्य उद्देश्य आयोजना लागु भएका जिल्लाहरूका निर्दिष्ट कृषि उपजहरूको मूल्य शृ.लामा आबद्ध साना कृषक र कृषि सहकारी, कृषि उद्यमी एवं व्यवसायीहरूको प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्नु रहेको छ ।

यस आयोजनाले नाफामूलक तथा बजार उन्मुख उत्पादनमा संलग्न कृषक समूह तथा सहकारीलाई सहयोग साथै बजार पहुँच र कृषि व्यवसायमा सम्पर्क विस्तारमा सहयोग गर्ने, मूल्य शृंखलाको दृष्टिले उत्पादक, व्यापारी, प्रशोधनकर्ता र अन्य सरोकारवाला पक्ष समेतलाई समेटी उद्योगमा आधारित साझेदारिताको विकासमा सहयोग गर्ने तथा कृषि र खाद्य वस्तुको व्यापारमा विद्यमान बाधा व्यवधान घटाउने एवं कृषकहरू र कृषि वस्तुहरू उत्पादन गर्न सहयोग गर्ने रणनीति अवलम्बन गरेको छ ।

यी रणनीतिहरू हासिल गर्नका लागि आयोजनाले विभिन्न आह्वानहरूमार्फत मुल्यांकन गरी छनोट भएका कृषक समूह, सहकारी, लघु उद्यमी, नीजि फर्म तथा कम्पनहरूलाई पूरक अनुदान उपलब्ध गराउने नीति रहि आएको छ । यसै अनुरूप साना तथा सिमान्तकृत कृषक समुह, लघु उद्यमीहरूलाई समेत समेट्ने गरी आ.व. २०७१/७२ देखि नमुनाका रूपमा पाँचै विकास क्षेत्र समेट्ने गरी २५ जिल्लाहरूमा लघु अनुदान कार्यक्रम पनि लागु गरिएको छ । लघु अनुदान कार्यक्रम पूर्वाञ्चलमा इलाम, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु र ओखलढुंगा, मध्यमाञ्चलको दोलखा, रसुवा, सिन्धुपाल्चोल र नुवाकोट पश्चिमाञ्चालको बाग्लुङ, गोर्खा, गुल्मी, म्याग्दी र पर्वत, मध्यपश्चिमाञ्चलको जुम्ला कालीकोट, जाजरकोट, रोल्पा, रूकुम र सल्यान र सुदूरपश्चिमाञ्चलको दार्चुला, बैतडी डडेलधुरा र डोटीमा सञ्चालन गरिएको छ । उपभोक्ताको स्वास्थ्य तथा वातावरण संरक्षणलाई मध्यनजर गरी तरकारीमा विषादी व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि पनि आयोजनाले आंशिक अनुदान कार्यक्रम लागू गरेको छ ।

**बिस्तृत जानकारीका लागि सम्पर्क :**

**व्यवसायिक कृषि तथा व्यापार आयोजना**

सल्लाघारी, महाराजगञ्ज, काठमाडौं

फोन : ९७७ ०१ ४०१७७६५ फ्याक्स : ९७७ ०१ ४३७३२३६ Email: mail@pact.gov.np, website: www.pact.gov.np



## आकर्षक ब्याज र उचित प्रतिफलका लागि सधैं सम्झनुहोस्

**बचत खातामा**
**५.५० प्रतिशतदेखि ६.००**
**प्रतिशतसम्म**
**पाँच वर्षे मुद्धती खातामा**
**१०.०० प्रतिशतसम्म**
**"एकमुष्ट ब्याज" पाइने**
**तपाईंको आफ्नै**
**सिनर्जी फाइनान्स**

**सिनर्जी फाइनान्स लिमिटेड**
**Synergy Finance Ltd.**


नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**केन्द्रीय कार्यालय**
मिलनचोक, बुटवल १०, रुपन्देही
पो.ब.नं. २५, फोन: ७१-५५१५२०/२१
फ्याक्स: ५५१५२२

**कर्पोरेट अफिस**
कमलादी, काठमाण्डौ
पो. ब. नं. २१५०७, फोन: ४४४२४६१/६२/६३
फ्याक्स: ४४४२४६०

साबिक बुटवल फाइनान्स लि., एल्पीक एभरेष्ट फाइनान्स लि. र सिएमबि फाइनान्स लि. एक आपसमा गाभिएर बनेको संस्था

निबन्ध - विनयकुमार शर्मा नेपाल




# यो ब्रह्माण्डमा उब्जिएका सबै चीज गोलो । गोलो अर्थात् पुनरावृत्तिको प्रमाण हो गोलाइ । त्यसैले 'म' युगयुगदेखि **पुनरावृत्ति**को भक्त !

'माथापच्चीमा केही विचारको, केही शब्दको पुनरावृत्ति छ नि ?' मलाई केही विद्वान्ले भने ।

हो ! पुनरावृत्ति कहाँ छैन ? केमा छैन पुनरावृत्ति ? मैले मनमनै सोचें । ब्रह्माण्डको उत्पत्तिदेखि नै तारा, नक्षत्र र ग्रहहरू घुमेको घुमेकै छन् । सूर्यले ताप र किरण फालेको फालेकै छ । पिण्डहरू चक्कराएको चक्कराएकै छन् । रात दोहरिएको दोहरिएकै छ । दिन आएको आयै र गएको गयै छ । ब्रह्माण्डका यावत् तत्त्व क्षण क्षण रूपान्तर भई नै रहेका छन् । वस्तुको बन्ने र नासिने क्रम न म रोक्न सक्छु न तपाईं रोक्न सक्नुहुन्छ । तत्त्व तत्त्वको जोडले प्रक्रिया र प्रक्रियाले तत्त्वलाई चलयमान बनाएको बनाएकै छ ।

मान्छेको जन्म र मृत्यु दुवै भोक्ता मान्छेको हातमा र वशमा छैन । अर्को कसैको भरले अर्को कोही जन्मन्छ र मर्छ । मान्छे अर्को वा अरूलाई बन्देज लगाउने प्रयास गर्नसक्छ वा गर्नपुग्छ तर उसको आफ्नो गति र जीवन उसको भरले मात्र चल्दैन । पानी - खोलो, समुद्र, बादल बनेर झरेको झरेकै छ । माटो चट्टान र चट्टान माटोमा परिणत भएको भयै छ । कहाँ छैन पुनरावृत्ति ? केमा छैन पुनरावृत्ति ?

जीव जन्मेको जन्म्यै र मरेको मर्‍यै छ । रूखले बीज र बीजले रूख बनाएको बनाएकै छ । अन्डाबाट कुखुरा र कुखुराबाट अन्डा बनेको बनेकै छ । मान्छेले मान्छे र बाँदरले बाँदर जन्माएको जन्माएकै छ । श्रीमान् फुत्त कुनै नयाँ बाँदर वा मान्छे, कुखुरो वा हात्ती किन नजन्मिएका होलान्, नझरेका होलान् यसतर्फ सोच्नु भएको छ ? कुकुरले कुकुर वा भँगेरोले भँगेरा जन्माउनु पुनरावृत्ति हो कि होइन ? स्यालले स्याल नजन्माइ सृष्टि संरचनामा पुनः अर्को स्याल जन्मेको इतिहास कहीं कतै पढ्नुभएको छ के ?

धान उम्रेको उम्रै छ-चामल हामीले खाएको खाएकै छौं । एकपल्ट यसो नजर फिराउनोस् त ! धान, मकै, गहुँ वा कुनै खाद्य एकपल्ट मात्र जन्मेका भए यो संसार कस्तो हुँदो हो ? मान्छे वा जीवको जीवन कस्तो हुँदो हो ? पुर्खाले यो खा त्यो नखा भनेर तोकिदिंदा त तपाईं झुक्केर वा हेपेर कतिपल्ट रुग्ण बन्नुभएको छ र तपाईं जस्तै कति हठीहरूले मर्नु परेको छ समयभन्दा पहिले । नित्य नयाँ भए तपाईंको हालत के पो होला ?

महाशय के तपाईं आफै मान्छेले मान्छे जन्माउने पुनरावृत्तिको अंश होइन र ? मान्छेले आज गर्व गर्न पाएका यावत् भौतिक वा आध्यात्मिक संरचना, वस्तु वा भाव, सबै सबै स्वास्थ वा विज्ञानका उपलब्धिहरू

पुनरावृत्तिकै जोड र कारण होइन र ? यदि मान्छेले मान्छे मात्र अर्थात् चेतनाले चेतना नफैलाएको भए आजको तपाईंको सोच पनि विकास हुन्नथ्यो कि ? पृथ्वीका अझैं भनौं ब्रह्माण्डका प्रत्येक तत्त्व एकपल्ट मात्र हुने थिए-सधैं नयाँ सबै नयाँ, यावत् मूर्ख र अन्यौलग्रस्त । यो ब्रह्माण्डमा कुन तत्त्व त्यस्तो छ जुन पुनरावृत्तिको फेरोमा परेको छैन ? अरूका आँखाले देखेका सबै नयाँमा म मात्र देख्छु पुनरावृत्ति । त्यसैले श्रीमान् मलाई प्यारो लाग्छ पुनरावृत्ति ।

कुद्ने पल्टपल्ट कुदेको कुद्यै छ । बोल्ने पल्टपल्ट बोलेको बोल्यै छ । खाने पल्टपल्ट खाएको खायै छ । सुत्ने पल्टपल्ट सुतेको सुत्यै छ । कुनचाहिं कुरो छ जीवले वा प्रकृतिले पल्टपल्ट नदोर्‍याएको ? कुनै ढिलो कुनै चाँडो, यो ढिलो र चाँडो पनि तपाईं हाम्रो मात्र मापदण्ड हो । सृष्टि संरचनाभित्रका प्रत्येक वस्तुको आफ्नै मापदण्ड हुन्छन् । महोदय ! तपाईंका दिमागका चालढाल, चलखेल, जालझेल कहिल्यै बन्द भएका छन् ? दिमाग घुमेको घुम्यै छ, मुटु चलेको चल्यै छ, फेरि भन्नु होला नि ! मुटु त बन्द पनि हुन्छ । हो ! बन्द हुन्छ मुटु.......। मुटु बन्द भएपछि फेरि अर्को पुनरावृत्ति सुरु हुन्छ । तपाईंका शरीर जल्छ, खरानी बन्छ, धुवाँ बन्छ वा गाडिन्छ, सड्छ र फेरि प्रकृतिको पुनरावृत्तिले कुनै तत्त्वसँग जोडेर कहीं न कहीं-कतै न कतै-केही न केही बनाएर अर्को रूपमा रूपान्तर गरिदिन्छ ।

समय आएको आयै छ, समय गएको गयै छ । तपाईंले आफ्नो घरको भित्ताको घडी हेरेर आफ्नो जीवनकालको कालखण्डमा त्यो घडीको सुईले कतिपल्ट बाह्र बजायो होला गन्नु भएको छ ? के यो

पुनरावृत्तितिर कहिल्यै आँखा गएको छ ?

हावा बगेको बग्यै छ । पानी झरेको झर्‍यै छ । धूलो उडेको उड्यै छ । चट्टान खिइएको खियै छ । प्रत्येक तत्त्व तत्त्व बन्ने, बढ्ने र बिग्रने प्रक्रिया तपाईंले जत्ति बलबुत्ता लगाए पनि बन्द हुन सक्तैन किन ? तपाईंले नयाँ, नवीन वा नौलो भनेका जुनसुकै कुरो, तत्त्व, विचार वा सिद्धान्त यावत् पुराना कुनै न कुनै तत्त्व, वस्तु, सोच वा भावबाट प्रभावित नभई जन्मेको हुन्न । विनाआधार न कुनै चीज बन्छ न बिग्रन्छ त्यो देख्नु र नदेख्नु त मजस्ता ठेट्नाको सोच, भाव, विचार, तर्क, बुद्धि र विवेक आदि भित्र सायद नहुन पनि सक्छ र कसैकसै तपाईं जस्ता ज्ञानीमा हुन पनि सक्छ । यो हुनु र नहुनुको खेल पनि विनापुनरावृत्ति सम्भव छैन । के मान्छेको दिमाग सोच बेगर बस्न सक्छ ? के मान्छेको मन वा मस्तिष्क भाव संवेग, आवेग वा उद्वेगबाट प्रभावित नरही रहन सक्छ ? के मान्छेको सोच विनातर्क, विनाविचार चुपचाप रहन सक्छ ? के मान्छेको बुद्धि र विवेक दोहोरिइ तेहरिइ फर्किरहेको छैन ? लौ अब भन्नोस् कहाँ छैन, केमा छैन पुनरावृत्ति ?

प्रायः विद्वान् भनाउँदाहरू, जाने सुनेर, पढे लेखेर आफूलाई ठूलो ठान्नेहरू विचारको पुनरावृत्ति, शब्दको पुनरावृत्ति, बोलीको पुनरावृत्तिलाई खिस्याउँछन् र हेलाँ गर्छन्, किन ?

मेरो यो फुच्चे दिमागले बुझ्दैन अहँ पटक्कै बुझ्दैन । थाल, कचौरा, गाग्री, ट्याङ्की, जार, डाडु, पन्यौ, कुकर, कसौंडी, ताप्के, कराई, पङ्खा, पानीको फिल्टर, हिटरको क्वाइल, बल्बको फिलाटिन, मेसिनभित्रका रोलर, पाङ्ग्रा र चक्काहरू आदि आदि भौतिक वस्तुहरू मान्छेले किन गोलै बनाएका होलान् ? फेरि भन्नु होला पलङ त लामै छ नि ! डन्डी त लामै

छ नि ! हो तपाईंका आँखाले लामो देखे पनि म गोलै देख्छु । म डन्डीमा पनि गोल गोल हुँदै गोलैगोलो फलामका टुक्राहरू जोडिएको देख्छु । पलङको छेउछाउ, यताउति, टाउको पुच्छरतिर गोलै पारेको देख्छु । तीनका मूल अणु र परमाणु गोलै देख्छु । भन्न सक्नुहुन्छ यो मान्छेले जानेर गरेका हुन् वा नजानेर ? जस्तो सुकै चेप्टो वा लामो वस्तुको पनि मुख चाहिँ किन गोलै पार्नुपरेको होला यी हाम्रा पुर्खालाई ? मुखमा बिर्को लगाउन किन घुमाउनै परेको होला ? खोल्न पनि किन घुमाउनै परेको होला ? यही हो पुनरावृत्तिको प्रमाण । पुर्खाले न त्यसै गरेका हुन्, न पुर्खाले गरेकै कारण हामीले गरेका हौं, यदि हो भन्ने हो भने पनि फेरि उही पुनरावृत्ति । मान्छेका प्रत्येक पुस्ताले किन बितेका आफ्नो समय नै राम्रो, सुखी, आनन्दित र रमाइलो देखेका होलान् ? कतै तपाईं पनि यसै फेरोमा परेर सन्तानलाई आफ्ना अतीतको गुण गाएर जीवनलाई पुनरावृत्तिमै होमिरहनु भएको त छैन ? त्यसैले श्रीमान् म पुनरावृत्तिमै आनन्दित छु, तपाईं माने मान्नोस् नमाने नमान्नोस् ।

हे महाशय ! तपाईं दिनको चारपल्ट किन खानुहुन्छ ? वा पटक पटक किन खाएका कुरा फाल्नुहुन्छ ? दिनदिनै किन मुख धुनुहुन्छ ? दिनदिनै किन स्नान गर्नुहुन्छ ? दिनदिनै किन पूजापाठ गर्नुहुन्छ ? दिनदिनै किन मन्त्र जप्नुहुन्छ ? दिनदिनै किन मन्दिर वा विद्यालय धाउनुहुन्छ ? दिनदिनै किन काममा जानुहुन्छ ? दिनदिनै किन सुत्नु-उठ्नु गर्नुहुन्छ ? दिनदिनै नाच्नु, गाउनु, सुन्नु, सुनाउनु किन गर्नुहुन्छ ? के तपाईंको जीवन पुनरावृत्ति नै पुनरावृत्तिको पुलिन्दा होइन र ? मात्र एक मिनेट पुनरावृत्तिबाट बाहिर बाँचेर देखाउनोस् त ! तपाईं जीवनमा जे बोल्नुहुन्छ, जे खानुहुन्छ, जे गर्नुहुन्छ सबै पुनरावृत्तिकै जोड हो ।

अक्षर मानव निर्मित चीज भए पनि त्यसको अस्तित्व अलि बढी काल टिक्ने हुनाले वा नासिए पनि फेरि अर्को अक्षर वा लिपिको फेरोमा मान्छे फस्ने हुनाले वा अ+क्षर : क्षर वा क्षय नहुने, ननासिने अर्थ लाग्ने हुनाले सायद हाम्रा पुर्खाले शब्द ब्रह्म भनेका होलान् । तपाईं आफ्ना वर्णमालाका बीस-तीस अक्षर जन्मेर जान्ने र सुन्ने भएदेखि नै पढेको पढ्यै, बोलेको बोल्यै, लेखेको लेख्यै हुनुहुन्छ । अक्षर पनि तिनै, शब्द पनि तिनै, वाक्य पनि तिनै । सोच, विचार र चिन्तनमा पनि कसै न कसैको प्रभाव । जन्मेदेखि बाबुबाजेले सिकाएको सिकायै, तर पनि के छ तपाईंसँग नयाँ ? ढोंग, औडाहा, इर्ष्या, प्रतिस्पर्द्धा आदि ! लौ होसपूर्वक बाँच्नोस् ! कतै यो ढोंग, औडाहा, इर्ष्या, प्रतिस्पर्द्धा पनि पुनरावृत्ति नहोस् ।

मान्छे दिनरात एउटै एउटै मान्छेलाई बाबु, आमा, लोग्ने, स्वास्नी, दाइ, भाइ, दिदी, बहिनी, छोरा, छोरी, साथी, मित्र, शत्रु आदि आदि भनेर थाक्दैन भने म किन थाकुँ हँ बिनसित्ति ? तपाईं यो पुनरावृत्ति छाड्ने हिम्मत राख्नुहुन्छ भने लौ दिनदिनै एउटा पति वा पत्नी फेरेर देखाउनोस् न ! तब म पनि तपाईंलाई साष्टाङ्ग ढोगसहित ब्रह्मै मानिदिउँला । यत्ति मानिदिँदैमा मेरो के जान्छ र ? हा.......हा.......हा.....।

यो जीवन वा ब्रह्माण्ड मेरो दृष्टिमा पुनरावृत्तिको एउटा ठूलो पुलिन्दा नै हो । जहाँबाट जे झिके पनि जहाँ जे जोडे पनि पुनरावृत्ति ।

हामी एकै ब्रह्माण्ड, एकै पृथ्वी, एकै आकासमा सदियौंदेखि जमिरहेछौं ।

उस्तै सोच, उस्तै विचार, उस्तै सिद्धान्त युगयुगदेखि मानिरहेछौं ।

उस्तै शासन, उस्तै शैली, उस्तै घटना बरम्बार सुनिरहेछौं ।

उस्तै अक्षर, उस्तै शब्द, उस्तै वाक्य हजारौं हजार वर्षदेखि घोकिरहेछौं ।

उस्तै संस्कार, उस्तै परम्परा, उस्तै नियम वर्षौं वर्षदेखि मानिरहेछौं ।

के तपाईं यस्तो देख्न र भन्नमा जे भने पनि भोग्नमा तात्त्विक फरक नभएको पुनरावृत्तिलाई छाड्न सक्नुहुन्छ ?

तपाईंका घरको क्यालेन्डर पल्टेको पल्ट्यै छ । जिरोदेखि नौसम्मका अङ्क उल्ट्याइ पल्ट्याइ, वर्काइ फर्काइ किन थाक्नु हुन्न ? गते, महिना र बार पल्टपल्ट उस्तै शैलीमा आएको आयै छ । ऋतु फर्की फर्की उही र उस्तै ढङ्गमा आउ जाउ गरिरहेछ । करोडौं करोड वर्षदेखि प्रकृति रूपान्तर प्रक्रियामा लागेको लाग्यै छ । तपाईं आफैले यो पुनरावृत्ति शब्द कतिपल्ट कसकसलाई भन्नु भो वा लेख्नु भो ? यो तपाईंले घोकेका पुनरावृत्ति शब्द आफैमा पुनरावृत्तिको एउटा नमुना हो वा होइन ? पऱ्यो नि समस्या ? भनिरहुँ भने फेरि भनेकै पुनरावृत्ति । भन्न छाडौं भने भन्न छाडेकै कुराको पुनरावृत्ति । अब बोल्यो कि पोल्यो ! पुनरावृत्ति माथि अर्को पुनरावृत्ति ।

अझ कुरोमा कुरै गर्दा तपाईंका कपाल, दाह्री, जुँगा जति काट्यो त्यत्ति किन पलाएका होलान् ? तपाईंलाई घाउ खत लागेर छाला उप्कँदा फेरि किन भरिएका होलान् ? तपाईंका शरीरका नसाका रगतहरू किन कामै नपाए झैं शरीरभरि घुमिरहेका होलान् ? थुक किन बारम्बार आइरहेको होला ? आँखा किन बारम्बार खुल्ने र बन्द हुने भइरहेको होला ? चराचुरुङ्गी वा जन्तु जनावर किन फर्किफर्की आफ्नो खोर वा गुँडमा गइरहेका होलान् ? फेरि भोलिपल्टै आहारा खोज्न वा सिकार गर्न किन खोर वा गुँडबाट बाहिरतिर कुदेका होलान् ? हुरी किन दोहरी तेहरी आएको होला ? पानी किन पल्टपल्ट बर्सेको होला ? आगो किन बल्भिmबल्भmी दन्केको होला ? तपाईंको फोन किन बारम्बार बजेको होला ? कामै नपाए जस्तो गरी लगातार पृथ्वी किन घुमेको होला ?

तपाईं 'आँ' गर्नोस् वा 'इ' भन्नोस्, 'ॐ' कन्नोस्, 'ऐ' गर्नोस् वा 'ओ' पढ्नोस् सबै गोलोको गोलै । के योभन्दा सरल र गहन अर्को प्रमाण चाहिन्छ र ब्रह्माण्ड वा ब्रह्माण्डका साराका सारा तत्त्व गोलो छ भन्न ?

गोलो अर्थात् वृत्त । वृत्त र गोलो नै पुनरावृत्तिको सार हो, सङ्केत हो, अक्षर हो र चिह्न हो । यो ब्रह्माण्ड तपाईं मैले माने पनि नमाने पनि गोलो नै गोलोको जोड हो । तपाईं हामीले देखेका जुनसुकै लामो वा च्याप्टो वा थेप्चो चीजलाई आँखाले भ्याएसम्मको टुक्राटुक्रा पारेर हेर्नोस् त । गोलैगोलोको जोड हो अग्लो, लामो, चुच्चे र कुने वस्तुहरू पनि । जड वा सूत्र गोलो हो भने गोलाइ पुनरावृत्तिको प्रतीक, केही भन्नु छ तपाईंलाई ?

हरेक जीवको टाउको गोलो । भुँडी गोलो । सबै जीवको मुख गोलो, आँखा गोलो । आन्द्रा र नसा समूलमा लामो देखिए पनि त्यसको शैली गोलो । आलु गोलो, मूला गोलो । मूला कसरी गोलो भन्नु होला ! छ्याकछ्याक काटेर हेर्नुहोस् न ।

रूखको छहारी गोलो त्यसले ओगटेको क्षेत्र गोलो, हरेक वनस्पतिको बीज गोलो, ब्रह्माण्ड गोलो, त्यसमा रहेको पिण्ड गोलो । यो ब्रह्माण्डमा उब्जिएका सबै चीज गोलो । यहाँ गोलोको यत्रो विस्तृत व्याख्या किन हँ भन्नु होला नि ! गोलो अर्थात् पुनरावृत्तिको प्रमाण हो गोलाइ । अणु परमाणु तत्त्व तत्त्व सबै गोलो अर्थात् पुनरावृत्ति । त्यसैले 'म' युगयुगदेखि पुनरावृत्तिको भक्त ! ००

## पुनरावृत्ति

\- विकुश

युग सापेक्ष बाँच्नुपर्छ
युग निरपेक्ष बाँच्न सकिन्न
भन्ने हे महापुरुष
तिमीलाई नमन !

हाम्रा युगौं अघिका
पुर्खाहरूले बताएका मार्ग
देखाएका गोरेटो
पुनः देखाइदियौ
र पुनरावृत्तिको बाटो समात्यौ ।



सन्दर्भ महिला लेखनको - उपमा आचार्य

# महिलाहरू लेख्नै सक्दैनन् !

बहुचर्चित साहित्यकार एवम् निबन्धकार युवराज नयाँघरेको हार्दिक निमन्त्रणालाई स्वीकार गर्दै वहाँको १४ औँ कृति 'हाराबारा' को विमोचन कार्यक्रमका लागि बागबजार स्थित होटल होलिडे जाँदै थिएँ । तल बाटोमै साहित्यकार अनुपम रोशी र यादव भट्टराईसँग भेट भयो । डिल्लीबजार कन्या क्याम्पसमा लगभग बाह्र वर्ष यादवजी र मैले सगैँ पढाएका थियौँ । धेरै दिनपछि भेट हुँदा वहाँले खुशी हुँदै भन्नु भयो । 'उपमाजी ! तपाईंलाई एउटा खुसीको कुरो सुनाउनु छ ।' म दङ्ग परें । वहाँको खुसीको कुरो सुन्नका लागि भऱ्याङ्ग उक्लँदा उक्लदैँ म सुस्तिएँ र भनैँ– "ओहो ! एकदमै खुशी लाग्यो !लौ न ! मलाई सुन्न हतार भइसक्यो,के हो त्यस्तो खुसीको कुरो? चानचुने त पक्कै होइन होला,तपाईको कृति निस्कदैं छ कि क्या हो ?" वहाँ बहुतै प्रफुल्ल मुद्रामा हुनुहुन्थ्यो । खुसी हुँदै भन्नु भयो "त्यो पनि हो र अर्को पनि खबर छ । यति भन्दै एउटा कार्ड मलाई थमाउँदै भन्नु भयो – "हामीले नयाँबानेश्वरमा रहेको 'कोलम्बस कलेज' किन्यौं नि ! ल,यो कार्ड राखिराख्नुस् । आफ्ना मान्छे छन् भने हाम्रो कलेजमा ल्याउनु होला ।" कार्ड लिदैँ भनैँ– 'अत्यन्त राम्रो कुरा भयो । ज्यादै खुसी लाग्यो । ल ! तपाई र तपाईंका साथीहरूलाई धेरै धेरै बधाई तथा शुभकामना !

हामी माथि उक्लिदै गर्दा अन्तर्राष्ट्रिय साहित्य समाज नेपाल च्याप्टरका अध्यक्ष साहित्यकार राधेश्याम लेकाली र दोभान पत्रिकाकी सम्पादक तथा प्रकाशक साहित्यकार बालिका गिरीसँग पनि भेट भयो । सबैजना कार्यक्रम कक्षतिरै लाग्यौं । कक्ष भरिभराउ भैसकेको थियो । अघिल्लो लहरमात्र खाली थियो । अनुपम, म र बालिकालाई त्यहीँ बस्ने अनुमति मिलेपछि हामी सगैं बस्यौं ।

कार्यक्रम सुरु हुन केही समय बाँकी रहँदा हामीले समयको सदुपयोग गर्दै साहित्यिक लेखनका कुरा गर्न थाल्यौं । यसै प्रसङ्गमा मैले भनैँ–'मलाई त पुरूषहरूसँग ईर्ष्या जागेर आउँछ । यिनीहरू कति धेरै फुर्सत पाउँछन् । कति छिटो छिटो कृतिहरू निकाल्छन् । आफूलाई त फुर्सतै हुँदैन । यो घररुपी जालोले हामीलाई जेलिरहन्छ ,बेरिरहन्छ ।' अनुपमले थपिन्... त्यसैले त पुरूषहरू भन्छन्– "महिलाहरू लेख्नै सक्दैनन् ।" बालिकाले पनि अनुपमको कुरोमा सहमति जनाउँदै थप्नु भयो– हो ! त ! पुरूषहरू त्यसो पो भन्दा रैछन् । महिलाहरू गतिलो लेख्दै लेख्दैनन् ।" मलाई अचम्म लाग्यो– 'हो,र ! आजका परिवर्तित समाजका संवाहक ठानिने पुरूषहरू त्यसो पो भन्दा रहेछन् ! खै त ! महाकवि देवकोटा, नाट्य सम्राट सम आदिले कहिल्यै कसैलाई नहोच्याई आफ्नो उचाइ बढाए त !'

मलाई भन्न मन लाग्यो –'महिलाहरू गतिलो लेख्दैनन्' भन्नुको सट्टा महिला लेखकको जमात कसरी बढाउने भन्नतिर ती व्यक्ति किन जुट्दैनन् ? के समाजमा उत्कृष्ट महिला लेखक छैनन् ? उत्कृष्टताको मापदण्ड के ? स्रष्टाहरूबाटै स्रष्टाको सम्मान गर्न सकिदैन भने अरूबाट के अपेक्षा गर्ने ? आफूलाई अब्बल ठान्ने लेखकहरूले अरूको लेखन तथा सृजनाको सम्मान गर्नु पर्ने कि नपर्ने ? स्रष्टा मन निष्कलङ्क तथा पवित्र हुनु पर्ने कि नपर्ने ?

वास्तवमा कुरो गतिलो र नगतिलो लेखनको होइन । कुरो अवसर र सम्मानको हो । एकले अर्कालाई होच्याउनु भन्दा सम्मान गर्नु पर्ने कार्यतिर अघि बढे साहित्यकै उन्नति हुने निश्चित छ । महिलाले वहन गरेका प्राकृतिक नियम र जिम्मेवारीको विकल्प नै छैन त्यस सम्बन्धमा कुरै नगर्दा बेश हुन्छ । बाँकी रहेका घर व्यवहारका सम्पूर्ण जिम्मेवारीहरू समेत महिलाहरूकै काँधमा थुपारि दिएपछि महिलाहरू सधैं बाँधिए । पुरूषहरू सधैं स्वतन्त्र र फुर्सदिला भए । पढ्ने लेख्ने समय सञ्चित भयो । अवसर पाएपछि उनीहरूका कृतिहरू निस्किए । मूल कुरो फुर्सत र अवसरको रहेछ । ल त ! महिलाले बोकेका सम्पूर्ण जिम्मेवारी पुरूषले काँध थापून् त?

समय र जिम्मेवारी कै कुरो गर्नु पर्दा महिलाहरूले जस्तो पुरूषहरूले जिम्मेवारी वहन गर्नु पर्दैन। उनीहरूलाई पूजा गर्नु पर्दैन, व्रत बस्नु पर्दैन, भगवान् खुशी पार्नु पर्दैन, संस्कृति र परम्परा पनि जोगाउनु पर्दैन । सासूससुरा, इष्टमित्र, पाहुनापाछा रिझाउनु पर्दैन । कोही रिसाए कि कसैलाई सम्मान पुगेन कि भन्ने चिन्ता पनि लिनु पर्दैन । भातभान्साका तमाम जिम्मेवारी त झन् लिनै पर्दैन । बारीफूलबारी हेर्न करै छैन । दिनदिनै तरकारीको भारी र रासनको भारी पनि बोक्नु पर्दैन । यसरी सबैतिरबाट मुक्त भई पढ्ने र लेख्ने मात्र काम पाए पछि किन न निक्लियून् त पुरूषका कृतिहरू ?

यी त घरभित्रका दैनन्दिक काम मात्रै भए, अझै बाहिरका काम त कति छन् कति !

अफिस गर्ने हुन् या नगर्ने दुबै थरी महिलाका घरायसी जिम्मेवारीमा कमी हुँदैनन् । कसैको बिहे, ब्रतबन्ध, सुत्केरो, न्वारन, अन्नप्रासन पऱ्यो भने सबैलाई रिझाउने र सबैतिर पुगिदिने जिम्मेवारीको बिँडो महिलाले नै उठाउनु पर्छ । कतै कोही विरामी परेमा घर वा हस्पिटल गएर आराम विराम, खानपिन आदिको सोधखोज पनि महिलाले नै लिइदिनुपर्छ अन्यथा असहयोगी 'कामै नलाग्ने'को पगरी भिर्नु पर्ने हुन्छ ।त्यस्ता कामका लागि महिला मात्र फुर्सदिला हुनुपर्ने हुन्छ । पुरूषले आफन्त भेट्नु पनि पर्दैन, आराम विराम सोधखोज पनि गर्नु पर्दैन । पारिवारिक नाता सम्बन्ध जोगाउनु पनि पर्दैन । अहा ! कति आनन्द ! अझ 'पुरूषहरूका आफ्नै थुप्रै जिम्मेवारी हुन्छन् रे ! कमाउने, घरव्यवहार धान्नु पर्नेले जहाँतहीँ गएर अरूका लागि समय दिने फुर्सद कहाँ पाउँछन् र ?' त्यसैले होला सामाजिक दायित्व निर्वाह गर्नु पर्ने बेलामा पुरूषहरूलाई जरूरी काम पर्छ या अफिसमा मिटिङ्ग पर्छ । अझै रमाइलो कुरा त के हुन्छ भने 'वहाँलाई अफिसबाट फुर्सत मिलेन' भनिदिनु पर्ने हुन्छ । अघिपछि झुटो बोल्न हुँदैन तर श्रीमान्ज्यूले भनेपछि सजिलै झूटो पनि बोलिदिनु पर्ने हुन्छ । यति भएर पनि यहाँ पुरूषहरू निष्कलङ्क रहन्छन् । किनकि यहाँको समाजले महिला र पुरूषलाई हेर्ने र मूल्याङ्कन गर्ने दृष्टिकोण फरक छ । यसरी भएभरका साराजसअपजस र जिम्मेवारी महिलाकै काँधमा थुपारिदिएर पढ्ने लेख्ने अवसर भोग गर्न पाएपछि किन न निक्लियून त पुरूषका कृतिहरू ?

घरका सम्पूर्ण जिम्मेवारी महिलाकै टाउकामा थुपारी दिएपछि अनि महिलाले पनि थपक्क जिम्मेवारी बोकिदिए पछि पुरूषहरूलाई हाइसन्चो छ, तृप्ति छ, सन्तोष छ, मन सधैं चङ्गा छ, पढ्नलेख्न आनन्द छ । अझै पढ्नेलेख्ने सोच बन्ने बित्तिकै– 'ल है ! म कोठामा काम गर्न बस्छु ! कसैले मलाई डिस्टर्ब नगर्नू ! कोही आयो भने म छैन, बाहिर जानुभएको छ भनिदनु है !' भन्दै चुकुल लगाएर घन्टौं व्यतीत''' बाहिर बच्चाहरूले ठूलो स्वरले बोले भने ' ए हल्ला नगर भित्र बाबालाई डिस्टर्ब हुन्छ ' भन्छन् आमाहरू । यस्तो सुमधुर तन्मयपूर्ण वातावरण सिर्जना गराइ दिनुपर्छ अनि निस्कन्छन् –पुरूषका कृतिहरू । के आमाहरूका लागि त्यस्ता सहज वातावरण जुराइदिन्छन् बाबाहरू ? अझै यतिले पनि मन बुझेन र फुरेन भने चट्ट झोलामा किताब कापी कलम हालेँ, हप्तौं, महिनौंका लागि चल्दिए घर छाडेर–'परदेश' । अनि किन न निक्लियून् त पुरूषका कृतिहरू ?

हेर ! महिलाका टाउकामा बजारिएका यी सारा जिम्मेवारी पुरूषहरूले वहन गरिदिने भए वा केही कामको बाँडफाँड गरिदिने भए पनि महिलाका पनि धेरै धेरै रचनाहरू निस्किरहन्थे होलान् । हुनत

# स्रष्टाहरूबाटै स्रष्टाको सम्मान गर्न सकिदैन भने अरूबाट के अपेक्षा गर्ने ?

आजको २१ औं शताब्दीको मानसिकतामा परिवर्तन आउनु आवश्यक छ । 'लेखन समय पाइँदैन' भन्ने सोचमा परिवर्तन ल्याउनु जरूरी छ । अकर्मण्य व्यक्तिहरू अरूलाई दोष दिएर आफू पन्छिन खोज्छन् । आफूभित्रको कस्तुरी ठम्याउन नसक्ने पनि छन् । समयाभावका कारण देखाइ आफ्ना सृजनाका मार्गमा बाँध लगाएर बस्ने पनि छन् । यति हुँदा हुँदै पनि कतिपयत्यस्ता बौद्धिक महिलाहरू पनि छन् जसलाई अवसरको मात्र खाँचो छ । अझै पनि महिलाहरूलाई घरभित्रै सीमित राखिनुपर्छ भन्ने मान्यता घरैपिच्छेमा एक प्रकारको रोग छ । हाम्रो जस्तो विकासोन्मुख देशमा महिलालाई बुझेर अवसर जुराइदिने पिता, दाजुभाइ, ससुरा, श्रीमान्, छोरा आदि कति छन् त ? त्यसैले यहाँ केवल अवसरको खाँचो छ । मानवीय विवेकको खाँचो छ ।

मूलको पानी जति कञ्चन हुन्छ लेखक हृदय पनि अकलुषित हुनुपर्छ । समाजमा एकले अर्कालाई होच्याउनु भन्दा पनि सबैको सम्मान हुने कार्यतिर अघि बढेको खण्डमा महिलाका कृतिले नेपाली साहित्य भण्डार अझै गह्रुङ्गो हुने थियो । अझ स्पष्ट रूपमा भन्ने हो भने महिला स्वयम्मा यति धेरै विषयवस्तु छन् कि महिलाहरूको भोगाइ नै साहित्य बन्न जान्छ । महिला लेखकहरूका कतिपय नितान्त निजी अनुभूति हुन्छन् जो पुरूषहरूका केवल कल्पनामा मात्र सीमित हुन्छन् । अर्थात् संवेदनाका प्रस्तुतिमा महिलाहरूकै भूमिका अहम् हुन्छ । जसरी पहराबाट झरेको झर्ना वा छहराको पानीमा बढी शक्ति हुन्छ त्यसैगरी विषम परिस्थितिका बाबजुद गरिएका रचना पनि उत्तिकै शक्तिशाली र उत्कृष्ट हुन्छन् । त्यसैले महिलाका कृति निस्कन ढिला भएको कुरो म पनि स्वीकार गर्छु तर 'गतिला छैनन्' भन्ने कुरो मलाई चित्त बुझ्दैन । बालिका गिरी र अनुपमले मेरो तीतो सत्यमा सहमति जनाउँदै थपे–'महिलाले त्यति सुविधा र समय पाएको खण्डमा उनीहरूले पनि मज्जैले कृतिहरू निकालि रहन सक्छन् । केवल विवेकी समय र अवसरको आवश्यकता हो ।' हुनपनि समय र अवसर जति सबै महिलाले नै कुर्बानी गर्नु परेपछि किन न निल्कियून् त पुरूषका कृतिहरू?

आखिर महिला पनि 'चानचुने' कहिले पो थिए र ? अहिले पनि छैनन् । वास्तवमा पुरूषका ५/७ वटा कृति निस्किएका बेला महिलाका एउटा दुइटा मात्र निक्लिएका होलान् ! जो गतिला छन् । पुरूषका कृति समकक्ष भै ठडिएका छन् । हेर्ने दृष्टिकोण मात्र फरक छ । पुरूषप्रधान समाजको मानसिकताले महिला लेखन कमजोर देखिएको होला । हेय दृष्टि र संकुचित हेराइले महिला लेख कमजोर बुझिएको होला । उचित मूल्याङ्कन र न्यायिक दृष्टिले हेरेको खण्डमा महिला लेखनले सही स्थान– मान अवश्य पाउने छ, अन्यथा ...।

उल्लेखित विचारहरू, समयाभावका कारण महिलाले आफ्ना रहर, इच्छा र क्षमता दबाउन बाध्य बन्नु परेका उपजहरू हुन्– जो तीतो सत्य हो । महिला लेखकका लागि लेखन समय, सन्दर्भ र अवसरका बारेमा भन्नु नै पर्दा–जब बिहानको घरधन्धा सकेर लेख्ने मनस्थिति बनाएर बस्छन् । चिन्तनमनन गर्दै दुईचार अक्षर लेख्न सुरु गर्दानगर्दै चिया खाजाको हल्लाखल्ला सुरू हुन्छ । खाजा नास्ताको व्यवस्था मिलाएर फेरि लेख्ने तरखर सुरू गर्दा नगर्दै श्रीमान्ज्यूको सवारी हुन्छ । कहिलेकाही बिना सूचना साथी सहित आएर ढोकैबाट–'ए !कता हो ? चियासिया के छ ? खाऔं न ! बिहानदेखि एकदमै थाकियो, असाध्यै भोक लागेको छ '। अनि नाइँनास्ति नगरी आज्ञाको पालना तुरून्तै गर्नु पर्छ । यति गर्दा गर्दै रातिको खानाको तरखर सुरु गर्ने बेला भैहाल्छ । घरका अन्य मान्यजन छन् भने उताको पनि तानाबाना सुन्नु पर्ने हुन्छ –'कसैको नभाको पढाइलेखाइ' । बाहिर कार्यालयीय दायित्व बोकेका महिलाले पनि घरायसी जिम्मेवारीबाट उम्किन मिल्दैन, त्यो पनि सम्हाल्नै पर्छ । यस्तो विषम परिस्थिति बीच कुन र कस्तो मानसिकताले चिन्तन गर्ने ? मनन् गर्ने र कुन समयमा लेख्ने ? यति धेरै शारीरिक र मानसिक उत्तरदायित्व महिलाले नै भोग्नु परे पछि अनुकूल समय र अवसर खोई ? लेखकीय प्रतिस्पर्धाबीच समानता खोई ? अनि किन ननिक्लियून् त पुरूषका कृतिहरू ?

सम्हाली नसक्नुका भार थेगेर पनि संघर्षशील र सिर्जनशील महिलाहरूले अमूल्य समयको सदुपयोग गरिरहेकै छन् । महिला सर्जक तथा विदुषीहरू पहिले पनि थिए र अहिले पनि छन् । वैदिककालमा आत्रेयी, मैत्रेयी, अरून्धती, गार्गी, अपाला, सूर्याजस्ता विदुषीहरूले सभाहरूमा अग्रआसन जमाएकै थिए । अहिले पनि महिलाहरू उही गोरेटोलाई पछ्याउदैँ युगको प्रतिनिधित्व गरिरहेका छन्– लोकप्रिया देवी, मायादेवी, देवकुमारी थापा, गोमा शर्मा, चाँदनी शाह, पारिजातहरूले आफ्ना विद्वताको मार्ग प्रशस्त पारेका छन् । उनीहरूका काव्यकृतिले नेपाली साहित्य भण्डारलाई ओजपूर्ण तुल्याएको छ । हालमहिलाका कलमहरू तिखारिदै छन्, सक्रिय छन् । भद्रकुमारी घले, प्रेमा शाह, गीता केशरी, बानिरा गिरि, गार्गी शर्मा, रमा शर्मा, माया ठकुरी, भागीरथी श्रेष्ठ, पद्मावती सिंह, चन्द्रकला नेवार, उषा ठाकुर, सीता पाण्डे, उषा शेरचन, लक्ष्मीदेवी राजभण्डारी, रञ्जुश्री पराजुली, भुवन ढुङ्गाना, बेञ्जु शर्मा, हिरण्यकुमारी पाठक, मञ्जु काँचुली, कुन्ता शर्मा, सुधा त्रिपाठी, शीला पन्त, नन्दमाया नकर्मी, प्रतिसरा सायमी, सुलोचना मानन्धर, मञ्जु थापा, अनिता तुलाधर, ज्ञानुपाण्डे, प्रभा भट्टराई, लीला लुइटेल, दुर्गा घिमिरे, ईन्दिरा प्रसाईं, विन्द्या सुब्बा, ईल्या भट्टराई, जलेश्वरी श्रेष्ठ, उन्नति बोहरा 'शीला', शारदा शर्मा, मोमिला जोशी, बुनू लामिछाने, अलका आत्रेय, बाबा बस्नेत, लक्ष्मी उप्रेती, उषा अधिकारी, गङ्गा कर्माचार्य पौडेल, सन्ध्या पहाडी, नीलम कार्की 'निहारिका', विमला तुम्खेवा, गीता कार्की, रजनी ढकाल, गङ्गा सुवेदी, झमक घिमिरे, ललिता दोषी, गीता त्रिपाठी, सुस्मिता नेपाल, रूकु कार्की, शर्मिला पोखरेल, अनुजा, घिमिरे, अरूणा वैद्य, सीता अर्याल, ज्ञानु अधिकारी, राधा पौडेल, सीता भट्टराई, सरू सुवेदी, उर्मिला लामिछाने, रेणु थापा सोलु आदिका कलमहरू के सशक्त छैनन् ? अझै नेपालकी मात्र नभएर एशियाकै प्रथम महिला महाकाव्यकार बुनू लामिछानेका काव्यकृति कहाँ, कुन ठाउँमा उभिन सकेका छैनन् ? यति हुँदा हुँदै पनि सबैका सबै कृतिहरू सबै नै उत्कृष्ट छन् भन्न नसकिएला तर पनि राम्रा भने अवश्य छन् । त्यसैले नेपालको शिक्षाक्षेत्रमा शिशु कक्षादेखि उच्चशिक्षाको पाठ्यक्रममा समेत नारी हस्ताक्षरका रचनाले स्थानमान पाएका छन् । अब नठाटी भन्नु पर्दा संख्यात्मक हिसाबले महिलाका रचना कम होलान् तर गुणात्मक हिसाबले कम छैनन् । अत:पुरूषका सबै कृतिहरू राम्रा छन् भन्न सकिदैन र महिलाका पनि सबै कृतिहरू नराम्रा छन् भन्न मिल्दैन । अर्थात 'महिलाहरू राम्रो लेख्नै सक्दैनन्' भन्न पनि मिल्दैन।

यहाँ को कुन स्थानमा उभिएको छ भन्ने कुरो ठूलो होइन । समग्रमा हाम्रो समाजको लेखन स्थिति कस्तो छ ? भन्ने हो । कुनै व्यक्ति धेरै अघि छ वा धेरै पछि छ, त्यसले कुनै फरक पार्दैन । पूर्वबाट हेर्दा पछि परेको मानिस पश्चिमबाट नियाल्दा अघि पर्छ भने जस्तै अघि परेको मानिस पछि पर्न सक्छ । त्यसैले गतिलो वा अगतिलोलेखक भन्ने कुरै उठ्दैन । संसारकै गणितमा महिला लेखक कम छन् तर कमजोर छैनन् । अब केवल उचित मूल्याङ्कनको खाँचो छ । संविधानका पानामा सजाइएका हरफहरूलाई व्यवहारमा लागु गर्दै समानता बीच समानताको खोजी गर्नु पर्नेबेला आएको छ । ००



भागवत - भक्ति-नारद संवाद - **योगेश वराहक्षेत्र**

# कलियुगमा भागवत पुराणको श्रवणले नै तत्काल मोक्ष हुने

अघि कुनै समयमा नैमिषारण्य नाम गरेको क्षेत्रमा एक हजार वर्षमा पूर्ण हुने सत्सङ्गरूपी महायज्ञमा बसेका शौनकादि नाम गरेको ऋषिहरूमध्येका प्रमुख ऋषि शौनकजीले सूतजीलाई नमस्कार गरेर सोध्नुभयो ।

शौनकजीले भन्नुभयो- 'हे सूतजी ! हजुर अज्ञानरूपी अन्धकारलाई नाश गर्नमा करोडौं सूर्य-समान हुनुहुन्छ, अतः हजुरले हामीलाई कानका लागि रसायन मानिएका भगवान्का अमृतस्वरूप सारगर्भित कथाहरू सुनाउनुहोस् । भक्ति, ज्ञान एवम् वैराग्यबाट कसरी महान् विवेकको वृद्धि हुन्छ एवम् भगवान्का भक्तहरूले कसरी यस संसारको माया-मोहबाट आफूलाई मुक्त गराउँदछन् सो कुरा पनि हामीलाई बताउनुहोस् । यस घोर कलियुगमा आसुरी स्वभाव ग्रहण गरेर दुराचार एवम् पापाचारमा लागेका कारण अनेकौ दुःख भोगिरहेका मनुष्यहरूलाई शुद्ध बनाएर श्रीकृष्णको प्राप्ति गराउने सजिलो उपाय के छ ? हजुरले त्यस्तो कुनै शाश्वत साधन बताउनुहोस् जो सबैभन्दा कल्याणकारी एवम् पवित्र गराउनेवालामा पनि पवित्र होस् तथा जसले भगवान् श्रीकृष्णको प्राप्ति गराइदेओस् ।

सूतजीले भन्नुभयो- 'हे शौनकजी ! हजुरको हृदयमा भगवान्को प्रेम भरिएको छ । अतः म आफ्नो मनले विचार गरेर सम्पूर्ण शास्त्रको निष्कर्ष सुनाउँदछु, जो जन्म-मृत्युको भयलाई नाश गर्नेवाला छ । जुन कथा सुनेर राजा परीक्षित मुक्त भएका थिए, त्यस कथाको नाम हो श्रीमद्भागवत ।

शुकदेव स्वामीले कलियुगका जीवहरूलाई पटक-पटक कालरूपी सर्पको मुखमा पर्नबाट बचाउन श्रीमद्भागवतको प्रवचन गर्नुभएको छ । यो भन्दा पवित्र र पाप नाश गर्नेवाला अर्को कुनै साधन छैन । जसले पूर्वजन्ममा धेरै पुण्यकर्म गरेका छन् अथवा जसको जन्म-जन्मान्तरको पुण्यको उदय हुन्छ, त्यसले मात्रै यस जन्ममा श्रीमद्भागवतको कथा श्रवण गर्ने सौभाग्य पाउँदछन् ।

यो भागवत कस्तो छ भने- शुकदेव स्वामीले राजा परीक्षितलाई भागवत सुनाउन लागेको ठाउँमा अमृतको घडा लिएका देवताहरूले आएर भने- 'हे स्वामीजी ! हामी हजुरका यजमान राजा परीक्षितलाई अमृतपान गराएर अमर बनाइदिन्छौं, यसको बदला हजुरले हामीलाई भागवतको कथा सुनाइदिनुहोस् ।

देवताहरूको कुरा सुनेर शुकदेव स्वामीले विचार गर्नुभयो- कहाँ काँच, कहाँ मणि ! काँचले मणि साट्न पाइँदैन । भागवतको कथा सदाका लागि जन्म-मृत्युको चक्रबाट छुटाएर मुक्ति दिने मणि हो भने स्वर्गको अमृत काँचसमान हो । यस्तो विचार गरेर शुकदेवले सिसासँग मणि साट्न खोज्ने देवताहरूलाई कथा सुनाउनुभएन । अतः यो भागवत देवताहरूका लागि पनि दुर्लभ मानिएको छ ।

श्रीमद्भागवतको कथा श्रवण गरेर राजा परीक्षित मुक्त भएको देखेर ब्रह्माजीले आश्चर्य मान्दै सत्यलोकमा एकातर्फ भागवत श्रवणको फल र अर्कोतर्फ अन्य धर्मकर्मको पुण्यफल राखेर तराजुमा तौलिँदा अन्य सबै शास्त्र श्रवणको पुण्यफलभन्दा भागवत श्रवणको फल नै तौलमा धेरै भयो । यो देखेर सबै ऋषिमुनिहरूले कलियुगमा भागवतको श्रवणले नै तत्काल मोक्ष हुने निश्चय गरे । सप्ताह-विधिद्वारा यसको श्रवण गर्नाले निश्चय नै यसले भक्ति र मुक्ति दुवै प्रदान गर्दछ । यस विषयमा एक प्राचीन कथा सुन्नुहोस्- एक समयमा विशालापुरी बदरिकाश्रममा सनकादि अर्थात् सनक, सनन्दन, सनातन र सनत्कुमार नाम गरेका ऋषिहरू सत्सङ्गका लागि जम्मा भएका थिए । त्यहाँ उनीहरूले उदास अनुहार बनाएका नारदजीलाई देखेर सोधे ।

सनकादिले भने - 'हे नारदजी ! हजुरको मुख उदास र चिन्तातुर देखिन्छ, यसको कारण के हो ? हजुर अहिले यहाँ कहाँबाट आउनुभएको हो ?

सनकादिको प्रश्न सुनेर नारदजीले भन्नुभयो- हे ऋषि हो ! म सर्वोत्तम लोक सम्झेर पृथ्वीमा आएको थिएँ । यहाँ मैले पुष्कर, प्रयाग, काशी, गोदावरी, हरिक्षेत्र, कुरुक्षेत्र, श्रीरङ्गनाथ एवम् रामेश्वर आदि कैयौं तीर्थ घुमेँ तर सत्य, तप, दया र दान आदि मनलाई सन्तोष दिने शान्ति कहीँ पनि पाइनँ । सबै मनुष्यहरूको बुद्धि भ्रष्ट भएको छ । साधुसन्तहरू पनि पाखण्डी भएका छन् । घरमा पत्नीको राज्य छ । साला या जेठान सल्लाहकार बनेका छन् । स्त्री-पुरुषहरूमा पनि कलह मात्रै देखिन्छ । आश्रम र तीर्थहरूमा पनि विधर्मीहरूले अधिकार जमाएका छन् । यस्तै प्रकारका दुष्कर्म हेर्दै म यमुनाजीको तट मथुरामा पुगेँ, जहाँ भगवान् श्रीकृष्णले अनेकौं लीलाहरू गर्नुभएको थियो । मैले त्यहाँ एउटा आश्चर्य देखेँ । त्यो के भने- त्यहाँ उठ्नै नसक्ने गरी दुईजना बूढाहरू सुतिरहेका थिए । त्यस्तै उनीहरूको छेउमा एउटी युवती खिन्न मन गरेर रोइरहेकी थिइन् । ती युवतीको चारैतर्फ बसेर अन्य कैयौं युवतीहरूले पङ्खा हल्लाइरहेका थिए । मैले ती स्त्रीछेउ गएर सोधेँ- 'तिमी को हौ, यी दुई वृद्धहरू को हुन्, यी स्त्रीहरू को हुन् र तिमी के कारणले यति दुःखी बनेर रोइरहेकी छौ ?'

तिनले भनिन्- 'हे नारदजी ! म भक्ति हूँ, यी दुई बूढाहरू मेरा छोरा ज्ञान र वैराग्य हुन् । मेरो सेवा गर्ने यी नारीहरू गङ्गा आदि नदीहरू हुन् । हाम्रो जन्म द्रविडदेशमा भएको हो र हामी कर्नाटकमा बढ्यौँ । महाराष्ट्रमा हाम्रो खुब सम्मान भयो तर गुजरातमा पुगेपछि हामी तीनैजना वृद्ध भयौँ । त्यसपछि जेनतेन वृन्दावनमा आएपछि म त पुनः तरूणी भएँ तर ज्ञान र वैराग्यको अवस्था यहाँ पनि जस्ताको तस्तै छ । त्यसै कारण म दुःखी भएर रोइरहेकी हुँ । हे नारदजी ! हामीमध्ये 'म आमा तरूणी अनि छोराहरू भने वृद्ध कसरी भयौँ ? म यो कुरा जान्न चाहन्छु । हजुरले बताइदिनुहोस् ।'

भक्तिको कुरा सुनेर नारदजीले भन्नुभयो - 'हे भक्ति ! यो कलियुग हो । कलिको प्रभावले सदाचार तपस्या आदि सबै सत्कर्महरू लोप भएका छन् र समाजमा दुष्टहरूको मात्रै बोलवाला छाएको छ । तीर्थहरूमा पनि नाना प्रकारले अत्यन्तै घोर कर्म गर्ने नास्तिकहरू मात्रै बस्न लागेकाले तीर्थहरूको पनि प्रभाव हराएको छ । यसमा कसैको दोष छैन । यो त कलियुगको स्वभाव नै हो । त्यसैले भगवान् पुण्डरीकाक्षले यी सबै कुरा हेरेर पनि चुप लागेर बस्नुभएको छ ।

हे भक्ति ! कलियुगको प्रभावले कसैको मनमा भक्ति, ज्ञान एवम् वैराग्यको भावना छैन, त्यसैले तिमीहरू वृद्ध बनेको थियौ, तर अहिले थुप्रै भागवत-भक्तहरूको निवासस्थान वृन्दावनको संयोग पाएर तिमी त युवती भयौ तर यहाँ पनि कसैको मनमा ज्ञान र वैराग्यको भावना नभएका कारण यी तिम्रा छोराहरूको वृद्धावस्था नगएको हो ।

नारदजीको कुरा सुनेर भक्तिले भनिन्- 'हे नारदजी ! जसले संसारमा सबै सद्गुणहरूको नाश गराएर पापको बढोत्तरी गराएको छ, यस्तो कलियुगलाई राजा परीक्षितले किन नमारेका होलान् ?

नारदजीले भन्नुभयो- 'हे देवी ! भगवान् श्रीकृष्ण वैकुण्ठ जानुभएपछि त्यसै दिनदेखि यस पृथ्वीमा कलियुग आएको हो । राजा परीक्षितले दिग्विजयको बेला यसलाई मार्न आँटेका थिए, तर कलि शरणमा परेपछि राजाले विचार गरे-

अन्य युगमा तपस्या, समाधि र योगबाट पनि जुन पुण्य पाउन दुर्लभ छ, त्यो फल कलियुगमा केवल श्रीहरिको कीर्तन मात्रै गर्नाले पनि पाइन्छ । यस्तो विचार गरेर राजाले सारहीन भए पनि कलियुगमा

# कलियुगमा त केवल भक्तिले मात्रै मोक्ष प्राप्त गराउँदछ । जुन कर्मले जीवलाई भगवान्को प्राप्ति गराउँदछ, त्यसै कर्मलाई सत्कर्म भनिन्छ ।

उत्पन्न भएका जीवहरूको कल्याणका लागि कलिलाई मार्न चाहेनन् ।'

सूतजी भन्नुहुन्छ- 'हे शौनकजी ! नारदजीको कुरा सुनेर भक्तिले भनिन्- हे नारदजी ! आज मैले भाग्यले गर्दा हजुरजस्ता साधुको दर्शन पाएँ । सज्जनको दर्शन मात्रैले पनि मनुष्यहरूको सम्पूर्ण कार्य सिद्ध हुन्छ । हजुरको उपदेश पाएर नै प्रह्लादले मायाले जितेर भगवान्का भक्त बनेका थिए । त्यस्तै हजुरकै कृपाबाट ध्रुवले ध्रुवपद पाए । हजुर साक्षात् श्रीब्रह्माजीका पुत्र हुनुहुन्छ । म यस्ता हजुरलाई नमस्कार गर्दछु ।

**भक्तिको दुःख हटाउन नारदजीको प्रयास**

भक्तिदेवीको कुरा सुनेर नारदजीले भन्नुभयो- हे बाले ! तिमी किन व्यर्थमा चिन्ता गर्छ्यौ ? सबै दुःख हटाउने भगवान् श्रीकृष्णको चिन्तन गर, वहाँले नै तिम्रो सारा दुःख नाश गरिदिनुहुन्छ । कौरवसभामा द्रौपदीको दुःख नाश गराउनेवाला भगवान् श्रीकृष्ण अहिले पनि कहीँ जानुभएको छैन । तिमी त श्रीकृष्णका लागि प्राणभन्दा पनि प्यारी छौ । तिमीले बोलाएको खण्डमा त भगवान् नीचभन्दा नीचको घरमा पनि आउनुहुन्छ । सत्य, त्रेता र द्वापरयुगमा ज्ञान र वैराग्य मुक्तिका साधन भए पनि यस कलियुगमा त केवल भक्तिले मात्रै मोक्ष प्राप्त गराउँदछ । वास्तविक रूपमा त तिमी वैकुण्ठमा रहन्छ्यौ तर भक्तहरूको पुष्टिका लागि पृथ्वीमा पनि छायारूपले रहेकी छ्यौ । भगवान्ले आफ्नो सत्य स्वरूपबाट तिमीलाई रचेर भक्तहरूको पोषण गर्ने कामको जिम्मा दिँदै दासीको रूपमा मुक्ति र पुत्रको रूपमा ज्ञान-वैराग्य दिनुभएको थियो । कलियुगमा तिम्रो आज्ञा पाएर मुक्ति वैकुण्ठ गइन र तिमीले सम्झेको खण्डमा यस लोकमा आउँदै-जाँदै गर्दछिन् । तर पुत्रको रूपमा तिमीले आफूसँगै राखेका यी ज्ञान र वैराग्य कलियुगमा उपेक्षाको कारण वृद्ध भएका छन् । तिमी चिन्ता नगर । म यिनीहरूलाई जगाउने उपाय सोच्दछु ।

हे भक्ति ! कलियुग समान कुनै युग छैन, किनकि यहाँ केवल हरिनाम-सङ्कीर्तनले नै भगवान्लाई प्रसन्न गराउन सकिन्छ । यस युगमा जसले तिमी भक्तिलाई आफ्नो हृदयमा राख्दछन्, तिनीहरूले स्वप्नामा पनि यमराजलाई हेर्नुपर्दैन ।

भगवान्लाई तप, वेदाध्ययन, ज्ञान एवम् कर्म आदि कुनै पनि साधनले वशमा गराउन सकिँदैन, वहाँलाई त केवल भक्तिद्वारा मात्रै प्राप्त गर्न सकिन्छ । यसको प्रमाण गोपिनीहरू रहेका छन् । कलियुगमा व्रत, तीर्थ, योग र ज्ञानचर्चा आदि धेरै साधनको कुनै आवश्यकता नै छैन, यहाँ त केवल भक्तिले नै मुक्ति दिलाउँदछ ।

नारदजीले यति भनेर भक्तिका अगाडि प्रतिज्ञा गर्नुभयो- हे देवी ! मैले तिम्रा यी छोराहरूलाई जगाएर तिमीलाई पनि जन-जनको हृदयमा पुर्‍याउन सकिनँ भने म भगवान् श्रीहरिको भक्त नै हैन ।

नारदजीको प्रतिज्ञा सुनेर भक्तिले 'आफ्नो प्रतिज्ञाअनुसार पहिला यी मेरा छोराहरूलाई जगाउनुहोस्' भनेपछि नारदजीले ज्ञान-वैराग्य सुतेका ठाउँमा गएर कान-कानमा फुक्दै- 'हे ज्ञान ! हे वैराग्य ! उठ भन्दै कराएर उठाउन खोज्नुभयो, तर उनीहरू उठेनन् । त्यसपछि नारदजीले सत्र पुराण एवम् गीता आदि शास्त्रको पाठ गरेर वेदको ध्वनि सुनाएपछि ती जेनतेन उठे, तर शास्त्रको ध्वनि बन्द हुनेबित्तिकै फेरि हाई काढ्दै सुतिहाले । ज्ञान-वैराग्यलाई जगाएर भक्तिको पनि घर-घरमा प्रचार गर्छु भन्ने आफ्नो प्रतिज्ञा असफल हुन लागेको देखेर नारदजीलाई ज्यादै चिन्ता लाग्यो । त्यसै सयमा आकाशवाणी भयो- 'हे नारद ! तिमी चिन्ता नगर, यसका लागि सत्कर्म गर, तिम्रो प्रतिज्ञा पूरा हुनेछ । सत्कर्म केलाई भनिन्छ ? सो कुरा तिमीलाई सन्तहरूले बताउनेछन् ।

यस्तो आकाशवाणी सुनेर नारदजी 'भक्तिलाई यहीँ बस्तै गर है' भनेर सत्कर्मबारे बताउने सज्जनहरूको खोजी गर्न बाटो लाग्नुभयो । बाटामा भेटेजति सबैलाई सोध्नुभयो, तर कसैले पनि बताउन सकेनन् । अन्त्यमा तपस्या गरेर पत्ता लगाउँछु भनी बदरिकाश्रम पुग्नुहुँदा वहाँको भेट सनकादि ऋषिसँग भयो ।

सनकादिले नादरको उदास चेहरा देखेर यसको कारण सोधे । उहाँले आफू पृथ्वीमा आएदेखिको लिएर वृन्दावनसम्मको घटना सुनाएर सनकादिसँग भन्नुभयो- 'हे कुमार हो ! भगवत्-कथा नै हजुरहरूको जीवनको आधार रहेको छ । आकाशवाणीबाट बताइको सत्कर्म भनेको कुन साधनको नाम हो ? यसको अनुष्ठान कस्ता प्रकारले गर्नुपर्दछ ? भक्ति, ज्ञान र वैराग्यलाई मैले कसरी सुख दिनसक्छु ? म यी कुरा जान्न चाहन्छु ।'

नारदजीका कुरा सुनेर सनकादिले भन्नुभयो- 'हे नारदजी ! ऋषिहरूद्वारा यस संसारमा कष्टसाध्य एवम् स्वर्ग मात्रै प्राप्ति गराउने अनेकौँ साधनहरू बताइएको भए पनि अहिलेसम्म भगवान्लाई प्राप्त गराउने साधन त गुप्त नै छ । जुन कर्मले जीवलाई भगवान्को प्राप्ति गराउँदछ, त्यसै कर्मलाई सत्कर्म भनिन्छ । आकाशवाणीबाट सङ्केत गरिएको सत्कर्म भनेको श्रीमद्भागवतको कथा हो । भक्ति, ज्ञान र वैराग्यको दुःख निवृत्तिका लागि भागवतको कथा नै उत्तम साधन हो । कुनै समयमा व्यासजी मोहमा परेर चिन्तित हुनुभएका बेला हजुरले नै चतुश्लोकी भागवत सुनाएर उहाँको चिन्ता हरण गर्नुभएको थियो । यस कुरालाई बिर्सिएर हजुर किन चिन्ता गरिरहनुभएको छ । श्रीमद्भागवतको कथा श्रवण गरेपछि ज्ञान-वैराग्यको कष्ट छुटेर भक्तिले सुख प्राप्त गर्नेछिन् भने हजुरको पनि प्रतिज्ञा पूरा हुनेछ ।

सनकादिका यस्ता कुरा सुनेर नारदजीले भन्नुभयो- 'हे कुमार हो ! भागवतलाई जहाँबाट निकालिएको हो ती सारा वेदशास्त्र पढेर सुनाउँदा सत्कर्म नहुने अनि तिनै शास्त्रबाट निकालिएको भागवतचाहिँ कसरी सत्कर्म हुन्छ त ?'

कुमार ऋषिले भन्नुभयो- 'हे नारदजी ! आँपको रूखमा जरादेखि टुप्पासम्म रस भरिएको भए पनि त्यो रस पान गर्दा मीठो हुँदैन, तर त्यही रस नै सारको रूपमा जब पाकेको फलमा प्रवेश गर्दछ अनि त्यो सबैका लागि सुस्वादु बन्दछ, त्यही रस सबैका लागि उपयोगी पनि हुन्छ अथवा दूधमा घिउ हुन्छ तर त्यहाँ घिउको स्वाद थाहा पाइँदैन, तर त्यही दुधलाई मथन गरेर घिउ अलग गरेपछि त्यो देवताहरूका लागि समेत स्वादवर्धक हुन जान्छ । त्यस्तै-भागवतको कथा भनेको सम्पूर्ण वेद, उपनिषद् र शास्त्रहरूको सारको रूपमा तयार गरिएको छ, त्यसैले उनीहरूभन्दा यो पृथक् छ । वेदव्यासजीले भक्ति, ज्ञान, वैराग्य र तपस्याको वृद्धिका लागि नै भागवतको निर्माण गर्नुभएको हो । अतः उनीहरूको दुःख नाश गराउन भागवत नै सुनाउनुपर्दछ ।

सनकादिको यस्तो उपदेश सुनेर नारदजीले भन्नुभयो- 'हे ऋषि हो ! मनुष्यहरूलाई अनेकौं जन्मको पुण्यको उदय भएपछि सत्सङ्ग गर्ने अवसर मिल्दछ र त्यो सत्सङ्गको प्रभावले उसले आफूभित्र भएको मोह र अज्ञानलाई नाश गराएर महान् विवेक प्राप्त गर्दछ ।' ००

# कविताले मनका पीडा भुलाइदिन्छ

*– भवानी न्यौपाने 'भावना'*

**तपाईंको बुझाइमा साहित्य भनेको के हो र तपाईं साहित्य तर्फ किन र के कारणले आकर्षित हुन भयो ?**

– साहित्य मानव जीवनको अत्यन्त महत्वपूर्ण पाटो हो । साहित्य समाजको दर्पण हो । यसलेसमाजका हरेक पक्षलाई प्रकाश पारेको हुन्छ, सहयोग गरेको हुन्छ । साहित्य बिनाको जीवन अन्धो जस्तै हुन्छ । मलाई एउटा साहित्यिक परिवारमा जन्मेको कारण साहित्य मन पर्ने विषय बन्न पुग्यो, सानैदेखि अत्यन्त जिज्ञासु बानी थियो, समाजमा घटेका घटना, सामाजिक, लैङ्गिक भेदभावले मलाई लेख्न उत्प्रेरित गरायो ।

**तपाईंको पहिलो कृति कुन हो ? र त्यसले नेपाली समाजलाई दिने सन्देश के हो ?**

– मेरो पहिलो कृति भावनाका बिम्बहरू हो । यस कृतिले देशमा देखिने लैङ्गिक विभेद, सामाजिक विकृति, विसङ्गति, अन्याय बारे सचेत रहन र त्यस विरूद्ध आवाज उठाउन सन्देश दिएको छ । आफ्नो जन्मभूमिप्रति अगाध माया दिनुपर्छ, आफ्नो श्रम, कला आफ्नै देशमा पोख्नु पर्छ । अर्काको देशमा बगाउने पसिना आफ्नै माटोमा पोख्नु पर्छ भन्दै अहिले विदेशतिर गएर युवाविहीन बनेको देशमा घर फर्कन समस्त नेपाली युवाहरूलाई सन्देश दिएको छ ।


**कविता किन लेख्नु हुन्छ ? र तपाई लेखाइबाट सन्तुष्ट हुनुहुन्छ त ?**


– म मेरो आत्मसन्तुष्टिका लागि कविता लेख्छु, मलाई कविता लेख्दा धेरै खुसी मिल्छ त्यति खुसी अरू कहिँबाट पाउन सकेकी छैन । अर्को कुरा, समाजको अन्याय र विकृति, देशको राजनीतिक अवस्थाले मलाई कविता लेख्न मन लाग्छ । मलाई कविता लेख्दा पूर्णसन्तुष्टि मिल्छ । कहिले समाजको भोगाइ लेख्छु, कहिले आफ्नै जीवनमा घटेका घटनाले लेख्न लगाउँछ कविता । कहिलेकाही लेख्दै गर्दा मनका पीडा समेत कविताले भुलाइदिन्छ अनि खुशीमा हराएर दिन बित्छ ।



**'भावनाका बिम्बहरू' पछि 'भावनाका उद्भाष' किन जन्मियो र तपाईंको यो नयाँ कृति केका लागि, किन पढ्ने ?**

– 'भावनाका बिम्बहरू' पछि 'भावनाका उद्भाष' जन्मनुको कारण मेरो साहित्यप्रतिको गहिरो समर्पणप्रति अग्रजहरूबाट पाएको प्रेरणा र देशका विभिन्न जिल्ला एवं भारतका दुई अन्तर्राष्ट्रिय साहित्य सम्मानको कारण हो । मेरा सम्पूर्ण अग्रजको प्रेरणा हो । विशेष त दिनरात कविता लेख, छन्दमा लेख, छिटो लेख भनेर मलाई घच्घच्याइरहने आदरणीय गुरू ऋषिप्रसाद लामिछाने गोर्खे साइलोको प्रेरणाले दोस्रो कृति जन्मन सफल भएको हो । मेरो यो कृति समाजका लागि, सामाजिक अन्याय, लैङ्गिक विभेद, विकृतीबाट सचेत रहन र त्यसको अन्त्य तर्फ पाइला चलाउनकै लागि हो ।




**नेपालमा साहित्यकारहरूको अवस्था हिजो कस्तो थियो र आज कस्तो छ ? लेखेर बाँच्न सकिन्छ त ?**

– नेपालमा साहित्यकारहरूको अत्यन्तै ठूलो भूमिका पहिलेदेखि नै रहँदै आए पनि राज्यले साहित्यप्रतिको लगानीमा चासो नदिँदा खासै सहज त भएन साहित्यकारहरूलाई । विभिन्न चुनौती सामना गर्दै आफ्नो कलम चलाए साहित्यकारले । साहित्यले हरेक नागरिकहरूलाई अत्यन्त राम्रो सन्देश दिँदै समाज रूपान्तरणको अहम् भूमिका निभाउँदै आएको छ । साहित्य लेखेर मात्र जीवन चल्न सक्दैन, बाँच्नका लागि अन्य पेसा अपनाउनु पर्छ । पहिले र अहिलेको तुलना गर्दा केही कुरा उस्तै छन् । केही सुधार भएका छन् । पारिवारिक जीवन गुजार्न मुस्किल हुने भएकोले साहित्यकारलाई अन्य काम गर्नुपर्ने हुन्छ । राज्यले साहित्यप्रति आर्थिक लगानी गर्नुपर्ने हुन्छ । त्यसको लागि हरेक क्षेत्रबाट पहल गरिनु पर्दछ ।

**तपाईंलाई मन पर्ने साहित्यिक श्रस्टाहरू को-को हुनुहुन्छ ? र मनपर्ने साहित्यहरू कुन कुन हुन् ?**

– मलाई मनपर्ने साहित्यकारहरू माधव घिमिरे, निर्मोही व्यास, मुकुन्द शर्मा र गोर्खे साइँलो लगायतका हुनुहुन्छ । मलाई कविता, गजल, कथा, नियात्रा, गीत मन पर्छ । राष्ट्रियताले भरिपूर्ण सन्देशमूलक हरेक खाले स्तरीय साहित्य मलाई मनपर्छ ।

**मान्छेको जीवन, यो जगत, भगवान र माया-प्रेमको परिभाषा तपाईंको शैलीमा प्रस्ट पारिदिनु हुन्छ कि ?**

– वास्तवमा भन्ने हो भने मानवीय जीवन र जगत भनेको एक अर्काका परिपुरक हुन्, जीवनको आधार जगत हो र जगतको सृष्टि भन्नु नै यावत जीवात्मा र जीवन हो भन्ने मलाई लाग्छ । समाज र राष्ट्रप्रति प्रतिबद्ध भई पारिवारिक जिम्मेवारी सम्हाल्दै हरेक काम सोचेर, बुझेर सबैको हितमा सेवा गर्न पाइरहने जीवन नै सफल जीवन हो । यी हरफहरूभित्रै तपाईंको यो प्रश्नको उत्तर अटाउँछन् । यहाँबाट सदासर्वदा यस्तै सहयोगको अपेक्षा पनि गर्दछु । अग्निचक्र मासिकलाई धन्यवाद ।

# अध्यक्ष ढकालद्वारा एनआरएनएको नवौं क्षेत्रीय सम्मेलनलाई सम्बोधन



**आईएमई ग्रुपका अध्यक्ष** चन्द्र प्रसाद ढकालले अमेरिकास्थित न्यू जर्सीमा यहि २७ अगष्टदेखि शुरू भएको गैर आवासीय नेपाली संघको नवौं क्षेत्रीय सम्मेलनलाई नेपाल उद्योग वाणिज्य महासंघ तथा नेपालको समग्र नीजि क्षेत्रको तर्फबाट सम्बोधन गर्नु भयो ।


उक्त उद्घाटन सत्रमा मन्तव्य व्यक्त गर्दै अध्यक्ष ढकालले राजनीतिक स्थायित्वपछि मात्र नेपालमा लगानी गरौंला भनेर प्रतीक्षा नगर्न सबै गैर आवासीय नेपालीलाई अनुरोध गर्नुभयो । उहाँले सबै राजनीतिक दल र सरकारले देशको आर्थिक विकासमा प्रतिवद्धता व्यक्त गर्दै आएकाले पनि नेपालमा लगानी गर्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघको अन्तर्राष्ट्रिय तथा गैर आवासीय नेपाली लगानी प्रवर्द्धन समितिका सभापति समेत रहनुभएका अध्यक्ष ढकालले आफूले गैर आवासीय नेपाली सम्मेलनमा निरन्तर सहभागिता जनाउँदै आएको पनि बताउनुभयो ।

साथै, उहाँले नेपालको नीजि क्षेत्र गैरआवासीय नेपालीहरूसँग सहकार्य गरी देशको आर्थिक विकास गर्न तयार रहेको बताउनुभयो । अगष्ट २७ र २८ गरी दुई दिन चल्नेउक्त सम्मेलनमा नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरू, उद्योगपति एवं एनआरएन पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।



**स्वस्थ जीवनका लागि दुग्ध विकास संस्थानका उत्पादनहरू सेवन गर्ने बानी बसालौं ।**





आईएमई सेवाग्राही
मैले बनाएको हो नं. १
हो, सर्वाधिक परिमाणमा रेमिटेन्स भित्र्याएबापत सीआईपी सम्मान २०१४ बाट सम्मानित आईएमईलाई उनीजस्तै स्वदेशमा रहेका लाखौं सेवाग्राहीहरूले देखाएको विश्वासले बनाएको हो नेपालको नं. १ रेमिटेन्स कम्पनी ।
IME
International Money Express
नेपालको नं. १
रेमिटेन्स कम्पनी
— सीआईपी सम्मान २०१४ को विजेता —
ime गरौं
+977 1 4430600
+977 1 4425800
Toll Free
16600 151515
www.imeremit.com
IME Complex , Panipokhari,
Kathmandu, P.O. Box: 19797, Nepal
facebook.com/imeremit
imeinfo@imeremit.com

# स्रष्टाको कृति स्रष्टाबाटै विमोचन




शब्दार्थ प्रकाशनको १२ औँ वर्ष प्रवेशको उपलक्ष्यमा विनयकुमार शर्मा नेपालद्धारा प्रणीत पुनरावृत्ति निबन्धसङ्ग्रह, मृत्युबोध कविता सङ्ग्रह र विनोदकुमार श्रेष्ठद्वारा रचित 'द स्प्रिङ लभ' उपन्यास प्रज्ञा प्रतिष्ठानमा एकसाथ **'स्रष्टाको पुस्तक स्रष्टाबाटै'** भन्ने अभियानका साथ विमोचन गरिए । उक्त अवसरमा प्रा.डा. कृष्णप्रसाद दाहालले दर्शनको खुड्किला टेकेर विचारको तुलनात्मक तर्कवितर्क गर्दै बौद्धिकतामा पुनरावृत्तिले नयाँ बहस ल्याएको बताउनुभयो । डा. रामप्रसाद ज्ञवालीले मृत्युबोधभित्र जीवनबोधको शृङ्खला संयोजन दार्शनिक तरिकाले उत्कृष्ट शैलीमा बुनिएको र प्रशस्त बौद्धिक खुराक रहेको बताउनुभयो । डा. लेखप्रसाद निरौलाले शरीरले स्पाइनर कर्ड इन्जुरी भएर कम्मर तलको भाग नचले पनि दिमागले सशक्त उपन्यास लेखेकोमा लेखक श्रेष्ठको सह्राना गर्नुभयो । सभापति र प्रमुख अतिथि कसैलाई नबनाइएको उक्त कार्यक्रम सञ्चालन दुर्गाप्रसाद नेपाल र साक्षीको रूपमा वयोवृद्ध कोषकार वसन्तकुमार शर्मा नेपाललाई राखिएको थियो भने स्वागत मन्तव्य कवि ठाकुर शर्माले गर्नु भएको थियो । ००





**शब्दार्थ प्रकाशन**

**चावेल,गणेशस्थान, काठमाडौँ फोनः ०१-४४९७३५१, ९८४१४९६१०३**

१३५ उपनिषत्सङ्ग्रह

www.nepalipublisher.com

विधाकेन्द्रित साहित्यिक पत्रिका

वैजयन्ती



उपनिषत् ■ **वसन्तकुमार शर्म्मा नेपाल**

# आत्मोपनिषत् – १५

*यत्र नात्मप्रपञ्चोऽयमपन्हवपदं गतः ।*
*प्रतियोगिविनिर्मुक्तः परमात्माऽवशिष्यते ।*
*ॐ भद्रं कर्णेभिरिति शान्तिः ।*

*हरिःॐ । अथाङ्गिरास्त्रिविधः पुरुषस्तद्यथा-बाह्यात्माऽन्तरात्मा परमात्मा चेति । त्वक्चर्ममांसरोमाङ्गुष्ठाङ्गुल्यःपृष्ठवंशनखगुल्फोदरनाभिमेढ्रकटचूरु-कपोलश्रोत्रभ्रूललाटबाहुपार्श्वशिरोधमनिकाऽक्षीणि भवन्ति जायते म्रियत इत्येष बाह्यात्मा । अथान्तरात्मा नाम पृथिव्यपस्तेजोवाय्वाकाशेच्छाद्वेषसुखदुःखकाममोह-विकल्पनादिभिः स्मृतिलिङ्ग उदात्तानुदात्तह्रस्वदीर्घलुप्तस्खलितगर्जितस्फुटितमुदित-नृत्तगीतवादित्रप्रलयविजृम्भितादिभिः श्रोता घ्राता रसयिता मन्ता बोद्धा कर्ता विज्ञानात्मा पुरुषः पुराणन्यायमीमांसाधर्मशास्त्राणीति श्रवणघ्राणाकर्षण-कर्मविशेषणं करो-त्येषोऽन्तरात्मा नाम । अथ परमात्मा नाम यथाक्षर उपासनीयः । स च प्राणायाम-प्रत्याहारधारणाध्यानसमाधियोगानुमानाध्यात्म-चिन्तकं वटकणिका वा श्यामाकतण्डुलो वा वालाग्रशतसहस्त्रविकल्पनाभिः स लभ्यते नोपलभ्यते न जायते न म्रियते न शुष्यति न क्लिद्यते न दह्यति न कम्पते न भिद्यते न च्छिद्यते निर्गुणः साक्षीभूतः । शुद्धो निरवयवात्मा केवलःसूक्ष्मो निष्कलो निरञ्जनो निर्विकारः शब्दस्पर्शरूपरसगन्धवर्जितो निर्विकल्पो निराकाङ्क्षाः सर्वव्यापी सोऽचिन्त्यो निर्वर्ण्यश्च पुनात्यशुद्धान्यपूतानि । निष्क्रियस्तस्य संसारो नास्ति । आत्मसंज्ञः शिवः शुद्ध एक एवाद्वयः सदा । ब्रह्मरूपतया ब्रह्म केवलं प्रतिभासते ।१। जगद्रूपतयाप्येतद् ब्रह्मैव प्रतिभासते । विद्याऽविद्यादिभेदेन भावाऽभावादिभेदतः ।२। गुरुशिष्यादिभेदेन ब्रह्मैव प्रतिभासते । ब्रह्मैव केवलं शुद्धं विद्यते तत्त्वदर्शने ।३। न च विद्या न चाविद्या न जगच्च न चापरम् । सत्यत्वेन जगद्भानं संसारस्य प्रवर्तकम् ।४। असत्यत्वेन भानं तु संसारस्य निवर्तकम् । घटोऽयमिति विज्ञातुं नियमः को न्वपेक्षते ।५। विना प्रमाणसुष्ठुत्वं यस्मिन्सति पदार्थधीः । अयमात्मा नित्यसिद्धः प्रमाणेसति भासते ।६। न देशंनापिकालंवा न शुद्धिं वाप्यपेक्षते । देवदत्तोऽहमित्येतद्विज्ञानं निरपेक्षकम् ।७। तद्वद्ब्रह्मविदोऽप्यस्य ब्रह्माहमिति वेदनम् । भानुनेव जगत्सर्वं भास्यते यस्य तेजसा ।८। अनात्मकमसत्तुच्छं किं नु तस्याव-भासकम् । वेदशास्त्रपुराणानि भूतानि सकलान्यपि ।९। येनार्थवन्ति तं किं नु विज्ञातारं प्रकाशयेत् । क्षुधां देहव्यथां त्यक्त्वा बालः क्रीडति वस्तुनि ।१०। तथैव विद्वान्रमते निर्ममो निरहं सुखी । कामान्निष्कामरूपी सञ्चरत्येकचरो मुनिः ।११। स्वात्मनैव सदा तुष्टः स्वयं सर्वात्मना स्थितः । निर्धनोऽपि सदा तुष्टोऽप्यसहायो महाबलः ।१२। नित्यतृप्तोऽप्यभुञ्जानोऽप्यसमः समदर्शनः । कुर्वन्नपि न कुर्वाणश्चाभोक्ता फलभोग्यपि ।१३। शरीर्यप्यशरीर्येष परिच्छिन्नोऽपि सर्वगः । अशरीरं सदा सन्तमिदं ब्रह्मविदं क्वचित् ।१४। प्रियाप्रिये न स्पृशतस्तथैव च शुभाशुभे । तमसा ग्रस्त-वद्भानादग्रस्तोऽपि रविर्जनैः ।१५। ग्रस्त इत्युच्यते भ्रान्त्या ह्यज्ञात्वा वस्तुलक्षणम् । तद्वद्देहादिबन्धेभ्यो विमुक्तं ब्रह्मवित्तमम् ।१६। पश्यन्ति देहिवन्मूढाः शरीरा-भासदर्शनात् । अहिनीर्ल्वयनीवायं मुक्तदेहस्तु तिष्ठति ।१७। इतस्ततश्चाल्यमानो यत्किंचित्प्राण-वायुना । स्रोतसा नीयते दारु यथा निम्नोन्नतस्थलम् ।१८। दैवेन नीयते देहो तथा कालोपभुक्तिषु । लक्ष्यालक्ष्यगतिं त्यक्त्वा यस्तिष्ठेत्केवलात्मना ।१९। शिव एव स्वयं साक्षादयं ब्रह्मविदुत्तमः । जीवन्नेव सदा मुक्तः कृतार्थो ब्रह्मवित्तमः ।२०। उपाधिनाशाद्ब्रह्मैव सदब्रह्माप्येति निर्द्वयम् । शैलूषो वेषसद्भावाभावयोश्च यथा पुमान् ।२१। तथैव ब्रह्मविच्छ्रेष्ठः सदा ब्रह्मैव नापरः । घटे नष्टे यथा व्योम व्योमैव भवति स्वयम् ।२२। तथैवोपाधिविलये ब्रह्मैव ब्रह्मवित्स्वयम् । क्षीरं क्षीरे यथा क्षिप्तं तैलं तैले जलं जले ।२३। संयुक्तमेकतां याति तथाऽऽत्मन्यात्मविन्मुनिः । एवं विदेहकैवल्यं सन्मात्रत्वमखण्डितम् ।२४। ब्रह्मभावं प्रपद्यैष यतिर्नावर्तते पुनः । सदात्मकत्वविज्ञानदग्धाविद्यादिवर्ष्मणः।२५। अमुष्य ब्रह्मभूतत्वाब्रह्मणः कुत उद्भवः । मायाक्लृप्तौ बन्धमोक्षौ न स्तः स्वात्मनि वस्तुतः ।२६ । यथा रज्जौ निष्क्रियायां सर्पाभासविनिर्गमौ । अवृतेः सदसत्त्वाभ्यां वक्तव्ये बन्धमोक्षणे ।२७। नावृतिर्ब्रह्मणः काचिदन्याभावादनावृतम् । अस्तीति प्रत्ययो यश्च यश्चनास्तीति वस्तुनि ।२८। बुद्धेरेव गुणावेतौ न तु नित्यस्य वस्तुतः । अतस्तौ मायया क्लृप्तौ बन्धमोक्षौ न चात्मनि ।२९। निष्कले निष्क्रिये शान्ते निरवद्ये निरञ्जने । अद्वितीये परे तत्त्वे व्योमवत्कल्पना कुतः ।३०। न निरोधो न चोत्पत्तिर्न बद्धो न च साधकः । न मुमुक्षुर्न वै मुक्त इत्येषा परमार्थता ।३१। इत्युपनिषत् । हरिः ॐ तत्सत् ।*

*

आत्मप्रपञ्च, छल्छाम, प्रतियोगीविना जहाँ
सच्चित्सुख परब्रह्म साध्न पाऊँ बसूँ त्यहाँ !

ॐ भद्रं कर्णेभिः शान्तिः ! शान्तिः !! हरिः ॐ अनि अंगिराले तीन प्रकारको आत्मा जन्माए (कल्पना गरे): आत्मा, अन्तरात्मा र परमात्मा नामका । छाला अत्तरछाला मासु रौ बूढी र अन्य औंला पिठिउँ ढाड नङ गोलीगाँठो भुँडी नाइटो अण्ड कमर तिघ्रा कन्पारा कान भौं निधार हात पाखुरा कोखा शिर आँखा आदि साथै जन्मन्छन् र संयुक्ततः त्यो मर्छ भनिने आत्मा हो ।

अनि अन्तरात्मा भनिने चाहिँ पृथ्वी जल तेज वायु आकाश इच्छा द्वेष सुख दुःख काम मोह तर्क वितर्क कल्पना संझना आदि चिन्ह उदात्त अनुदान ह्रस्व दीर्घ प्लुत चिप्लाइ गिराइ फुटाइ खुसाइ नाच गान बजान प्रलय जुरमुराइ आदिले सुन्ने सुङने स्वाद लिने नेता कर्ता ज्ञानविज्ञान गर्ने व्यक्ति पुराण न्याय मीमांसा धर्मशास्त्र आदिहरू सुन्नु सुङ्नु तान्नु आदि कामविशेष गर्छ, त्यो अन्तरात्मा भो ।

अनि परमात्मा भनिने चाहिँ अक्षरअनुसार (पदमुताबिक) उपासना गरिन्छ । त्यो पनि प्राणायाम प्रत्याहार धारणा ध्यान समाधि योग अनुमानले आत्माभित्रै (आफैंमा) सोच्ने वरको बीज अथवा सामा चामल वा केटाकेटीका सुरुका शृङ्खलाबद्ध विकल्पनाहरूका साथ त्यो भेट्टाइन्छ भेट्टाइँदैन जन्मन्न मर्दैन सोभिन्न रुझ्दैन थिचोमिचो भोग्दैन पोलिन्न काँप्दैन फोरिन्न छेडिन्न निर्गुणको साछी बनेर शुद्ध बिनुजीउको आत्मा केवल सूक्ष्म निर्मल (मेरो नठान्ने; निष्ठुर) निरञ्जन (दोषखोटहीन) निर्विकार ( विकार वा हेरफेर हीन) शब्द स्पर्श रूप रस गन्ध नभएको निर्विकल्प ( ज्ञाता ज्ञेयको भेदै नहुने अवस्थाको) निराकाङ्क्ष (चाह इच्छा नभएको) सर्वव्यापी (घटघटव्यापक) त्यो अचिन्त्य (सोचेर संझेर नभ्याइने) निर्वर्ण्य (वर्ण वा वर्णन दिनै नसकिने) अपूत (बिटुलो) जतिलाई अशुद्ध जतिलाई चोख्याइन्छ । त्यो निष्क्रिय छ, उसको संसार छैन । आत्म (ब्रह्म) संज्ञ ( नामको) छ, शिव (सर्वोच्च सुख) शुद्ध (कन्चन र पारदर्शी) छ, निरन्जन ( जहिले पनि ) एउटैमा छ, जोडा (दोस्रो) छैन । ब्रह्मरूप हुनाले केवल ब्रह्ममात्र झल्कन्छ र यो जगत्कै रूप लिएको बेलामा पनि ब्रह्मै झल्कन्छ । विद्या र अविद्याको भाव र अभावको भेदले र गुरु-शिष्यको

भेदद्वारा पनि त्यो ब्रह्मै देखिन्छ । तत्त्वदर्शनमा पनि केवल ब्रह्म मात्र शुद्ध भेट्टाइन्छ । त्यो विद्या पनि होइन, अविद्या पनि होइन, जगत् पनि होइन, अर्कै वस्तु पनि होइन, सत्यताको आधारमा हेर्दा जगतै हो भन्ने लाग्छ, किनकि जगत्‌लाई प्रवर्तन र परिवर्तन गरिरहेको देखिन्छ ।

असत्यताको आडमा हेर्ने हो भने संसारबाट परिवर्तन गरिरहेको रूप देखिन्छ, यो घट (गाग्रो वा शरीर) भनेर जान्न सजिलै छ, तर त्यसको नियम (कारण) को खोजिरहन सक्छ र ? विनाप्रमाणको सुन्दरता जसमा भएपछि पदार्थधी भइहाल्छ । प्रमाण मिलेपछि त यो आत्मा हो भन्ने नित्य सिद्ध भइजान्छ, त्यो स्पष्ट झल्किहाल्छ । त्यसले देश (ठाउँ) पनि खोज्दैन, काल पनि खोज्दैन र शुद्ध-अशुद्ध पनि खोज्दैन । म देवदत्त हुँ भन्ने विज्ञान निरपेक्ष भो, त्यस्तै ब्रह्मज्ञहरू पनि म ब्रह्म हुँ भन्ने स्पष्ट जान्दछन् । सूर्यद्वारा नै समस्त जगत् त्यही ब्रह्मको तेजले उजिल्याएको छ । अनात्मक, असत् र तुच्छ चीज के त ब्रह्ममा झल्कन्छ र ? त्यो त अवभासक हो । वेदशास्त्र र पुराणहरू र प्राणीहरू सबका सब त्यस्तै हुन् । जससँग अर्थ निस्कन्छ, त्यसलाई विज्ञाताहरू के त प्रकाश नगरून् ? भोकरूप व्यथालाई छाडेर (बेवास्ता गरेर) बालक चीजबीजमा खेल्दछ; त्यसै गरी विद्वान् पनि निर्मल निरहं र सुखी बनेर रमाउँछ ।

काम (चाहनाहरूलाई) निष्कामरूपमा लगेर मुनि एकचर (एकातिर, अन्यत्रै) हिँड्ने बनेर घुमफिर गर्छ । ऊ स्वात्माद्वारा नै सधैँ संतुष्ट स्वयं सर्वात्मा बनेर रहन्छ : निर्धन भए पनि सधैँ सुख, असहाय भए पनि मजबुत, नखाए पनि तृप्त, एक्लो भए पनि बराबर (सम) देख्ने समदर्शन, गरिरहेर पनि नगरे जस्तो, फल भोग्दै रहेर पनि निर्भोगी, शरीरी (जीउवाला) भएर पनि नभए (अशरीर) जस्तो परिच्छिन्न (सबतिरबाट अलग्ग ) भएर पनि सर्वगामी हुन्छ । सदा सर्वदा अशरीरले झैं बस्ने त्यो मुनि कुनै ब्रह्मविद्‌लाई देख्छ । ऊ प्रिय वा अप्रियमा पर्दैन, शुभ वा अशुभ छुँदैन । रविरूप जनबाट अग्रस्त रहेर पनि अंधकारले ढाकिएझैं भान पारेर बस्छ । वस्तुलक्षण नजान्नेले भ्रान्तिले गर्दा ग्रस्त छ भनाइन्छ जसरी, त्यस्तै नै देहादिको बन्धनबाट तमलाई ब्रह्म जान्ने मुनि विमुक्त तम जान्छन् अर्थात् त्यस्ता ब्रह्मज्ञ मुनिको भान गराउने तमलाई साँच्चैको ग्रस्त तम भनेर संसारीहरू झुक्किन्छन्, तर ब्रह्मज्ञ झुक्किन्न । शरीरको आभासले गर्दा मूर्खहरू देहधारी झैं (अन्यान्य प्राणी झैं) ठान्दछन्, तर ऊ ता मुक्तदेह ब्रह्मज्ञ सर्पले काँचुली नफेरे झैं चूपचाप बस्छ । किनभने काँचुली फेर्नु वा नफेर्नु उसकै अधीनको कुरो हो । यो कुरो मूर्ख अज्ञानताले गर्दा काँचुलीमै अड्छ, भर गर्छ ।

त्यो ब्रह्मवित् प्राणयुद्धारा यताउता चलाइदिंदा चलेको हुन्छ । झलले काठ (दाउरो) बगाउँछ कहिले उचालेर कहिले चुर्लुम्म झैं पारेर, त्यस्तै देह लगिन्छ, समयावधि उपभोग गरिसकेँपछि जसरी लक्ष्य र अलक्ष्य मानिने गतिलाई छाडेर ब्रह्मवित् केवल आत्मामात्र लिएर बसेको हुन्छ । त्यस्तो उत्तम ब्रह्मज्ञ साक्षात् स्वयं शिव हो, साक्षात् जीवन लिई लिईकन मुक्त कृतार्थ बनेर ब्रह्मज्ञान गर्दै उत्तम ढङ्गले बस्छ । उपाधि नासिएपछि ऊ ब्रह्म नै भैगो । सत् ब्रह्म भएपछि त निर्द्वय-निर्द्वैत हुन पुगिहाल्छ । चोट्टा अभिनयकारको भेश झैं भए पनि नभए पनि त्यो व्यक्ति अभिनय त गरिहाल्छ । त्यस्तै गरी नै श्रेष्ठ ब्रह्मज्ञाता निरन्तर ब्रह्म नै देख्दछ, ब्रह्म नै चिन्दछ । जस्तो कि घट (वस्तु) हराएपछि आकाश (त्यो ठाउँ खाली) हुन्छ, वास्तवमा घट त्यहाँ हुनु भन्दा पहिले पनि ब्रह्मवित् स्वतः ब्रह्म भैजान्छ, जसरी दूधमा दूध, तेलमा तेल, जलमा जल एकनास हुन्छ । ब्रह्मवित् र ब्रह्म अर्कै त हुँदै हुन्न, अद्वय बन्छ । संयुक्त एकतामा पुग्छ, जस्तो आत्मवित् आत्मामा मिल्छ । यसै किसिमले विदेह कैवल्य सन्मात्र अखण्डित छ र त्यो मुनि ब्रह्मभावमा पुगेर फेरि चौरासीमा रिङ्न आउन्न । निरन्तर आत्मकत्व विज्ञानका रापले बलिसकेको अविद्या आदिको शरीरवाला ऊ ब्रह्म भइसकेको हुनाले अब ब्रह्मको जन्म हुने त कुरै रहेन ।

वास्तवमा मायाद्वारा चेपिएका बन्धन र मोक्ष ती दुइटै हाम्रा स्वात्माभित्रै बस्दछन् । जसरी डोरी निष्क्रिय पनमा सर्प हैन भन्ने भएपछि, नबेरिएको सत्य र असत्यको बन्धन र मोक्ष भन्ने लायक कुरा हो नि ! ब्रह्मको कहीं पनि आवृति (फन्को, चक्कर) हुँदै हुन्न । कुनै अन्यभावले नढाकिने हो ब्रह्म त । 'छ' भन्ने जुन विश्वास हो, 'छैन' वा 'हुँदै होइन' भन्ने वस्तुहरूमा पनि यस्तो भ्रमै छैन । यसै कारण यहाँनिर यति स्पष्टतया भनिदिनै पर्दछ कि 'मायाद्वारा चेपिएका ती दुवै बन्धन र मोक्ष भनिने चीजकै आत्मामा-आत्मानेर अस्तित्त्वै छैन । निष्कल, निष्क्रिय शान्त निरवद्य निरञ्जन अद्वितीय पर तत्त्वमा आकाश झैं कल्पना बिच्छ्याउने ठामै कहाँ हुनु र त ?' अनि त्यसको त न निराधै हुन्छ, न उत्पत्ति नै हुन्छ, त्यो न बन्धितै हो, न साधक नै हो ! मुमुक्षु हो, न मुक्त नै हो, यही नै परमार्थता हो, परमार्थज्ञान हो, बस् ! यति हो उपनिषत् पनि ।

ॐ भद्रं कर्णेभिः शान्तिः ! शान्तिः !! शान्तिः !!! हरिः ॐ तत्सत् ।



**कल्पना (प्रसाई) पाठक**

## सिर्जना

*सबको हालत उस्तै हुन्छ बुढ्यौलीले छुँदाखेरी*
*रून्छ मन सन्तानबाट तिरस्कृत हुँदाखेरी*

*तिम्रो जस्तै मेरो पनि थियो जवानी र जोस*
*तिखा वचनले खोल्यौ मेरो बुढ्यौलीको होस*

*गर्व लाग्थ्यो हात समाउँदै तिमी ताते गर्दाखेरी*
*लाज लाग्ला तिमीलाई त मेरो नजिक पर्दाखेरी*

*आफु भोकै बसेर नी तिम्रो पेट भरेकै थें*
*तिम्लाई खुसी दिलाउन अनेक कष्ट गरेकै थें*

*उमेरले डाँडा काट्दा सबै भए पर पर*
*ढल्यो उमेर एक्लै भए अब मेरो को नै छर*

*शरीर जस्तै बुढो भयो आज मेरो बस्ने घर*
*अस्ताउने घाम भएँ सन्तान भए पर पर*

*तिमी जस्तै नबनुन् कहिल्यै तिम्रा ति सन्तान*
*तिम्रो दुःख बुझ्न सक्ने बनुन् अति महान्*

---

*अलि अलि नखरा रिसाको जस्तो*
*नपार मन फुटेको सिसाको जस्तो*

*पाइला मोडी गए पछि किन गर्छौ*
*मै संग फेरि माँया मिसाको जस्तो*



# काठमाडौं चन्द्रागिरिमा केबलकार सररर


नेपालको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्ने मुख्य अभिप्रायका साथ चन्द्रागिरि केबलकारको परिकल्पना गरिएको हो । जुन अहिले चन्द्रागिरि हिल्स लिमिटेडका नाममा सञ्चालनमा आईसकेको छ ।



दक्ष प्रजापतिको यज्ञमा होमिएकी सतीदेवीको मृत शरीरलाई महादेवले बोकेर हिँड्दा जहाँ सतीदेवीको भाल अर्थात निधार पतन भयो, त्यस ठाउँमा 'भालेश्वर' महादेव उत्पन्न भएको भन्ने पौराणिक कथन छ । चन्द्रागिरि हिल्सको टप स्टेसनमा भालेश्वर मन्दिर अवस्थित भएकाले धार्मिक पर्यटनको प्रवर्द्धनमा पनि यसको उत्तिकै महत्व छ ।

यस स्थानमा विराजमान भालेश्वर महादेवले भक्तजनको मनोकांक्षा पूरा गर्ने हुनाले यस मन्दिरलाई 'इच्छापुरेश्वर' वा 'इच्छेश्वर' पनि भनिन्छ । यहाँको दर्शन गर्नाले इच्छापूर्ति भई अन्त्यमा शिवलोकमा बास हुने जनविश्वास रही आएको छ ।







चन्द्रागिरिको टाकुरो नेपाल एकीकरणका अभियान्ता पृथ्वीनारायण शाहसँग पनि जोडिएको छ । त्यहि ऐतिहासिक स्थानबाट प्रचुर सम्भावना भनिएको नेपालको पर्यटन उद्योगलाई सञ्चालन प्रवर्द्धन गर्ने ठूलो परियोजना संञ्चालनमा आइसकेको छ ।

काठमाडौँस्थित थानकोट चेकपोष्टबाट झन्डै १.५ किलोमिटर बायाँ (उत्तरतर्फ) गएपछि बेस स्टेसन भेट्न सकिन्छ । त्यहाँबाट अत्याधुनिक अष्ट्रियन प्रविधिको प्रयोग गरेर निर्माण भएका ३८ वटा गोन्डोला (केबुलकार) ले चन्द्रागिरिको टप स्टेसनसम्म १ देखि १४ मिनेटको समयमा झन्डै २.५ किलोमिटरको दुरी पार गराउछन् । टप स्टेसनमा अवतरणपछि केहि समयको पैदल दुरी पार गरेर 'भालेश्वर महादेव' को दर्शन गर्न सकिन्छ ।

यसका अतिरिक्त चुचुरोबाट मनोरम हिमशृंखला एवं उपत्यकाको दृश्यावलोकन गर्न सकिन्छ । बच्चाबच्चीको मनोरञ्जनका लागि बाल उद्यान, छुट्टी मनाउनेका लागि बार, सभा-सम्मेलनका लागि थ्री डी हल र भ्युटावर रेष्टुरेन्टले यहाँको सौन्दर्यमा अझै विविधता थपेका छन् । सुविधासम्पन्न बुटिक होटल यहाँ रात काट्न चाहानेका लागि निर्माणाधीन अवस्थामा छ ।

(इतिहासविद दिनेश राज पन्तको अध्ययनमा आधारित)






# नेपालको संविधानमा नागरिकता सम्बन्धी प्रावधान

- कुनै पनि नेपाली नागरिक नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नहुने ।
- प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको ।
- संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका व्यक्ति नेपालको नागरिक हुने ।
- वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको बाबु वा आमाको नामबाट लैङ्गिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र पाउने ।
- नागरिकको परिचय खुल्ने गरी अभिलेख राखिने ।

**नेपाली नागरिकता प्राप्त हुने अवस्था :-**

**१. वंशजको नागरिकता**

- संविधान प्रारम्भ हुनु भन्दा अघि वंशजको नागरिकता प्राप्त गरेका व्यक्ति,
- जन्म हुदाँ कुनै व्यक्तिको बाबु वा आमा नेपालको नागरिक रहेको अवस्थामा त्यस्तो व्यक्ति,
- संविधान प्रारम्भ हुनुभन्दा अघि बाबु र आमा दुवैले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका सन्तान बालिग भएपछि,
- नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म,
- नेपालको नागरिक आमाबाट नेपालमा जन्मभई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति,

तर बाबु विदेशी नागरिक ठहरेमा संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुने,

- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको, निज नेपालमा नै स्थायी बसोबास गरी निजले विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको र नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्ति ।

नागरिकता प्राप्त गर्दाका बखत आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने । धारा (११) (७)

**२. अंगिकृत नागरिकताप्राप्त गर्न सक्नेः**

**क. विदेशी नागरिकले संघीय कानून बमोजिम अंगीकृत नागरिकता प्राप्त गर्न सक्ने ।**

**ख. वैवाहिक अंगिकृत देहाय बमोजिम प्राप्त गर्न सकिने ।**

- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले संघीय कानून बमोजिम,
- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिकबाट जन्मिएको, नेपालमा नै स्थायी बसोवास गरेको र विदेशी नागरिकता प्राप्त नगरेको व्यक्तिले संघीय कानून बमोजिम ।

**नेपाल सरकार**
**कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**
**काठमाडौं ।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना विभाग**